संग्रह–१७
क्रम संख्या–१८

जातक संग्रह

[भाग - २]

(कुनै एक उपासक आदिहरूको कारणमा बताइएका कथाहरू)

आचार्य
भिक्षु अमृतानन्द

सन् १९७९ डिसेम्बर लुम्बिनी वर्षको उपलक्षमा ।

भारु. ६/-   नेरु. ८/-

लेखकका पुस्तक पुस्तिकाहरू–

(नेपाल भाषामा)

१. अग्रश्रावक
२. आर्यसत्य (द्वितीयावृत्ति)
३. कर्मविभाग
४. गृही-विनय (चतुर्थावृत्ति)
५. जातकमाला भाग–१
(द्वितीयावृत्ति)
६. जातकमाला भाग–२
(द्वितीयावृत्ति)
७. त्रिरत्नवन्दना
८. धम्मपद (द्वितीयावृत्ति)
९. धर्म व विनय
१०. धम्मपदट्ठकथा
११. प्रजापति गौतमी (द्वितीयावृत्ति)
१२. पाठ्यसूत्र
१३. बौद्धकहानी
१४. बुद्धशासनया इतिहास
१५. बुद्धजीवनी (तृतीयावृत्ति)
१६. महास्वप्नजातक (द्वितीयावृत्ति)
१७. विश्वन्तरजातक (द्वितीयावृत्ति)
१८. सर्वज्ञधातु
१९. सूत्रसंग्रह

संग्रह–१७
क्रम संख्या–१८

जातक संग्रह

[भाग – २]

(कुनै एक उपासक आदिहरूको कारणमा बताइएका कथाहरू)

आचार्य

भिक्षु अमृतानन्द

सन् १९७९ डिसेम्बर लुम्बिनी वर्षको उपलक्षमा ।

भारु. ६/-   नेरु. ८/-

प्रकाशक:
"आनन्दकुटी विहारगुठी"
(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)
आनन्दकुटी, स्वयम्भू,
काठमाडौं, नेपाल ।
फो. नं. १४४२०

बुद्धाब्द: २५२३
वि. सं. २०३६

प्रथमावृत्ति १०००

मुद्रक:
नेपाल प्रेस
काठमाडौं, नेपाल ।

Collection No. 17

JATAKA SANGRAHA
(PART II)

Bhikshu Amritananda

Lumbini Year 1979

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
NEPAL.
1979

यसमा—

प्रकाशकीय

प्रस्तुत जातक संग्रह दोश्रो भाग बुद्धकालीन ग्रन्थहरूको (आनन्दकुटी विहार गुठीको) प्रकाशन क्रमको अठारौं ग्रन्थ हो। यसप्रकारका ग्रन्थहरू प्रकाशन गर्नें लक्ष लिएर अविच्छिन्न रूपमा परिश्रम गरिरहनु भएका पूज्य अमृतानन्द महास्थविरद्वारा अनुवित भएको हो। यो संग्रहलाई पनि यस विहार गुठीले प्रकाशित गर्नें सुअवसर पाएको छ।

यसमा विभिन्न जातक सम्बन्धी महत्वपूर्ण कुराहरू ज्ञान गर्न पाउनुको साथै विशेष मनोरञ्जन समेत हुने भएकोले पाठकहरूले सरल रूपमै ज्ञान वृद्धि गर्न पाउने छन् भन्ने आशा लिएको छु।

तीर्थनारायण मानन्धर
सदस्य-सचिव
आनन्दकुटी विहारगुठी

२०३६ पौष १४

भूमिका—

यस्तो[1] साहित्य विधाभित्र कथा साहित्य आएको छ जसले पाठकहरूलाई टुनामुना लगाउँदै आफ्नो लक्षरूपी बाटोतिर सजिलैसँग बामेसर्न, हिड्न र कुद्न लगाउने प्रयासको प्रबन्धमा सधैं तत्पर भएको मात्र होइन यससँग सम्बन्धित जिगीषारूपी दौड डौडाउँदा-आर्थिक, सामाजिक, दार्शनिक, धार्मिक, मनोवैज्ञानिक र राजनैतिक खुराकहरू प्रशस्त प्रदान गर्नमा अति जनप्रिय भएको कुरालाई समालोचनात्मक अवतार लिएर आएका प्रस्तुत संग्रह भाग–२ का (२८) कथाहरूले परिपुष्टि गरेका छन् । यति मात्र होइन कथाको नाम संस्मरण वा श्रवण गर्ने बित्तिकै आफ्नो अवस्था र संस्कृति अनुसार मानिस यति विमुग्ध हुन्छ जसको उपमा दिन अन्यत्र कतै मन डुलाउन पर्ने अवस्था आइपर्दैन किन भने प्रस्तुत संग्रह नै हाम्रो हातमा छ ।

हुन पनि कथा यस्तो तत्व हो जससँग व्यक्तिगत र सामाजिक; धार्मिक र दार्शनिक; राजनैतिक र आर्थिक आदि समाजसँग सम्बन्धित

---

१. जातक कथा आदि र अन्य कथाहरूको उत्पत्ति आदिको साथै यस सम्बन्धी विशेष कुराहरू 'जातक संग्रह' भाग–१ को भूमिकामा लेखिसकेको हुनाले आवश्यक परे त्यहीं हेर्नू ।

कुनै न कुनै गुणसँग पाठक तुरन्तै परिचित हुनसक्ने मात्र होइन आफ्नो मनमा भएका कलुषित भावनाले अभिप्रेरित आन्तरिक शत्रुलाई दमन गराउने योजना मात्र बनाई हात बाँधेर नबसी यसको आमूल उच्छेदन गर्ने शक्ति समेत प्राप्तगरी अन्धानुकरणको बाटो छोडी नयाँ बाटोबाट हिड्ने बाटो देखाउँदै दायाँ बायाँ देखिने ससाना अवरोधहरूलाई पन्छाई हिड्न समेत सिकाएको छ भन्ने कुरालाई प्रस्तुत कथाहरूकै सन्दर्भमा अवगत गर्नपाइन्छ ।

हुन त यहाँ देखिएका कथातिर सिंहावलोकन गर्दा पूर्वपक्ष र परपक्ष अर्थात् यस जन्म र पूर्वजन्मका दुइ कथाको केन्द्रविन्दुतिर मूल्याङ्कन गर्न खोज्दा यौटै पात्रको जन्मजन्मान्तरसँग अन्योन्याश्रय सम्बन्ध भएको कुरा प्रष्टरूपमा देखिन्छ र यो पनि देखिन्छ कि परम्परागत संस्कार यस्तो संस्कार हो जो निर्वाणसँगसँगै मात्र अवशान हुन्छ । यतिमात्र होइन यहाँका उदीयमान कथाहरूलाई अझ गौंड गरेर अध्ययन र मनन गरेको खण्डमा पूर्वपक्षभन्दा परपक्ष नै सबल देखिन्छ । भनाइको तात्पर्य यो हो कि पूर्वपक्ष केवल कथा उद्‌गम स्थलको साधन-मात्र हो भने परपक्षका कथाहरूले पूर्णसाध्यताकोनिमित्त दावी गरेका छन् भन्ने कुरा त्यत्तिकैसँग छर्लङ्गिएको छ जति बुद्धको बुद्धत्वले मानसिक संस्कार परिवर्तनकोनिमित्त शल्यचिकित्सा गर्ने प्रकोष्ट तयार पारेको छ ।

जे होस् आधुनिक कथासाहित्यको दृष्टिकोणले हेर्दा—कथालाई जसरी सामाजिक उन्नति र अवनति, आर्थिक तथा राजनैतिक विषमता,

उत्साह र भय, प्रेम र वियोग, उपकार र अपकार आदि जस्ता विभिन्न कुराहरूको साथै व्यक्तिगत जीवनमा घटने वा घटेका कुनै भागको चित्रणरूपी ऐना मानिन्छ त्यसरी नै प्रस्तुत संग्रहलाई पनि तत्कालीन समाजको ऐना मात्र मानिने होइन अझ एक्सरे कीरणको रूपमा पनि हेर्न सकिन्छ । किनभने अतीत समयका (इहलौकिक) कुराहरूको वास्तविक ज्ञान आधुनिक कालकै बौद्धिक वर्गबाट जुन रूपमा अवगत गर्न पाउँछौं त्यही रूपमै प्रस्तुत संग्रहमा संग्रहित अतीतकाल (पारलौकिक) सँग जोडिएका कथाहरूको ज्ञान दिव्य चक्षुलाभी गौतम बुद्धबाटै प्राप्तगर्ने सौभाग्य प्राप्त भएको छ । जहाँ धार्मिक परम्पराको पृष्टभूमि अन्तरगत समाजभित्र घटेका सम्पूर्ण घटनाहरूको मूर्त चित्रलाई रोचकतापूर्ण सिनेमा हेरे झैं हेर्न पाउने विभिन्न श्रेणीहरू यहाँ निर्माण भएका छन् । जहाँ बसेर हेर्दा देखेका कुराहरूको सारांश लिन खोज्ने हो भने—समाजभित्र कुनै यस्ता मानिस पाइन्छन् जसले आफ्नो बाबुलाई देवता माने झैं वा त्यसभन्दा पनि बढी सम्मान देखाएका छन् भने कुनै यस्ता कुपुत तथा जोईटिङ्गे पनि देखिन्छन् जसले आफ्नो बाबुलाई जिउँदै खाडल खनी पुरिदिने योजना बनाएको हुन्छ । यस्तै गरी हेर्दा कुनै यस्ता बाबुहरू देखिन्छन् जसलाई छोराको मृत्युले निरुत्साह मात्र पारेको होइन संसारै विरानो बनाएको अनुभव हुन्छ भने कुनै यस्तो बाबुको अनुहार पनि देख्न सकिन्छ जसले स्वार्थ लोलुपताको कारणले गर्दा राज्यबाटै छोराले विदालिनु पर्दछ । फेरि एकातिर कुनै यस्ता साथी देखिन्छन् जसमध्ये यौटाले अर्को साथीको धन हडप्ने योजनामा तल्लीन भएको हुन्छ भने अर्कोतिर यस्ता चंखमाथिका चंख व्यापारी

साथीहरुले बुद्धि लडाएको देखिन्छ जहाँ यौटाको फाली मूसाले खाइदिएको बहानामा फाली हडप गर्न खोज्दा उल्टै त्यसको छोरोलाई बाजले उडाएर लगेको निहुमा छोरो गायब गरी फाली फीर्त्याउने योजनामा सफल हुन्छ । यस्तै यस्ता रोचक घटनाहरूको क्रममा कुनै यस्ता लोग्ने स्वास्नीसँग देखादेख हुन्छ जसलाई बाहिरबाट हेर्दा पति पत्नीमा हुनुपर्ने गुणहरू छन् भन्ने बाहिरी कल्पना गर्न सकिन्छ भने भित्रबाट हेर्दा लोग्नेको हृदय यति कठोर हुन्छ जसले आफ्नो पत्नीलाई झोकै राखी आफूले मात्र हसुर्ने योजनामा सफल भएको एकातिर पाइन्छ भने—अर्कोतिर स्वास्नीको मृत्युको कारणमा आफुलाई शोकरूपी ज्वालामा जलाइराखेको दृश्य पनि राम्ररी हेर्न सकिन्छ । यस्तै गरी हेर्दै जाँदा यस्ता कुमारीहरू पनि देखिन्छन् जसले आफ्नो प्रेमिकाको विछोडमा जीवन लीलालाई नै समाप्त पारेका छन् । फेरि कुनै यस्ता पति पत्नी पनि दृश्यमा आउँछन् जसलाई वासनात्मकताले पटक्कै छोएको देखिदैन न त ८० कोटी धनले नै । बरु सो धन बुद्धधर्मकोनिमित्त अर्पण गरी आफुहरू पनि आजीवन बुद्धधर्मकै शरणमा परी सुखको सास फेरेका देखिन्छन् भने कुनै यस्ता धनाढ्य देखिन्छन् जसले शोषण कलामा पूर्णतया निपुणता हासिल गरेका छन् । यतिमात्र होइन कुनै यस्ता भाइ पनि छन् जसलाई दाजुको मृत्युले अनाथ तुल्याएको सम्झी शोकसन्तप्त हृदय लिएर भौतारिइरहेको न पाइने होइन । कुनै यस्तो भाइ पनि नदेखिने होइन जसले दाजुको आँखामा छारोहाली धन हडप् गर्ने चालबाजी न रचेको होस् । यसरी सच्चरित्रता र दुश्चरित्रतातिर आँखा तान्दै जाँदा यस्ता रक्सीबाज, रण्डीबाज र जुवाडेहरूको जमघट

पनि देखिन्छ जसले ज्ञानवान्‌लाई मूर्ख र आफूलाई असल देखाउने चेष्टा नगरेका हुन् भन्ने कुरा पनि देख्न पाइन्छ। यस प्रकारका मानिसहरूको चरित्र अध्ययन गर्ने क्रमतिर दिलचस्पी दिन खोज्दा चाहे यस जन्मका कुरा भनौं अथवा पूर्वजन्म कै। तर सामाजिक बनोटको परम्परारूपी श्रृंखलामा खास परिवर्तन देखिदैन देखिन्छ भने बरु उल्टै तत्कालीन समयमा मानिसहरू आदर्शवादी, परोपकारी, अनुशासित, सद्‌विवेकी आदि जस्ता बढी भन्दा बढी संख्यामा पाइन्थे भने हिजो आज समाजको नाउँमा विभिन्न आदर्श देखाई आफ्नो मुँडी भर्ने योजनमा संलग्न भएका मानिसहरूको संख्या बढीभन्दा बढी पाइने कुरामा बढी सहमत हुन सकिन्छ।

यसैले यस्तो रूपमा हाम्रो अगाडि खडा भई यो संग्रहले संकेत गरेको छ कि जसले युगौं युगदेखि आजसम्मको सामाजिक संस्कार, वातावरण तथा आर्थिक र धार्मिक अवस्थाको अध्ययन गर्ने महत्वपूर्ण पृष्ठभूमि तयारपारिदिएको छ भन्ने कुरालाई यसमध्येका 'एक कुटुम्बिक तथा उपासक'को रूपमा आएका अट्ठाइस पात्रहरू यसैका साक्षीको रूपमा देखापरेका हुन् र पाठकहरूलाई सतर्कगाई सारांशमा सन्मार्गतिर जान औल्याउँदै—सुख दुःख भन्ने कुरा आफ्नै हातको खेल हो अरुबाट मात्रै त्यसै सुलभ हुने होइन—भन्दै सबैलाई उत्तम पुरुष बन्नेतिर प्रेरणा र हौसला मात्र दिएको होइन उत्तम पुरुष बन्ने बाटो पनि पहिल्याइदिएको छ भन्ने कुरालाई निम्नलिखित गाथाको अभिव्यक्तिले परिपुष्टि गरेको छ। जस्तै—

अस्सद्धो अकतञ्ञू च सन्धिच्छेदो च यो नरो ।
हतावकासो वन्तासो सवे उत्तम पोरिसो'ति ।।

(अर्थात्—जसले अन्धश्रद्धालाई विश्वास गर्दैन र जसको जन्म-मरणको सन्धि विच्छेद भइसकेको छ र जसका सबै प्रकारका आस्रवहरू हटिसकेका छन् उही नै उत्तम पुरुष हो ।)

भनाइको तात्पर्य यो हो कि मानिस भएर जन्मेपछि केवल लोभ, द्वेष, घृणा आदिमा मात्र नलागी उदार हृदय लिई सन्मार्गमा प्रवृत्त हुनु पर्दछ जसले गर्दा इहलोक तथा परलोक सुध्रने मात्र होइन जन्म-जन्मान्तरको सम्बन्ध पनि विच्छेद हुन्छ । हुनत यहाँ उत्तम पुरुषको रूपमा बुद्धलाई लिएको भएता पनि त्यत्तिकै संयम र विवेकज ज्ञान प्राप्तगर्न सके सबै बुद्धत्वमा पुग्न सक्नेछन् भन्ने सारपूर्ण उद्घोषणा पनि हो ।

यहाँ सम्मिलित कथाहरूले वर्तमानका बुद्ध र अतीतका कथाहरूले बोधिसत्वसँग सम्बन्ध गाँसेका छन् । यहाँ समावेश भएका २७ जातक-हरूलाई जेतवनमै बसी बुद्धले विभिन्न कारणको प्रसंगमा बताउनु भएको हो र 'बाहिय जातक' कथा भने वैशालीको कुटागार शालामा बसी सुनाउनु भएको हो । जस्तै—

दरिद्र कुलमा जन्मेको पितृपोषकको कारणलाई लिएर दृष्टान्तको रूपमा 'तक्कल जातक', जरीबुटी र तर्कारीका व्यापारी श्रावस्तीवासी पण्णिक उपासकको कारणलाई लिएर 'पण्णिक जातक', हसिली छोरीको

कुमारीत्व आफैं परीक्षा गर्ने श्रावस्तीवासी एक पण्णिकको कारणलाई लिएर 'सेग्गु जातक', आसामी लगाएर ब्याज खाने श्रावस्तीवासी एक कुटुम्बिकको कारणमा 'पुटभत्त जातक', बुद्धसँग 'अर्थकोद्धार' भन्ने प्रश्न गर्ने श्रावस्तीवासी एक कुटुम्बिकको कारणमा 'एकपद जातक', सुन्दर पुरुषलाई देखेर आसक्त भएकी श्रावस्तीवासी कुटुम्बिकाको कारणलाई लिएर 'वातग्गसिन्धव जातक', दाजुको मृत्युले शोकाकुलित भएको श्रावस्तीवासी एक कुटुम्बकको कारणमा 'मतरोदन जातक', आसामी उठाई फर्कंदा बाटामा पहाड देखी यो पहाड सुवर्णमय भए मलाई पनि केही दिनुहुन्छ कि भनी स्त्रीले सोध्दा तिमी कोह्नौ र दिने भनी उत्तर दिने श्रावस्तीवासी एक कुटुम्बिकको कारणमा 'सुच्चज जातक', स्त्री मृत्युको शोकरूपी भुंग्रोमा पिलिसएको एक कुटुम्बिकको कारणमा 'अननुसोचिय जातक', ब्याधाले दिएको गोहीको मासु आफु एक्लैले खाई पोलेको गोही वल्मिक भित्र पस्यो भनी स्वास्नीलाई ढाँटने एक कुटुम्बिकको कारणमा 'पक्कगोध जातक', बाबुको मृत्युले पिरलिएको एक कुटुम्बिकको कारणमा 'सुजात जातक', छोराको मृत्युले होसहवास उडेको एक कुटुम्बकको कारणमा 'उरग जातक', यस्तै छोराको मृत्युले हात खुट्टा छोडने श्रावस्तीवासी एक कुटुम्बिकको कारणमा 'मट्टकुण्डली जातक', छोरा मरेकै कारणमा शोक गर्ने अर्को एक कुटुम्बिकलाई सम्झाउनको-निमित्त 'घत जातक', बाबुको मृत्युको शोकरूपी आँचमा पिलिसएको एक कुटुम्बिकको कारणमा 'दसरथ जातक', बुद्ध र सङ्घ प्रति बढी आदर गर्ने एक कुटुम्बिकको कारणमा 'भिक्खापरम्परा जातक', ब्यापार गरी फर्कँका दुइ ब्यापारीमध्ये श्रावस्तीवासी फेलाहा ब्यापारीको कारणमा 'कूटवाणिज

जातक', तथा श्रावस्तीवासी फेलाहा र दुई व्यापारीको कारणमा 'कूटवाणिज जातक', यस्तै फेलाहा व्यापारीको कारणमा 'मच्छुदान जातक', अम्बकोष्टक आसन शालामा बस्ने एक कुकुरको कारणमा 'सुनख जातक', उद्यानपालले टिपेको जति सबै पात च्यातिदिने एक पुटदूषक (वालक) को कारणमा 'पुटदूसक जातक', सासुको बहिरोपनले गर्दा भिक्षु हुने श्रावस्तीवासी एक कुटुम्बिकको कारणमा 'कल्याणधम्म जातक', पाण्डुरोगले पीडित हुंदा घरमा पनि वेवास्ता गर्न थालेपछि भिक्षु हुन चाहने श्रावस्तीवासी एक पुरुषको कारणमा 'कायविच्छिन्द जातक', भिक्षुसंघ प्रति श्रद्धा राख्ने लिच्छवी राजाको कारणमा 'वाहिय जातक', आफूलाई नसोधी विबाहको कामकुरो छिनेकोमा रीस गर्ने आजीवकले कुसाइत बनाई विवाह हटाउन वाध्य भएको जनपदवासी एक कुलपुत्रको कारणमा 'नक्खत्त जातक', मिथ्या तपगर्ने जेतवन पछाडिका आजीवकहरूको कारणमा 'नङ्गुट्ठ जातक', जेतवनको आस-पासमा मिथ्या तपगर्ने तैर्थीयहरूको कारणमा 'दद्दभ जातक', र लाभसत्कार गुमाएर मुख अँध्यारो पारी बसिरहेका तैर्थीयहरूको कारणमा 'बावेरु जातक'।

जेहोस् उक्त घटनाहरूलाई कारणमानी लेखिएका जातक कथाहरूले आधुनिक समाजलाई एक न एक कुराले यथार्थबोध गराउने चेष्टा मात्र गरेका होइनन् कि सामाजिक कुभावनाको अन्त गरी सद्भावनाको साम्राज्य स्थापना होस् भन्नेतिर पूर्णतया समर्पित हुँदै सठस्स साठेय्यमिदं सुचिन्तितं (कूटवाणिज जातक पृ. १३५) अर्थात् 'शठेशाठ्यं समाचरेत्' भन्ने उक्तितिर पनि आँखा चिम्लिएका छैनन्।

हुनत आधुनिकताको कोरा आदर्श र अनुशासनले थिचिई उकुसमुकुस भएर बसेको समाजलाई यहाँका कथाहरूले वास्तविक यथार्थताको राजमार्ग पहिल्याउन धेरै बल प्रदान गरेका मात्र होइनन् हिंडाइदिने अभियान पनि प्रारम्भ गरेका छन् ।

यी यसजन्म र परजन्मसँग गाँसिएका कथाहरूमध्ये अतीतकथा जति 'ब्रह्मदत्तले राज्य गरिरहेको समयका हुन्' भन्ने कुरा लेखिएता पनि यहाँ 'ब्रह्मदत्त' भन्ने राजा यौटै मात्र नभई विभिन्न सयमका अनेक थिए र 'ब्रह्मदत्त' भन्ने एक 'पद' मात्र हो भन्ने सम्झनु पर्ने कुरालाई कथाहरूकै अध्ययनको माध्यमबाट अवगत गर्न सकिन्छ । यस्तै के पनि अवगत गर्न पाइन्छ भने वर्तमानका कथाहरूले भन्दा पनि महत्वपूर्ण सामग्री तथा उपदेशहरू अतीतका कथाहरूले दिएका छन् । यसको साथसाथै यो पनि देखाइदिएका छन् कि पूर्वकालीन तथा परकालीन अवधिको सामाजिक आदि व्यवस्थामा जुन अन्तराल छ यसलाई पनि त्यसरी नै अभिव्यक्त गरेका छन् जसरी बुद्धधर्मले यहाँ पदार्पण नगरेसम्म अन्य धर्मको विशेष महत्व थियो । यसलाई प्रमाणित गर्ने काममा पनि यस संग्रहले मुख लुकाएको छैन भन्ने कुरालाई—

यदा च सरसम्पन्नो बुद्धो धम्मं अदेसयि ।
अथ लाभो च सक्कारो तित्थियानं अहायथा'ति ।।

(बावेरु जातक पृ. १८०)

यो गाथाले संकेत गरेको मात्र नगरी परिपुष्टि समेत गरेको छ ।

यसैको प्रसंगमा यस संग्रहले परोपकार, अहिंसा, आदि जस्ता मानवीय कर्तव्यतिर दत्तचित्त गराउनकोनिमित्त विशेष उत्साह देखाएको मात्र होइन सम्बन्धित कार्यकर्ताहरूको संख्या प्रतिदिन बढाउँदै लैजाने लक्षतिर पनि बढी सक्रियता देखाएको छ र अनि मानिस भनाउँदाहरू-लाई चेतावनी दिँदै सारांशमा भनेको छ कि—जसले यस जन्ममा राम्रो काम गर्छ त्यसले परजन्ममा सुखभोग गर्न पाउँछ अथवा जसले पूर्वजन्ममा राम्रो काम गरेको छ त्यसले यस जन्ममा अभिप्सित सुखभोग गर्ने अधिकार प्राप्त गर्न सक्ने छ—यसैले यहाँ जन्मजन्मान्तरको संस्कार-लाई विशिष्ट स्थानमा बसालिएको हो भन्ने कुराको इशारा गर्दै 'मतरोदन जातक' ले 'सबै संस्कारिक वस्तु अनित्य छन् र विनाश हुने वस्तुहरू विनाश नै हुन्छन्' भनेर भनेको हो। यसैलाई उदाहरणको रूपमा समय समयमा फेर्ने सर्पको काँचुलीसँग जीवनलाई दाँजिएको हो। यसलाई सामान्य दृष्टिकोणले हेर्नुभन्दा पनि बढी दार्शनिक आँखाले हेर्दा सर्पलाई दिएको स्थायीत्वपन र काँचुलीको अस्थायीत्वपनले के जनाउन सक्तछ भने आत्मा यदि स्थायी हो भने जीवन अस्थायी हो। यसैले अस्थायी जीवनको बारेमा चिन्ता गर्नुभन्दा बढी यसै जीवनमा अरूको उपकार र पुण्य आर्जन गर्न सक्यो भने जन्मजन्मान्तरसम्म पनि सुखप्राप्त भइरहन्छ भन्ने कुराको आभाष पनि राम्ररी पाउन सकिने कुरालाई 'उरग जातक' ले सम्झाउने प्रयास गरेको छ। साथै समाजको लागि विभिन्न उपायहरूको प्रयोग पनि भएको छ। यसैले संग्रहको मुख्य उद्देश्य नै—देश, जाति, धर्म आदि सबै कुरा समाजमै अडेको छ र साहित्य, विज्ञान, दर्शन आदि जस्ता कुराहरूबाट पनि समाज बाहिर

जान नसक्ने कुरालाई विभिन्न प्रसंगमा विभिन्न प्रकारका घटनाहरूलाई कारणमानी भनिएका कथाहरूको यस संगालोले बाबुछोरा, दाजुभाइ, लोग्ने स्वास्नी, साथी साथी, आदिको सम्बन्ध देखाएको छ जसमा सामाजिक विषयहरूलाई नै अंगालेको छ र समाजलाई सुमार्गतिर लम्काउन सरलशैलीमा लेखिएका रोचकतापूर्ण कथारूपी विभिन्न उपदेशहरूको आस्वाद गराएको छ र अन्त्यमा—

चजे चजन्तं वनथं न कयिरा,
अपेतचित्तेन न सम्भजेय्य ।
द्विजो दुमं खीणफलन्ति ञत्वा,
अञ्ञं समेक्खेय्य महा हि लोको'ति ।।

(पुटभत्त जातक पृ. २५)

अर्थात् छाडनेमाथि आशा नगर्नू र टाढा चित्तहुनेको साथमा पनि नबस्नू । जसरी फल नभएको रुखलाई छाडी फल भएको रुखमा चराहरू वस्छन् त्यसरी नै आफ्नो फाइदाकोनिमित्त अरूको खोजी गर्नू । किनकि यहाँ नपाइने कुरा केही छैन, यो सन्सार विशाल छ भन्ने उपदेश दिएर यो जातककथा संग्रहले दोश्रो विश्राम लिएको छ ।

अन्त्यमा—

यत्र तत्र छरिएर बसेका पालि (मागधि) साहित्यमा लेखिएका जातक कथाहरूलाई वर्गीकरण गरी एकै सूत्रमा गाँसी नेपालीमा रूपान्तर गरी यावत् नेपालीलाई बौद्ध साहित्य सम्बन्धी कथाको पूर्ण परिचय दिलाउन यसका अनुवादक पूज्य आचार्य भिक्षु

अमृतानन्द महास्थविरज्यूले आफू अस्वस्थ हुँदाहुँदै पनि जुन प्रकारको परिश्रम गरी प्रस्तुत जातक संग्रह भाग–२ (प्रकाशन क्रमको १८) प्रकाशित गर्नु भएको छ यसबाट विभिन्न विचारधारा भएका पाठकहरूले आ-आफ्नै पनका रोचक विषयवस्तुहरू पाउने छन् र अनि पाउने छन् तत्कालीन कथाशैलीको रूपरेखाको ज्ञानको साथसाथै 'भवतु सब्बमङ्गलम्' भन्ने मूलमन्त्रको अमोघ उपदेश पनि ।

– वटुकृष्ण "भूषण"

विजयेश्वरी,

स्वयम्भू, काठमाडौं

९–९–२०३६

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

प्रस्तुत पुस्तक जातक संग्रहको दोश्रो भाग हो र आनन्दकुटी विहारगुठीको प्रकाशन क्रमको १८ रौं ग्रन्थ हो ।

यसमा पनि पहिलो भागमा जस्तै "कुनै एक गृहस्थी"को कारणमा बताइएका कथाहरू संग्रह भएका छन् । यस संग्रहमा ११ पात्रहरूको-कारणमा बताइएका २८ जातक कथाहरू संग्रहित छन् ।

जम्मा ५५० जातक कथाहरूमध्येबाट पहिलो भागमा ३२ वटा र यसमा २८ वटा गरी जम्मा ६० वटा जातकका कथाहरू अनुदित भएका छन् । यी सबै कथाहरू "कुनै एक गृहस्थी"को कारणमा बताइएका जातकहरूको संग्रह हो । यसबाट "कुनै एक गृहस्थी" को कारणमा बताइएका कथाहरूको समापन भएको छ ।

तेस्रो भागमा "कुनै एक भिक्षुको" कारणमा बताइएका जातकहरूको संग्रह प्रस्तुत गर्नेछु ।

प्रस्तुत संग्रहमा संग्रहित भएका २८ जातकहरू यसप्रकार छन्—

१. एक पितृपोसक उपासकको कारणमा बताइएको–१

१. जा. पा. I. पृ. २०४: तक्कलजातक, अ. क. IV. पृ. ७५, नं. ४४६.

२. एक पण्णिक उपासकको कारणमा बताइएका–२

२. जा. पा. I. पृ. २४: पण्णिकजातक, अ. क. I–II. पृ. ३०४, नं. १०२.

३. जा. पा. I. पृ. ५४: सेग्गुजातक, अ. क. I–II. पृ. ४९९, नं. २१७.

३. एक कुटुम्बिकको कारणमा बताइएका–१३

४. जा. पा. I. पृ. ५६: पुटभत्तजातक, अ. क. I–II. पृ. ५१५, नं. २२३.

५. जा. पा. I. पृ. ६१: एकपदजातक, अ. क. I–II. पृ. ५३७, नं. २३८.

६. जा. पा. I. पृ. ७२: वातग्गसिन्धजजातक, अ. क. I–II. पृ. ६०४, नं. २६६.

७. जा. पा. I. पृ. ९३: मतरोदनजातक, अ. क. III. पृ. ४०, नं. ३१७.

८. जा. पा. I. पृ. ९५: सुचज्जजातक, अ. क. III. पृ. ४७, नं. ३२०.

९. जा. पा. I. पृ. ९८: अननुसोचियजातक, अ. क. III. पृ. ६५, नं. ३२८.

१०. जा. पा. I. पृ. १०१: पक्कगोधजातक, अ. क. III. पृ. ७४, नं. ३३३.

११. जा. पा. I. पृ. ११२: सुजातजातक, अ. क. III. पृ. १०७, नं. ३५२.

१२. जा. पा. I. पृ. १७३: उरगजातक, अ. क. III. पृ. ११२, नं. ३५४.

१३. जा. पा. I. पृ. २०९: मट्ठकुण्डलीजातक, अ. क. IV. पृ. ८८, नं. ४४९.

१४. जा. पा. I. पृ. २१६: घतपण्डितजातक, अ. क. IV. पृ. १०३, नं. ४५४.

१५. जा. पा. I. पृ. २२९: दसरथजातक, अ. क. IV. पृ. १३६, नं. ४६१.

१६. जा. पा. I. पृ. ३०२: भिक्खापरम्पराजातक, अ. क. V. पृ. ७१, नं. ४९६.

४. झेलाहा व्यापारीको कारणमा बताइएका–३

१७. जा. पा. I. पृ. २३: कूटवाणिजजातक, अ. क. I–II. पृ. २९८, नं. ९८.

१८. जा. पा. I. पृ. ५५: कूटवाणिजजातक, अ. क. I–II. पृ. ५००, नं. २१८.

१९. जा. पा. I. पृ. ८०: मच्छुदानजातक, अ. क. I–II. पृ. ६५८, नं. २८८.

५. एक कुक्कुरको कारणमा बताइएको–१

२०. जा. पा. I. पृ. ६२: सुनखजातक, अ. क. I–II. पृ. ५४४, नं. २४२.

६. एक पुटदूषकको कारणमा बताइएको–१

२१. जा. पा. I. पृ. ७७: पुटदूसकजातक, अ. क. I–II. पृ. ६३८, नं. २८०.

७. एक बहिरी सासूको कारणमा बताइएको–१

२२. जा. पा. I. पृ. ४०: कल्याणधम्मजातक, अ. क. I–II. पृ. ४२२, नं. १७१.

८. एक पुरुषको कारणमा बताइएको–१

२३. जा. पा. I. पृ. ८२: कायविच्छिन्दजातक, अ. क. I–II. पृ. ६६६, नं. २९३.

९. एक लिच्छवीको कारणमा बताइएको–१

२४. जा. पा. I. पृ. २५: बाहियजातक, अ. क. I–II. पृ. ३१०, नं. १०८.

१०. एक आजीवकको कारणमा बताइएका–२

२५. जा. पा. I. पृ. १३: नक्खत्तजातक, अ. क. I–II. पृ. १९१, नं. ४९.

२६. जा. पा. I. पृ. ३२: नङ्गुट्ठजातक, अ. क. I–II. पृ. ३६६, नं. १४४.

११. एक तैर्थियको कारणमा बताइएका–२

२७. जा. पा. I. पृ. ९६: दद्दभजातक, अ. क. III. पृ. ५३, नं. ३२२.

२८. जा. पा. I. पृ. १०४: बावेरुजातक, अ. क. III. पृ. ८७, नं. ३३९.

प्रस्तुत पुस्तकको भाषा संशोधन पनि प्राध्यापक श्री वटुकृष्ण "भूषण" एम्. ए. द्वारा गरिएको हो। अतः वहाँलाई र शब्दावलीहरूको प्रारम्भिक लेखाइ र अन्तिम प्रूफ हेरिदिने आयुष्मान् कुमार कश्यपलाई तथा दिनहुँ

फें प्रेसबाट प्रूफ ल्याइदिने श्री खड्गबहादुर उपासकलाई पनि धन्यवाद ज्ञापन गरेको छु। प्रस्तुत पुस्तक प्रकाश गर्ने भारा लिइदिनु भएका आनन्दकुटी विहारगुठीका सदस्य-सचिव श्री तीर्थनारायण मानन्धर सहित गुठीका सबै सदस्यहरूलाई पनि धन्यवाद दिएको छु।

चिरं तिट्ठतु सद्धम्मो।

– भिक्षु अमृतानन्द

आनन्दकुटी विहार,
स्वयम्भू, काठमाडौं,
नेपाल।
२०३६ पौष १५ गते आइतबार
फोन : १४४२०

मूल ग्रन्थहरू—

जातकपालि ।

जातकट्ठकथा ।

सहायक ग्रन्थ—

भदन्त आनन्द कौसल्यायन अनुदित हिन्दी "जातक" ।

संकेत-शब्द्को अर्थ---

अ. क. = अट्ठकथा ।

अभि. धा. प. = अभिधानप्पदीपिका ।

जाः अ. क. = जातकट्ठकथा ।

जा. अ. क. I–II. = सीलानन्दत्थेरद्वारा सम्पादित जातकट्ठकथा, सन् १९२७.

जा. पा. = जातकपालि ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

बु. श्रा. च. भा–१ = बुद्धकालीन श्रावक चरित भाग–१

बु. वि. = बुद्धकालीन विमानकथा ।

पेत. व. अ. क. = पेतवत्थु अट्ठकथा ।

विमा. व. अ. क. = विमानवत्थु अट्ठकथा ।

बु. प्रे. = बुद्धकालीन प्रेतकथा ।

बु. रा. भा–१ = बुद्धकालीन राजपरिवार भाग–१

त्रि-पिटक-सूची

सुत्तपिटक :	विनयपिटक :		अभिधम्मपिटक :
१–दीघनिकाय	१–पाराजिकपालि	सुत्तविभङ्ग	१–धम्मसङ्गणि
२–मज्झिमनिकाय	२–पाचित्तियपालि		२–विभङ्ग
३–संयुत्तनिकाय	३–महावग्गपालि	खन्धक	३–धातुकथा
४–अङ्गुत्तरनिकाय	४–चुल्लवग्गपालि		४–पुग्गलपञ्ञत्ति
५–खुद्दकनिकाय	५–परिवारपालि		५–कथावत्थु
			६–यमक
			७–पट्ठान

५–खुद्दकनिकाय:

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंस
(१५) चरियापिटक

विषय-सूची

जातक संग्रह

[भाग–२]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. तक्कल जातक (४४६)

"न तक्कला सन्ति न आलुपानी'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले एक पितृपोषक उपासकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ एक दरीद्र कुलमा जन्मेको थियो । आमा खसेपछि बिहान सबेरै उठी दतिवन गरी तथा मुख धोई ज्यामी काम वा कृषीको काम गरी कमाएको सम्पत्ति अनुसार यागु र भोजन तयार पारी पिताको पोषण गर्दथ्यो ।

---

१. जा. पा. I. पृ. २०४: तक्कलजातकं, नं. ४४६, अ. क. IV. पृ. ७५.

अनि उसको पिताले—"तात ! तिमी एक्लैले मित्र र बाहिरको गर्नुपर्ने काम गर्छौ । तिमीलाई एउटी कुलकुमारी ल्याइदिनेछु । उसले घरको काम गर्ने छे" भनी भन्यो ।

"तात ! स्त्रीहरू भनेका घरमा आइसकेपछि न तपाइलाई चित्तसुख दिनेछन् न त मलाई । यस्तो नसोच्नु होस् । जीवनभर तपाइको पोषण गरी तपाइ खसेपछि म विचार गर्नेछु ।"

अनि उसको पिताले उसको इच्छा विना नै एक कुलपुत्री ल्याइदियो । उ ससुराको र पतिको पनि उपकारिणी थिई र अहंकार रहित पनि । "मेरो पिताको उपकारिणी छे" भनी सन्तुष्ट भई पाए पाएका मनपर्ने चीज ल्याइदिन्छ । उ पनि ती सबै वस्तुहरू ससुरालाई दिन्छे । पछि उसले सोचि कि—"मेरा स्वामीले पाए पाएका वस्तु पितालाई नदिई मलाई नै दिन्छन् । अवश्य पनि पिताप्रति निस्नेही भएका होलान् । एक उपायद्वारा मेरा स्वामीलाई यो बुढोप्रति प्रतिकूल असर पारी घरबाट बाहिर पठाउने छु ।"

त्यहाँदेखि उसले कहिले धेरै चीसो कहिले धेरै तातो पानी दिन्छे । धेरै नून भएको सूप कहिले नून नभएको दिन्छे । भात पनि कहिले काँचो कहिले गीलो पार्छे । यसरी उ रिसाउने गरी काम गर्न थाली । उ रिसाउँदा "यो बुढोलाई कसले सेवा गर्न सक्नेछ र" भन्दै परुष वचन बोली झगडा गर्न थाल्छे । जतातते खकार फालेर भए पनि स्वामीलाई कराउन लगाउँछे । "हेर बाबुको काम ! यस्तो नगर्नुहोस् भनी भन्दा पनि रिसाउँछन् । यो घरमा यात बाबुलाई राख यात मलाई ।"

अनि उसले स्त्रीलाई भन्यो "भद्रे ! तिमी तन्नेरीछयौ, जहाँ बसेर भएपनि जीविका गर्न सक्नेछयौ। मेरा पिता बुढा छन्। यदि तिमो यिनलाई सहन सक्दिनौ भने यो घरबाट निस्केर जाऊ।"

उ भयभीत भई—"अब उप्रान्त यस्तो गर्नें छैन" भनी ससुराको खुट्टामा परी वन्दना गरी क्षमा गर्न लगाई त्यहाँदेखि पुनः प्रकृतिरूपले नै सेवा गर्न थाली।

अनि उपासक पहिले दिनहरूमा उसबाट दुःख पाएको कारणले गर्दा सो शास्ताकहाँ धर्मश्रवण गर्न पनि गएन। आफ्नी स्त्री प्रकृतिस्वभावमा आइसकेपछि उपासक शास्ताकहाँ गयो।

अनि शास्ताले "उपासक ! किन सात आठ दिनदेखि धर्म-श्रवणकोनिमित्त आएनौ ?" भनी सोध्नुभयो। उसले उक्त कुरा बतायो।

"अहिले उसको कुरा नसुनी तिमीले बाबुलाई घरबाट निकालेनौ। पहिले चाहिं यसको कुरा सुनी बाबुलाई काँचो-चिहानमा लगी खाल्टो खन्यौ। त्यस खाल्टोमा राखी मार्न लागेको बेलामा सात वर्षीय मैले आमाबाबुहरूको गुणकथा सुनाई तिमीलाई पितृघात कर्मबाट बचाइदिएको थिएं। त्यसबखत मेरो कुरा सुनेर तिम्रा पितालाई जीवनभर सेवा गरी पछि तिमी स्वर्गपरायण भएका थियौ। त्यो मैले दिएको अववादलाई जन्म जन्मान्तरसम्म पनि तिमीले छाडेनौ। यसै कारणले गर्दा उसको कुरा नसुनी अहिले तिमीले पितालाई घरबाट

नानिकालेकाह्वो" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा काशी गाउँको कुनै एक कुलमा एक पुत्र थियो । उसको नाम वसिट्ठक थियो । आमाबाबुहरूको सेवा गरी बसिरहेको बेलामा उसकी आमा खसेपछि उसले बाबुको सेवा गर्न थाल्यो । सबै कुराहरू माथिको वर्तमान कथामा जस्तै बुझ्नू । यहाँ चाहिं यो विशेषता छ—

त्यसबखत सो स्त्री भन्छे—"हेर बाबुको काम ! यस्तो यस्तो नगर भनी भन्दाखेरि रिसाउँछन् । स्वामी ! चण्ड र परुष तपाइका बाबु सँधै कलह मात्र गर्छन् । यिनी जीर्ण भएर व्याधीले पीडित भई चाँडै नै मर्ने छन् । म यीसँग एउटै घरमा बस्न सक्दिन । यिनी स्वयं पनि केही दिनमै मर्ने छन् । अतः तपाइले यिनलाई काँचो-चिहानमा लगी खाडल खनी त्यसमा राखी कोदालोले टाउको काटी मारेर त्यसमाथि माटोले पुरी आउनुहोस् ।"

उसले यो कुरालाई वारम्बार भनेपछि उसको पतिले "भद्रे ! पुरुष मार्न भनेको बडो ठूलो काम हो । कसरी मैले मार्न सकूँला र ?" भनी भन्यो ।

"म तपाइलाई एउटा उपाय बताउनेछु ।"

"त्यसोभए बताऊ।"

"स्वामी ! बिहान सबेरै बाबु सुत्ने ठाउँमा गई जसोगर्दा सबैले सुन्ने हो त्यसोगरी तपाइ कराई 'तात ! फलाना गाउँको तपाइको आसामीले म जांदा ऋण तिर्दैन। तपाइ खसेपछि त दिने नै छैन। अतः भोलि बिहान सबेरै रथमा बसी जाऔं' भनी भन्दा उसले भनेको बेलामै उठेर रथ तयारपारी त्यसमा उसलाई बसाली कांचो-चिहानमा लगी त्यहाँ पुगेपछि खाडल खनी चोरले हमला गरे जस्तै गरी आवाज निकाली टाउको काटी मारेर खाडलमा पुरी शीर टुक्रापारी नुहाई आउनुहोस्।"

"यो उपाय ठीक छ" भन्ने सोची उसको कुरा मानी वसिट्ठकले जानको लागि रथ तयारपाऱ्यो। उसको सातवर्षीय एक छोरा छ। त्यो केटो पण्डित र व्यक्त छ। उसले आमाको कुरा सुनी "मेरी आमा पापिनी छे। पितालाई पितृघात काममा लगाउँछे। यो पितृघात काम म गर्नदिने छैन" भनी सोची चुपचाप गएर बाजेसंग सुत्यो। बसिट्ठकले पनि उसले भनेको बेलामा रथ तयार पारी "बाबु ! आउनुहोस् ऋण असुल गर्न जाऔं" भनी बाबुलाई रथमा बसाल्यो। कुमार पनि पहिले नै गएर रथमा बस्यो। वसिट्ठकले उसलाई रोक्न नसकेपछि उसलाई पनि साथमा लिएर कांचो-चिहानमा गयो। अनि छोरासंगै बाबुलाई रथमै राखी चिहानमा गई रथ एकातिर राखी स्वयं रथबाट ओर्ल्हीं कोदालो र डालो लिई एउटा नदेखिने ठाउँमा चारपाटे गरी एक खाडल खन्नथाल्यो। अनि रथबाट ओर्ल्हीं उसकहाँ गई नजाने जस्तो गरी कुमारले कुरा निकाली यो प्रथम गाथा भन्यो—

"न तक्कला सन्ति न आलुपानि,
न बिलालियो न कलम्बानि तात ।
एको अरञ्ञम्हि सुसानमज्झे,
किमत्थिको तात खणासि कासु'न्ति ।।"

अर्थ—

"हे तात ! यहाँ न तक्कला भन्ने कण्डहरू छन् न आलु नै छ न बिलालियकण्ड छ र नत कम्बल भन्ने तालकण्ड नै छ । तात ! मसानको बीचको जंगलमा एक्लै के कारणले तपाइ खाडल खन्दै हुनुहुन्छ ?"

अनि उसको पिताले दोश्रो गाथा भन्यो—

"पितामहो तात सुदुब्बलो ते,
अनेकव्याधीहि दुखेन फुट्ठो ।
तमज्जहं निखणिस्सामि सोब्भे,
नहिस्स तं जीवितं रोचयामी'ति ।।"

अर्थ—

"तात ! तिम्रा बाजे दुर्बल छन्, अनेक रोगले पीडित भई दुःखी छन् । आज मैले उनलाई हेरिरहन सक्दिन । अतः मार्नु नै वेश हुने छ ।"

यो सुनेर कुमारले आधा गाथा भन्यो—

"संकप्पमेतं पटिलद्धपापं,
अच्चाहितं कम्म करोसि लुद्द'न्ति ।।"

अर्थ—

"बाबुलाई दुःखबाट दूर गर्छु भनी ज्यान मार्ने संकल्प गऱ्यौ सोही संकल्प नै पापपूर्ण छ, व्याधा जस्तै भई हितबाट दूर हुने काम गर्दछौ ।"

यति भनी बाबुको हातबाट कोदालो लिई नजिकमा अर्को खाडल खन्न थाल्यो । अनि नजिकमा गई उसको पिताले "पुत्र ! किन खाडल खन्दछौ ?" भनी सोध्यो । उत्तर दिंदै तेश्रो गाथा भन्यो—

"मयापि तात पटिलच्छसे तुवं,
एतादिसं कम्मजरूपनीतो ।
तं कुल्लवत्तं अनुवत्तमानो,
अहम्पि तं निखणिस्सामि सोब्भे'ति ।।"

अर्थ—

"तात ! तपाइ बुढो हुंदाखेरि पनि यसरी म पनि गर्न पाउनेछु । कुल परम्पराको काम अनुगमन गरी म पनि तपाइलाई यो खाडलमा राख्नेछु ।"

अनि उसको पिताले चौथो गाथा भन्यो—

"फरुसाहि वाचाहि पकुब्बमानो,
आसज्ज मं त्वं वदसे कुमार ।
पुत्तो मम ओरसको समानो,
अहितानुकम्पी मे त्वंसि पुत्ता'ति ।।"

अर्थ—

"हे कुमार ! मेरो औरस समान पुत्र भएर पनि तिमीले मलाई चोट् लाग्ने कुरा गर्छौ, तिमी परुषवाचा बोल्छौ । तिमी मेरो अहितकामी रहेछौ ।"

यस्तो भन्दा पण्डित कुमारले एउटा गाथा प्रत्युत्तरको रूपमा र अरू दुइ गाथा उदानको रूपमा भन्यो —

१. "न ताहं तात अहितानुकम्पी,
हितानुकम्पी ते अहम्पि तात ।
पापञ्च तं कम्मपकुब्बमानं,
अरहामि नो वारयितुं ततो हि ।।

२. "यो मातरं पितरं वा वसिट्ठ,
अदूसके हिंसति पापधम्मो ।
कायस्स भेदा अभिसम्परायं,
असंसयं सो निरयं परेति ।।

३. "यो मातरं पितरं वा वसिट्ठ,
अन्नेन पाणेन उपट्ठहाति ।
कायस्स भेदा अभिसम्परायं,
असंसयं सो सुगतिं परेती'ति ।।"

अर्थ—

१–"तात ! म तपाइको अहितकामी छैन, हितकामी नै छु । जुन पापकर्म तपाइले गर्नलाग्नु भएको छ त्यस पापकर्मबाट रोक्नु आफ्नो कर्तव्य ठान्दछु ।

२–"हे वसिट्ठ ! जसले निर्दोषी आमाबाबुलाई हिंसा गर्छ त्यो पापकर्म हो । त्यस्तो गर्ने पुरुष निश्चय नै शरीर छाडी मृत्युपछि नरकमा उत्पन्न हुनेछ ।

३–"हे वसिट्ठ ! जसले आमाबाबुलाई अन्नपानद्वारा सेवा गर्छ सो पुरुष अवश्य पनि शरीर छाडी मृत्युपछि सुगतिमा पुग्ने छ ।"

पुत्रको यो धर्मकथा सुनेर पिताले यो आठौं गाथा भन्यो—

"न मे त्वं पुत्त अहितानुकम्पी,
हितानुकम्पी मे त्वंसि पुत्त ।
अहञ्च तं मातरा वुच्चमानो,
एतादिसं कम्मकरोमि लुद्दन्ति ।।"

अर्थ—

"हे पुत्र ! तिमी मेरो अहितकामी होइनौ, पुत्र ! तिमी मेरो हितानुकम्पी हौ । तिम्री आमाको कुरा सुनेर यस्तो व्याधाको काम म गर्न लागेको हुँ ।"

यो सुनेर कुमार भन्दछ—"तात ! आइमाईहरूलाई दोष उत्पन्न हुने बित्तिकै निग्रह गरेन भने बारम्बार उनीहरूले पापकर्म गर्छन् । जस्तो गर्दा मेरी आमाले फेरि यस्तो गर्ने छैनन् त्यसरी नै उनलाई दमन गर्नु पर्छ ।" यति भनी नवौं गाथा भन्यो—

"या ते सा भरिया अनरियरूपा,
माता ममेसा सकिया जनेत्ती ।
निद्धापयेतं सका अगारा,
अञ्ञम्पि ते सा दुक्खमावहेय्या'ति ।।"

अर्थ—

"जुन अनार्यरूपकी तपाइकी भार्या हुन् सो मलाई नै जन्माउने मेरी आमा हुन् । उनलाई आफ्नो घरबाट धपाइदिनु होस् । यदि यसो गरेन भने अरू पनि तपाइलाई दुःख हुने काम गर्न सक्छिन् ।"

पण्डित पुत्रको कुरा सुनी वसिट्ठक प्रसन्न भई "तात ! जाऔं" भनी पुत्र र पिताको साथ रथमा बसी फर्केर गयो । त्यो अनाचारिणीले

पनि उनीहरू निस्किसकेपछि "बल्ल अलक्षिना घरबाट निस्कियो" भन्दै हर्षित भई गोबर ल्याई घर लिपी पायस पकाई उनीहरूको बाटो हेरिरही। उनीहरू सबै फर्केर आएको देखेर "निस्केको अलक्षिनालाई फेरि लिएर आयौ" भनी रिसाउँदै "अरे बुर्गंत ! निकालिएका अलक्षिना-लाई फेरि लिएर आयौ" भनी गाली गरी।

वसिट्ठकले केही नबोली रथबाट ओर्ली "अरे अनाचारिणी ! के भन्छेस् रे ?" भन्दै खूबसँग कुटी "अबदेखि यस घरमा बस्नु पर्दैन" भनी खुट्टा समाती निकालिदियो। त्यसपछि पुत्र र पितालाई स्वयंले नुहाई तीनै जना मिली पायस खाए। त्यो पापिनी स्त्री केहीदिन अर्काको घरमा बसी। अनि पितालाई पुत्रले भन्यो—"तात ! मेरी आमा यति मात्रले बिउँझिने छैन। अतः तपाइले मेरी आमालाई बोल्ने बाटो नदिनकोनिमित्त फलाना गाउँमा मेरी मामाकी छोरी छे। उसले मेरो पिता र पुत्रको सेवाटहल र मेरो पनि सेवाटहल गर्नेछे। उसलाई ल्याउनेछु भनी मालागन्धादि लिई रथमा बसी निस्केर गई खेतमा घुमी संध्यासमयमा आउनुहोस्।" उसले त्यस्तै गऱ्यो। टोलमा बस्ने आइमाई-हरूले "तिम्रो स्वामी अर्की भार्या ल्याउनकोनिमित्त फलानो गाउँमा गयो" भनी उसलाई सुनाए।

"अबभने मेरो सत्यानास भयो। फेरि अवसर पाउने छैन" भन्ने विचारले डराई "छोरासँग नै माग्नेछु" भनी उ सुत्त छोराकहाँ गई उसको खुट्टामा परी "तिमी बाहेक मलाई शरणमा लिने अरू कोही छैन। अब उप्रान्त तिम्रो पिता र बाजेलाई अलंकृत चैत्यलाई जस्तै गरी

सेवाटहल गर्नेछु । अतः फेरि मलाई यसमा भित्र्याउने काम गर" भनी भनी ।

"हुन्छ, आमा ! फेरि यस्तो काम नगरी अप्रमादी ह्वौ त" भनी पिता आएपछि उसले दशौं गाथा भन्यो—

"या ते सा भरिया अनरियरूपा,
माता ममेसा सकिया जनेत्ति ।
दन्ता करेणूव वसुपनीता,
सा पापधम्मा पुनरावजातू'ति ।।"

अर्थ—

"जो ती अनार्यस्वभावकी तपाइंकी भार्या हुन् उनी मलाई जन्माउने मेरी आमा हुन् । अब उनी दमन भएकी हस्तिनी जस्तै दमन भइसकिन् । त्यसैले त्यस पापधर्मिनीलाई घरमा आउन दिनुहोस् ।"

यसरी पितालाई भनी गएर आमालाई ल्यायो । उ आई स्वामी-लाई र ससुरालाई क्षमा गर्न लगाई त्यहांदेखि दमन भई धर्मानुसार पति र ससुरालाई तथा पुत्रलाई पनि हेरविचार गरी बसी । ती दुवैजना पुत्रको अववादमा रही दानादि पुण्यकर्म गरी स्वर्गपरायण भए ।

यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी शास्ताले

जातक समाधान गर्नुभयो । सत्यकुरोको अन्त्यमा पितृपोषक उपासक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखत पिता र पुत्र तथा बुहारी हुने यीनै तीनैजना थिए । पण्डित कुमार चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

२. पण्णिक जातक (१०२)

"यो दुक्खफुट्ठा भवेय्य ताण'न्ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनु भएका शास्ताले एक पण्णिक उपासकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

यो उपासक श्रावस्तीवासी हो । उ नानाप्रकारका जरीबुटीहरू र लौका तथा भुइफर्सी आदिहरू बिक्री गरी जीविका गर्दथ्यो । उसकी एक छोरी थिई । उ अभिरूपिणी, दर्शनीया, आचार-शील सम्पन्ना र लज्जा तथा भय सम्पन्ना थिई । केवल सँधै जसो हाँसिरहने स्वभाकी थिई । उसको समानकुलबाट माग्न आएपछि उपासकले सोच्यो— "यसलाई एकदिन दिनु नै पर्छ । किन्तु सँधैभरी हाँसिरहन्छे । यदि कुमारीत्वमा छैन भने परकुल गएकी कुमारीको कारणबाट आमाबाबुहरू-

---

१. जा. पा. I. पृ. २४; पण्णिकजातकं, नं. १०२, अ. क. I–II. पृ. ३०४.

लाई अपवाद हुनेछ । अतः यसको कुमारीत्व छ कि छैन भन्ने कुरा परीक्षा गर्नुपर्‍यो ।" यति सोची उसले एकदिन उसलाई पिटारी लिन लगाई पातकोनिमित्त जंगलमा गई परीक्षा गर्नकोनिमित्त उसप्रति आसक्त भए जस्तै गरी रहस्यमय कुरा गरी उसको हात समात्यो । हात समात्ने बित्तिकै रुँदै कराउँदै उसले "तात ! यो अयोग्य छ । पानीबाट आगो निस्के जस्तो भयो । यस्तो नगर्नुहोस्" भनी भनी ।

"अम्मे ! तिमीलाई परीक्षा गर्नकोनिमित्त मैले तिम्रो हात समातेको हुँ । भन, अहिले तिमीमा कुमारीत्व विद्यमान छ ?"

"हो, तात ! छ । मैले कहिल्यै पनि कुनै पुरुषमाथि आसक्त चित्तले हेरेकी छैन ।"

अनि उसले छोरीलाई धैर्यदिई घरमा लगी मंगल गरी परकुलमा पठाई "शास्तालाई वन्दना गर्नेछु" भनी गन्धमालादि हातमा लिई जेतवनमा गई शास्तालाई वन्दना र पूजा गरी एक छेउमा बस्यो ।

"धेरैदिन पछि आयौ नि ?" भनी भन्नुभएपछि उपासकले उक्त कुरा भगवान्‌लाई सुनायो ।

शास्ताले—"उपासक ! चिरकालदेखि कुमारी आचार शील सम्पन्ना छे । तिमीले चाहिं अहिले मात्र यसरी परीक्षा गरेका होइनौ अघि पनि परीक्षा गरेका थियौ" भनी भन्नुहुंदा उसले सो कुरा बताउनुहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा जंगलका एक वृक्षदेवता भई बोधिसत्व उत्पन्न भए। त्यसबखत बाराणशीमा एक पण्णिक उपासक थियो। जम्मै कुरा माथिको वर्तमान कथामा जस्तै हो। उसले उसलाई परीक्षा गर्नकोनिमित्त हात समातेर रुँदै छोरी चाहिंले यो गाथा भनी—

"यो दुक्खफुट्ठाय भवेय्य ताणं,
सो मे पिता दूभी वने करोति।
सा कस्स कन्दामि वनस्स मज्झे,
यो तायिता सो सहसा करोती'ति ॥"

अर्थ—

"जो दुःख पर्ने बेलामा सहारा हुनु पर्ने हो उही पिताले जंगलमा मलाई दूषण गर्न खोज्छ। अब जंगलको बीचमा कसको सहारा मागेर रुने ? जो सहारा हो उसैले दुस्साहस गर्दछ।"

अनि उसको पीताले आश्वासन दिई "अम्मे ! आफूलाई रक्षा गरेकी छचौ त ?" भनी सोध्यो।

"हो, तात ! मैले आफूलाई रक्षा गरेकीछु।" अनि उसलाई घर लगी मंगल गरी परकुलमा पठायो।

शास्ताले यो धर्मदेशना ल्याउनु भई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अन्त्यमा उपासक स्रोतापत्ति-फलमा प्रतिष्ठित भयो ।

"त्यसबखतका बाबु नै अहिलेका बाबु र छोरी नै छोरी थिए । सो कुरा प्रत्यक्षरूपले हेर्ने वृक्षदेवता चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

मैथुनधर्म भनेको मलाई थाहा छैन" भन्दै विलाप गरी दोश्रो गाथा भन्छे—

> "यो दुक्खफुट्ठाय भवेय्य ताणं,
> सो मे पिता दूभि वने करोति ।
> सा कस्स कन्दामि वनस्स मज्झे,
> यो तायिता सो सहसा करोती'ति ।।"

अर्थ—

"जो दुःखपर्ने बेलामा सहारा हुनुपर्ने हो उही पिताले जंगलमा मलाई दूषण गर्न खोज्छ । अब जंगलको बीचमा कसको सहारा मागेर रुने ? जो सहारा हो उसैले दुस्साहस गर्दछ ।"

यसरी सो पण्णिकले त्यसबखत छोरीको परीक्षा गरी घरमा लगी एक कुल कुमारलाई दिई यथाकर्मानुसार परलोक भयो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा पण्णिक उपासक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखतकी छोरी नै अहिलेकी छोरी थिई र पिता पनि पिता नै थियो । त्यो कारणलाई प्रत्यक्षीकरण गर्ने देवता चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

४. पुटभत्त जातक(२२३)

"नमे नमन्तस्सा'ति...१" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

जनपदवासी एक कुटुम्बिकसँग श्रावस्तीवासी एक कुटुम्बिकले लेनदेन गर्दथ्यो । उ आफ्नो भार्यासँग आसामीकहाँ गयो । आसामीले "दिन सक्दिन" भनी केही पनि दिएन । उ रिसाई भात पनि नखाई निस्केर गयो । अनि उसलाई बाटाको बीचमा भोकले पीडित भएको देखी बाटामा हिँडिरहेका मानिसहरूले एक पोको भात दिई "तिम्री पत्नीलाई पनि दिएर खाऊ" भने । उ त्यो लिएर पत्नीलाई नदिने विचारले "भद्रे ! यो ठाउँ चोरहरू बस्ने ठाउँ हो तिमी अगाडि जाऊ" भनी अगाडि पठाई जम्मै भात खाएर खाली पोको देखाई

१. जा. पा. I. पृ. ५६: पुटभत्तजातकं, नं. २२३, अ. क. I–II. पृ. ५१५.

"भद्रे ! भात नभएको पोको मात्र उनीहरूले दिएका रहेछन्" भनी भन्यो। उसले आफूले मात्र भात खाएको कुरा बुझी उ दौर्मनस्य भई।

उनीहरू दुवै जेतवनको पछाडितिरको विहारबाट गइरहेको बेलामा "पानी पिउनेछौं" भनी जेतवनभित्र गए। शास्ता पनि उनीहरूकै प्रतीक्षा गरी शिकारीहरू ढुकेर बस्ने झैं गन्धकुटीको छायामा बाटो हेरी बस्नुभयो। शास्तालाई देखी अगाडि गई वन्दना गरी उनीहरू बसे।

उनीहरूसंग कुशलक्षेम कुरा गर्दै शास्ताले "उपासिके ! के तिमीप्रति तिम्रो पति हितैषी र सस्नेही छ के ?" भनी सोध्नुभयो।

भन्ते ! म यिनीप्रति सस्नेहीछु। यी भने मप्रति निस्नेही छन्। अरू दिनको कुरा छाडिदेऊँ। आजैको कुरा हो "बीच बाटामा भातको पोको पाउँदा मलाई नदिई आफूले मात्र खाए।"

"उपासिके ! तिमी चाहिं यसप्रति सधैं हितैषिणी र सस्नेही थियौ। जब पण्डितहरूबाट तिम्रो गुण सुन्यो तब यसले सबै ऐश्वर्यको जिम्मा तिमीलाई दिएको थियो" भनी भन्नुहुँदा उसले सो कुरा बताउन-हुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा वाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको वेलामा अमात्य कुलमा जन्मी वैंश पुगेपछि बोधिसत्व उनको अर्थ-धर्मानुशासक बने।

त्यसबखत राजाले "यसले मलाई मार्न पनि सक्छ" भन्ने आशंका गरी आफ्नो पुत्रलाई निकालिदिए। आफ्नी पत्नी साथमा लिई नगरबाट निस्की काशी गाउँको एक ठाउँमा गई उनी बसे।

पछि पिता मरेको खबर सुनी "कुलपरम्परागत राज्य लिनेछु" भनी बाराणशीमा फर्केर आइरहेको बेलामा बाटाको बीचमा "पत्नीलाई पनि देऊ" भनी पाएको भात उनलाई नदिइकन आफूले मात्र खाए।

"यिनी बडो कठोर हृदयका रहेछन्" भन्ने लागेर उनलाई साह्रै दौर्मनस्य लाग्यो।

उनले बाराणशीको राज्य लिई उनलाई अग्रमहिषीको स्थानमा राखी "यति भए यसलाई पुग्छ" भनी अरू केही सत्कार सम्मान त के "कसरी जीवन यापन गर्छ्यौ ?" भन्नेसम्म पनि सोधेनन्।

बोधिसत्वले सोचे—"यी देवी राजाको बहूपकारिणी छिन् र सस्नेही पनि छिन्। राजा भने यिनलाई गन्दै गन्दैनन्।"

यति सोचेर उनकहाँ गई सम्मान दर्शाई एक छेउमा उभिइरहे। अनि उनीसँग "तात ! केहो ?" भनी सोध्दा कुरा निकाल्नको लागि "देवी ! हामी तपाइको ऊपस्थान गर्छौं। के पिता समान बुढा हुने हामीलाई केही वस्त्र मागदिनु पर्दैन ?" भनी भने।

"तात ! म आफूले त केही पाउँदिन भने तिमीलाई कहाँबाट केही दिऊँ र ? भएको बेलामा त दिएकैछु, होइन त ? अब त राजाले मलाई केही पनि दिँदैनन्। अरू दिने कुरा छाडि दिऊँ, राज्य लिन

आइरहेको बेलामा बाटाका बीचमा भातको पोको पाएर त एक गाँससम्म पनि मलाई नदिई आफू एक्लैले खाए ।"

"अम्मे ! के त यो कुरा राजाकहाँ भन्नसक्नु हुन्छ ?"

"तात ! सक्छु ।"

"त्यसोभए आजै म राजाकहाँ बसिरहेको बेलामा मैले सोध्दा यसरी नै भन्नुहोस् र आजै तपाइको गुण जान्न लगाउनेछु" भनी बोधिसत्व पहिले नै राजाकहाँ गई उभिइरहे । उनी पनि गई राजाकहाँ उभिइ रहिन् ।

अनि बोधिसत्वले कुरा उठाए—"अम्मे ! तपाइ सारै कठोर हृदया हुनुहुँदो रहेछ । के तीनजोर वस्त्र अथवा भात दिनु पर्दैन ?"

"तात ! म त राजाबाट केही पाउँदिन भने कहाँबाट तिमीलाई केही दिऊँ ?"

"तपाइले त अग्रमहिषी स्थान प्राप्त गर्नुभएको छ, होइन त ?"

"तात ! यदि सम्मान पाउँदिन भने अग्रमहिषी स्थानले मात्र के गर्न सक्छ र ? अहिले तिम्रा राजाले के देलान् र ? बाटाका बीचमा पाएको भातको पोकोबाट त मलाई नदिई आफूले जम्मै खाए ।"

"महाराज ! साँच्चै हो के यो कुरा ?" भनी बोधिसत्वले सोध्दा स्वीकार गरी राजा चुपलागेर बसे ।

उनले स्वीकार गरी चुपलागेर बसेको देखेर बोधिसत्वले "अम्मे ! यदि राजालाई अप्रिय लाग्छ भने तपाइ यहाँ बसेर

के गर्ने ? तपाइ यहाँ बस्दा राजालाई पनि अप्रिय सन्निवास दुःख हुन्छ । यस्ता प्राणीहरूसँग बस्नु र नबस्नु एकै हो भन्ने कुरा बुझी अन्यत्र जानु उचित छ । यो लोकमा धेरै मानिसहरू बस्छन्" भनी यी गाथाहरू भने—

१. "नमे नमन्तस्स भजे भजन्तं,
किच्चानुकुब्बस्स करेय्य अत्थं ।
नानात्थकामस्स करेय्य अत्थं,
असम्भजन्तम्पि न सम्भजेय्य ।।

२. "चजे चजन्तं वनथं न कयिरा,
अपेतचित्तेन न सम्भजेय्य ।
द्विजो दुमं खीणफलन्ति ञत्वा,
अञ्ञं समेक्खेय्य महा हि लोको'ति ।।"

अर्थ—

१–" नम्र हुनेसँग नम्र हुनु र साथमा बस्न चाहनेसँग साथमा बस्नू । आपनो काम गरिदिनेको काम पनि गरिदिनु । विभिन्न हित चाहनेको हित पनि गर्नू र आफूसँग बस्न नचाहनेसँग बस्दा पनि नबस्नू ।

२–" आफूलाई छाडनेमाथि आशा नगर्नू र टाढा चित्त हुनेसँग साथमा पनि नबस्नू । फल नभएको रुखलाई चराहरूले छाडी जाने जस्तै बुझी अरूको खोजि गर्न । यो संसार विशाल छ ।"

यो सुनेर बाराणशी राजाले देवीलाई सबै ऐश्वर्य दिए। त्यहाँदेखि उनीहरू दुवैजना मेलमिलापसंग बस्नथाले।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अवशानमा दुवै पतिपत्नी स्रोतापत्ति-फलमा प्रतिष्ठित भए।

"त्यसबखत यीनै दुइजना पतिपत्नी थिए र पण्डित अमात्य चाहिं म नै थिएँ" भनी भन्नुभयो।

५. एकपद जातक (२३८)

"इङ्घ एकपदं ताता'ति...[1]" भन्ने यो गाथा जेतबनमा बसिरहनुभएका शास्ताले एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

यो कुटुम्बिक श्रावस्तीवासी थियो । अनि एकदिन काखमा बसिरहेको छोरोले " अर्थको द्वार " भन्ने प्रश्न सोध्यो ।

" यो प्रश्न बुद्ध विषयको कुरा हो, अरूले भन्न सक्ने होइन" भनी छोरालाई लिएर जेतवनमा गई शास्तलाई वन्दना गरी "भन्ते ! काखमा बसेको यो बालकले 'अर्थको द्वार' भन्ने प्रश्न सोध्यो । त्यो प्रश्नको उत्तर थाहा पाउन नसकेर म यहां आएको हुं । भन्ते ! यो प्रश्नको उत्तर बताइबिनुहोस् ।"

---

१. जा. पा. I. पृ. ६१: एकपदजातकं, नं. २३८, अ. क. I–II. पृ. ५३७.

"उपासक ! यो बालक अहिले मात्र अभिवृद्धि खोज्ने होइन अघि पनि खोजि गरेकै थियो र यो प्रश्न पनि पण्डितहरूसँग सोधेको थियो । अनि पुराना पण्डितहरूले उसलाई उत्तर पनि दिएका थिए । तर पूर्वजन्मको कुरा भएको हुनाले यसले संझन सकेन" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा श्रेष्ठी कुलमा जन्मेका बोधिसत्वको वैंश पुगेपछि यिनका पिता परलोक भए । त्यसपछि यिनलाई श्रेष्ठीस्थान प्राप्त भयो ।

अनि उनको तरुण कुमार काखमा बसेर "तात ! मलाई एकपदले अनेक अर्थ बुझाउने एक कारण बताउनुहोस्" भन्दै पहिलो गाथा भन्यो—

"इङ्घ एकपदं तात अनेकत्थपदनिस्सितं ।
किञ्चि सङ्गाहिकं ब्रूहि येनत्थे साधयामसे ।।"

अर्थ —

"तात ! अनेक अर्थपदहरू भित्रिएको कुनै एक कारण भन्नुहोस् । केही अर्थयुक्त कुरा भन्नुहोस् ताकि म अभिवृद्धिको साधन गर्न सकूँ ।"

अनि उसका पिताले बताउँदै दोश्रो गाथा भने—

"दक्खेय्येकपदं तात अनेकत्थपदनिस्सितं ।
तं च सीलेन संयुत्तं खन्तिया उपपादितं ।
अलं मित्ते सुखापेतुं अमित्तानं दुखाय चाति ।।"

अर्थ—

"तात ! दक्षता भन्ने एक त्यस्तो पद छ जसमा अनेकार्थ निहीत हुन्छ । त्यो दक्षता पनि वीर्य-पराक्रम र शील तथा अधिवासन क्षान्ति गुणले उत्पन्न गर्न सकिन्छ । यसले मित्रलाई सुखी पार्न पनि सक्छ र अमित्रलाई दुःखी पनि ।"

यसरी बोधिसत्वले पुत्रलाई प्रश्नको उत्तर दिए । उ पनि पिताले बताए बमोजिम आफ्नो हित गरी कर्मानुसार परलोक भयो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा पिता पुत्र दुवैजना स्रोतापत्तिफलमा प्रतिष्ठित भए ।

"त्यसबखत पुत्र हुने यही नै थियो र बाराणशी श्रेष्ठी चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

६. वातग्गसिन्धव जातक (२६६)

"येनासि किसिया पण्डू'ति…[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले श्रावस्तीवासी एक कुटुम्बिकको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

श्रावस्तीमा एक अभिरूपा स्त्री एक अभिरूप पुरुषलाई देखेर आसक्त भई। भित्री क्लेशाग्नि उत्पन्नभई सबै शरीर विषले जले जस्तै जलन थाल्यो। उसलाई कायिक र मानसिक सुख पनि भएन। उसलाई भात पनि रुचि भएन। केवल खाट्को खुट्टा समाती सुत्नथाली। अनि उपस्थायिका र सहायिकाहरूले उसँग सोधे—"किन तिमी चञ्चल चित्त गर्छ्यौ? किन तिमी खाट्को खुट्टा समाती सुत्छ्यौ? तिमीलाई के भयो?"

---

१. जा. पा. I. पृ. ७२: वातग्गसिन्धवजातकं, नं. २६६, अ. क. I–II. पृ. ६०४.

एक दुइ पटक केही भनिन। बारम्बार सोधेपछि उसले सो कुरा बताई। अनि उनीहरूले आश्वासन दिंदै "तिमी चिन्ता नगर। हामी उसलाई ल्याइदिनेछौं" भनी गएर सो पुरुषसँग कुरा गरे। उसले इन्कार गऱ्यो। फेरि बारबार भनेपछि उसले स्वीकाऱ्यो। "अमुक दिन अमुक बेलामा आउनेछु" भन्ने वचन लिई उनीहरू गई उसँग भने। उसले आफू सुत्ने कोठा सजाई आफूलाई अलंकृतपारी खाट्मा बसिरहेको बेलामा उ आएर खाट्को एक छेउमा बस्यो। अनि स्त्रीले सोच्नथाली—"यदि आफ्नो गौरव नराखी पहिलो पटकमै यिनलाई मौका दिएँ भने मेरा सारा ऐश्वर्य हराउनेछन्। आएको दिनमै मौका दिनु चाहिं राम्रो होइन। आज यिनलाई लज्जित गराउनेछु र अर्को दिनमा मौका दिनेछु।" अनि उ आएर हात आदि समाती खयाल ठट्टा गर्न थाल्यो। हात समाती खयाल ठट्टा गर्दा उसले "हात छोड मलाई तिमी चाहिन्न, जाऊ" भनी कडा शब्द भनी। उ लज्जित भई पर सरेर आसनबाट उठी आफ्नो घर गयो।

अरू स्त्रीहरूले उसले त्यस्तो व्यवहार गरेको कुरो जानी सो पुरुष घरबाट निस्किसकेपछि उसकहाँ गई यस्तो भने—"तिमी उमाथि आसक्तछ्यौ, खाना छोडेर लेटीरहन्छ्यौ। हामीले उसलाई बारम्बार भनेर ल्याइदियौं। किन उसलाई मौका नदिएको ?" उसले उक्त कुरा भनी। अनि "त्यसोभए अब थाहापाउनेछ्यौ" भनी उनीहरू निस्केर गए। सो पुरुषले फेरि फर्केर पनि हेरेन। उसलाई नपाएर उ निराहारी भई उहीं ज्यान गयो।

उ मरेको सुनी सो पुरुष धेरै मालागन्धविलेपन लिई जेतवनमा

गई शास्तालाई पूजा र वन्दना गरी एक छेउमा बसेपछि शास्ताले "उपासक! आजकल देखिन्नौ नि, किन?" भनी सोध्नु भएपछि त्यो कारण बताउँदै "भन्ते! यतिका दिनसम्म म लज्जाको कारणले गर्दा बुद्धोपस्थानमा पनि आउन सकिन" भनी भन्यो।

"उपासक! अहिले तिमीमाथि आसक्तभई तिमीलाई बोलाउन लगाई आएको बेलामा तिमीलाई मौका नदिई लज्जित गराइदिई। पहिले चाहिं पण्डितहरूमाथि पनि आसक्तभई बोलाउन लगाई आउँदा-खेरि चाहिं मौका नदिई हैरान गराई फर्काउन लगाएकी थिई" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन अनुरोध गरेपछि शास्ताले पूर्व-जन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व सिन्धव भन्ने घोडाको कुलमा जन्मी वातग्ग-सिन्धव भन्ने नामले राजाको मंगल घोडा भएका थिए। घोडा गोठाला (सएस) ले उनलाई गंगामा नुहाइरहेको बेलामा कुण्डली भन्ने गधहीले देखेर उनमाथि आसक्तभई क्लेशको कारणले कम्पितभई न खाना खाई न पानी नै पिई। अनि दुब्ली भई हाड र छाला मात्र भई। अनि आमा गधही यसरी सुकेर गइरहेको उसको गधाहा छोराले देखेर "आमा! किन तिमी न घांस खान्छयौ, न पानी पिउँछयौ, सुकेर

गइसक्यो। थरथर काँपी जतापनि सुतछ्यौ। तिमीलाई के कष्ट भयो?" भनी सोध्यो।

उसले केही भनिन। अनि बारबार सोधेपछि उक्त कुरा भनी।

अनि उसको छोराले आश्वासन दिँदै "आमा! चिन्ता नगर्नुहोस् मैले उनलाई ल्याउनेछु" भनी वातग्गसिन्धव नुहाउन गएको बेलामा उनकहाँ गई "तात! मेरी आमा तपाइमाथि आसक्त भई निराहारिणी भई दुवली भएर हिँडेकी छे। उसको ज्यान बचाइदिनुहोस्" भन्यो।

"हुन्छ, तात! दिन्छु। घोडाको गोठलाले मलाई नुहाइसकेपछि केही छिन घुम्नको लागि गंगाको तीरमा छोडनेछ। तिमी आमालाई लिएर त्यो ठाउँमा आऊ" भनी भने।

उ गई आमालाई ल्याई त्यो ठाउँमा छाडी आफू एक ठाउँमा छेकिने गरी उभिएर बस्यो। घोडाको गोठालेले पनि उनलाई त्यो ठाउँमा छाडिदियो। गधही देखेर उनी उसकहाँ गए।

उनी आई आफ्नो शरीर सुँघीरहेको बेलामा गधहीले सोची—"यदि मैले आफ्नो गौरव नराखी आएकै बेलामा यिनलाई मौका दिऊँ भने मेरो यश र ऐश्वर्य पनि हराउने छ। अतः नचाहेको जस्तो गर्नुपर्छ।"

यति सोचेर सिन्धवको चयापुको तल्लो भागमा खुट्टाले हिर्काई भागेर गई। त्यस प्रहारले दाँतको जरा नै उखेलिएको जस्तो भएको थियो। अनि वातग्गसिन्धव "यसको मलाई के जरूरत छ र!"

भन्दै लज्जित भई त्यहाँबाट भागेर गए। गधही पश्चात्ताप मानी त्यहीँ लडी शोक गरेरै सुती। अनि उसको छोरा उसकहाँ गई प्रश्न सोध्दै पहिलो गाथा भन्यो—

"येनासि किसिया पण्डु येन भत्तं न रुच्चति।
अयं सो आगतो तात कस्मादानि पलायसी'ति ॥"

अर्थ—

"जसको कारणमा तिमी पण्डुवर्णी भई दुब्ली भएकीछ्यौ, जसको कारणमा खाना नखाई बस्छ्यौ। अनि उनी आएको बेलामा किन त्यहाँबाट भागेकी ह्वौ ?"

छोराको कुरा सुनी गधहीले दोश्रो गाथा भनी—

"सचे पनादिके नेव सन्थवो जायति।
यसो हायति इत्थीनं तस्मा तात पलायह'न्ति ॥"

अर्थ—

"यदि पहिलो पटकैमा संसर्ग भएको खण्डमा स्त्रीहरूको यश हानी हुनेछ। तात ! त्यसैले भागेकी हुँ।"

यसरी उसले छोरालाई स्त्रीहरूको स्वभाव बताई।

यो तेश्रो गाथा चाहिं अभिसम्बुद्ध भइसक्नुभएपछि शास्त्राले भन्नु भएको हो।

"यसस्सीनं कुले जातं आगतं या न इच्छति ।
सोचेति चिररत्ताय वातग्गमिव कुन्दली'ति ।।"

अर्थ—

"यशस्वी कुलमा जन्मेकोलाई आएको बेलामा जसले इच्छा गर्दैन उसले धेरै रातसम्म शोक गर्नेछ । जस्तै बातग्गसिन्धवको कारणमा कुन्दलीले गरी ।"

शास्ताले यो पूर्वजन्मको कुरा ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा कुटुम्बिक स्रोतापत्ति-फलमा प्रतिष्ठित भयो ।

"त्यसबखतकी गधही यो स्त्री थिई र बातग्गसिन्धव चाहिं म नै थिएं" भनी भन्नुभयो ।

---

७. मतरोदन जातक(३१७)

"मतमतमेव रोदथा'ति…१" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले श्रावस्तीवासी एक कुटुम्बिकको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

उसको एक दाइको मृत्यु भयो। उ उसको मृत्यु भएदेखि शोकाकुलित भई न नुहाउँछ, न खान्छ, न त मुखमा चन्दनादिको लेप नै लगाउँछ। बिहान सबेरै चिहानमा गई शोकाकुल भई रुनथाल्छ।

प्रत्यूष समयमा शास्ताले लोकमा हेरिरहनु भएको बेलामा उसको स्रोतापत्तिफलको उपनिश्रय देख्नुभई "यसलाई बितेका कारणहरू बताई शोक दूर गरी स्रोतापत्तिफलमा प्रतिष्ठित गर्न म बाहेक समर्थवान् अरू कोही छैन। अतः यसको सहारा हुनुपर्छ" भनी विचार गर्नुभई भोलिपल्ट भिक्षाटन्‌बाट फर्केर भोजनकृत्य सिद्धिएपछि अनुगामी श्रमण-

---

१. जा. पा. I. पृ. ९३: मतरोदनजातकं, नं. ३१७, अ. क. III. पृ. ४०.

लाई लिएर उसको घरको दैलोमा जानुहुँदा "शास्ता आउनु भएको छ" भन्ने सुनेर आसन बछ्याई कुटुम्बिकले "भित्र पाल्नुहोस्" भनी भनेपछि भित्र पस्नुभई शास्ता बिछ्याइराखेको आसनमा बस्नुभयो ।

कुटुम्बिक आई शास्तालाई वन्दना गरी एक छेउमा बस्यो ।

अनि शास्ताले उसँग "कुटुम्बिक ! चिन्ता गरिरहेका छौ कि क्याहो ? भनी सोध्नुभयो ।

"हो भन्ते ! मेरा दाइको मृत्यु भएदेखि चिन्ता गर्दैछु ।"

"आवुसो ! सबै संस्कारिक वस्तु अनित्य नै हुन् । विनाश हुनुपर्ने चीज विनाश नै हुन्छ । यसमा चिन्तागर्नु हुन्न । पुराना पण्डित-हरूले पनि "दाइको मृत्यु भएपछि विनाश हुनुपर्ने चीज विनाश भयो" भनी चिन्ता गरेका थिएनन् भनी भन्नुभयो । अनि उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व असीकोटी वैभवसम्पत्ति हुने श्रेष्ठीको कुलमा जन्मे । उनको वँश पुगेपछि आमाबाबुहरू खसे । उनीहरू खसेपछि बोधिसत्वका दाइले कुटुम्ब हेर्नथाल्यो । बोधिसत्व उसको कारणद्वारा जीविका गर्दथे । पछि गएर त्यस्तै रोगले उसको मृत्यु भयो । नातेदारहरू

र अमात्यहरू भेलाभई हात बाँधी रुनथाले र बिरह गर्नथाले । एकजना पनि आफ्नो स्वभावमा बसिरहन सकेन । बोधिसत्व भने न रुन्छन्, न त बिरह- नै गर्छन् । अनि मानिसहरूले भन्नथाले—"भो हेर ! दाइ मरेर पनि यिनको मुखमा कत्तिपनि मलिनता छैन । बडो कठोर हृदयका रहेछन् । दुवैभाग म नै खानेछु भनी दाइ मरोस् भन्ने चाहेका रहेछन् जस्तो लाग्छ" भन्दै बोधिसत्वलाई निन्दा गरे । नातेदारहरूले पनि "दाइ मरेर पनि तिमी रुँदा पनि रुँदैनौ" भनी निन्दा गरे ।

उनीहरूको कुरा सुनी बोधिसत्वले भने—"तिमीहरू चाहिं आफ्नो अन्धअज्ञानताको कारणले गर्दा र अष्टलोक धर्म [1] लाई नबुझी मेरा दाइ मरे भनी रुन्छौ । म पनि मर्नेछु, तिमीहरू पनि मर्नेछौ, आफू आफू 'हामी पनि मर्नेछौं भनी तिमीहरू किन रुन्नौ त ?' सबै संस्कारहरू नित्यभइरहन्नन् । त्यसैले आफ्नो स्वभावमा स्थिर रहनसक्ने कुनै संस्कृत वस्तु छैन । तिमीहरू चाहिं अन्धबाल भएर अज्ञानताको कारणले अष्टलोक धर्मलाई नबुझी रोयौ भनेर म किन रोऊँ ?" भनी यी गाथाहरू भने—

१. "मतमतमेव रोदथ नहि तं रोदथ यो मरिस्सति ।
सब्बेव सरीर धारिनो अनुपुब्बेन जहन्ति जीवितं ।।

---

१. लाभ, अलाभ, अयश, यश, निन्दा, प्रशंसा, सुख र दुःखलाई 'अष्टलोकधर्म' भनिएको हो ।

२. "देवमनुस्सा चतुप्पदा पक्खिगणा उरगा च भोगिनो ।
सम्हि सरीर अनिस्सरा रममानाव जहन्ति जीवितं ।।

३. "एवं चलितं असण्ठितं सुखदुक्खं मनुजेसु अपेक्खियं ।
कन्दितरुदिनं निरत्थकं किं वो सोकगणाभिकीररे ।।

४. "धुत्ता सोण्डा अकता बाला सूरा अयोगिनो ।
धीरं मञ्ञन्ति बालोति ये धम्मस्स अकोविदा'ति ।।"

अर्थ—

१–"मरे मरेकाकोनिमित्त मात्र रुन्छन् तर जो मर्नेछन् उनीहरूकोनिमित्त भने कोही रुँदैनन् । शरीरधारी सबै प्राणीहरू क्रमैसँग मरेर जानेछन् ।

२–"देव, मनुष्य, चौपाया, चराचुरिङ्गी, महाफणा भएका सर्पहरू आदि कुनै पनि प्राणी आफ्नो शरीरको स्वामी बन्न सक्दैन र भोगविषयमा रमण गर्दा गर्दै जीवन छाडेर जान्छन् ।

३–"यसरी अस्थिर र चञ्चल भएका मानिसहरूको सुख दुःखहरूमा रुनु कराउनु ब्यर्थ हो । अतः तिमीहरू सबैले शोक गरेर के गर्ने ?

४–"स्त्री धूर्तादि धूर्त, रक्सीबाज, अशिक्षित मूर्ख, अकर्तव्यमा लाग्ने र शूर आदि धर्म नजान्नेहरू ज्ञानीलाई मूर्ख ठान्दछन् ।"

यसरी धर्मदेशना गरी बोधिसत्वले सबैलाई शोकवाट दूर गराए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा कुटुम्बिक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखत धर्मदेशना गरी महाजनहरूलाई शोकवाट दूर गराउने पण्डित चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

८. सुच्चज जातक (३२०)

"सुचज्जं वत नच्चजी'ति...१" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ गाउँका आसामीहरूसँग ऋण असुल गर्नेछु भनी भार्या सहित त्यहाँगई ऋण असुल गरी गाडा ल्याई "पछि लैजानेछु" भनी एक घरमा राखी पुन श्रावस्तीमा जाँदा बाटोको बीचमा उनीहरूले एउटा पहाड देखे । अनि उसकी भार्याले सोधी—"स्वामी ! यदि यो पहाड सुवर्णमय भएको खण्डमा मलाई पनि केही दिनुहुन्छ कि ?"

"तिमी को ह्वौ र ? केही दिने छैन ।"

"अहो ! कस्तो कठोर हृदय भएको पुरुष रहेछ । पहाड

१. जा. पा. I. पृ. ९५: सुचज्जजातकं, नं. ३२०, अ. क. III. पृ. ४७.

सुवर्णमय भएर पनि मलाई केही दिन्न भनी भन्ने" भनी बडो दुःखी भई ।

उनीहरू जेतवन नजिकबाट गइरहेको बेलामा 'पानी पिउनु पर्‍यो' भनी विहारमा पसी पानी पिए ।

शास्ता पनि प्रत्यूषसमयमै उनीहरूमा स्रोतापत्तिफलको उपनिश्रय देखनुभई उनीहरूकै बाटो हेरी छवर्ण[1] बुद्धरश्मी फैलाउँदै गन्धकुटीको आँगनमा बसिरहनु भएको थियो ।

उनीहरू पानी पिई शास्ताकहाँ आई वन्दना गरी बसे । शास्ताले उनीहरूसँग कुशलवार्ता गर्नुहुँदै "कहाँ गएका थियौ ?" भनी सोध्नु भयो ।

"भन्ते ! ऋण असुल गर्नकोनिमित्त आफ्नो गाउँमा गएका थियौं ।"

"उपासिके ! के तिम्रो पति तिमीमाथि हितचिन्तक भई उपकार गर्छ ?"

"भन्ते ! म त यिनीमाथि सस्नेहीछु, यी भने ममाथि सस्नेही छैनन् । आज मैले पहाड देखेर 'के यो पहाड सुवर्णमय भएमा मलाई केही दिनेछौ ?" भनी सोध्दा 'तिमी को हौ र ? केही दिने छैन' भनी भने । यस्तोबिध्न कठोर हृदयका छन् यिनी ।"

---

१. छवर्ण बुद्धरश्मी भनेको के हो भन्ने कुरा बु. श्रा. च. भा–१, पृ. ३५ को पादटिप्पणीमा हेर्नू ।

"उपासिके ! अहिले यस्तो भनेता पनि अघि जब तिम्रो गुण संस्मरण यसले गऱ्यो तब तिमीलाई सबैप्रकारको ऐश्वर्य दिएको थियो" भनी भन्नुहुँदा त्यो कुरा बताउनुहोस् भनी उनीहरूले प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व उनको सर्वार्थसाधक अमात्य भएका थिए । अनि एकदिन राजाका छोरा उपस्थानमा आएको देखेर 'शायद यिनले म उपर षडयन्त्र पनि गर्नसक्छन्' भनी राजाले उनलाई बोलाउन लगाई "तात ! जबसम्म म जीवित रहनेछु तबसम्म तिमी नगरमा बस्न पाउने छैनौ । अन्यत्र बसी म मरेपछि राज्य गर" भनी भने ।

"हुन्छ" भनी पितालाई वन्दना गरी जेठी पत्नीलाई लिएर नगरबाट निस्की प्रत्यन्तमा गई जंगलमा पर्णशाला बनाई बनको फलमूलले जीबिका गरी बसे । पछि राजाको मृत्यु भयो ।

उपराजाले नक्षत्र हेरिरहेको बेलामा उनी मृत्यु भएको कुरा जानी बाराणशीमा आइरहेको बेलामा बाटाको बीचमा एक पहाड देखे । अनी उनकी पत्नीले भनिन्—"देव ! यदि यो पहाड सुवर्णमय भएको खण्डमा मलाई पनि केही दिनु हुने छ के ?"

"तिमी को हौ र ? केही दिने छैन ।"

"म चाहिं यिनीप्रति सस्नेहको कारणले गर्दा यिनलाई छाड्न नसकी जंगलमा समेत आएँ। यिनी भने यस्तो भन्दछन्। बडो कठोर हृदयी रहेछन्। यिनी राजा भएर मेरो के कल्याण गर्लान् र!" भनी सारै दुःखी भइन्।

उपराजा राज्यमा प्रतिष्ठित भएपछि उनलाई अग्रमहिषीको स्थानमा राखे। यति यश मात्र प्रदान गरे। अरू कुनै सत्कार सम्मान छैन। उनी छन् वा छैनन् भन्ने कुरासम्मको पनि वास्ता गरेनन्।

एकदिन बोधिसत्वले सोचे "यी देवी यी राजाका उपकारिणी हुन्। दुःखलाई परवाह नगरी जंगलमा बसिन्। राजा चाहिं यिनलाई गन्दै नगनी अरूसँगै अभिरमण गरी हिँड्छन्। जस्तो गर्दा यिनले सबै ऐश्वर्य पाउनेछिन् त्यस्तै गर्नुपर्‍यो।"

यति सोचेर एकदिन बोधिसत्व उनकहाँ गई "महादेवी! हामीले तपाइको तरफबाट पिण्ड मात्र पनि पाउँदैनौं। किन हामीमाथि यतिविघ्न उपेक्षा गर्नु भएको? तपाइ बडो कठोर हृदयकी हुनुहुँदो रहेछ" भनी भने।

देवी भन्दछिन्—"तात! यदि मैले पाएको भए तिमीहरूलाई पनि दिने थिएँ। न पाएपछि के दिने र? अहिले राजाले के देलान् र जसले बाटाका बीचमा 'यो पहाड सुवर्णमय भएमा तपाइले मलाई पनि केही दिनुहुन्छ कि?' भनी सोध्दा त 'तिमी को हौ र? केही दिनै छैन' भनी भने। जो वस्तु सरलपूर्वक परित्याग गर्न सक्ने हो त्यो त परित्याग गरेनन् भने अहिले के देलान् र!"

"राजाको अगाडि यो कुरा भन्न सक्नुहुन्छ त ?"

"तात ! किन नसक्नु ।"

"त्यसोभए राजाको अगाडि उभिइरहनु हुँदा म सोध्नेछु तपाइले भन्नुहोस् ।"

"हुन्छ, तात !"

अनि देवी राजाकहाँ उपस्थानकोनिमित्त उभिइरहेको बेलामा बोधिसत्वले भने—"आर्या ! हामीले तपाइको तरफबाट केही पनि पाउँदैनौं, होइन त ?"

"तात ! मैले पाए पो तिमीहरूलाई दिने । म त केही पाउँदिन भने तिमीहरूलाई कहाँबाट दिऊँ ? राजाले अहिले के देलान् र ! जंगलबाट आइरहेको बेलामा एक पहाड देखेर 'यदि यो पहाड सुवर्णमय भएको भए त्यसमा मलाई पनि केही दिनु हुन्छ के ?' भनी भन्दा त 'तिमी को हौ र ? केही दिने छैन' भनी भन्नुहुन्छ । सरलतापूर्वक परित्याग गर्न सक्ने वस्तु त परित्याग गर्न सक्नुहुन्न भने अरू के दिनुहोला र ?" भन्ने अर्थ प्रकाश पार्दै पहिलो गाथा भनिन्—

"सुचज्जं वत नच्चजी वाचाय अददं गिरिं ।
किं हि तस्स चजन्तस्स वाचाय अदद पब्बतं ति ।।"

अर्थ—

"सरलतापूर्वक दिनसक्ने पहाड त वचनले मात्र पनि दिन सकेनन्

भने अहिले अरू के देलान् र ? के वचनले मात्र विदंमा पहाड़ बिएको हुन्छ र ?"

यो सुनेर राजाले दोश्रो गाथा भने—

"यं हि कयिरा तंहि वदे यं न कयिरा न तं वदे ।
अकरन्तं भासमानं परिजानन्ति पण्डिता'ति ।।"

अर्थ—

"जो गर्ने हो सोही मात्र भन्नुपर्छ, जो गरिदैन त्यो नभन्नू । नगरिकन पनि भन्नेलाई यसले झूठो बोलवछ भनी पण्डितहरूले चिन्दछन् । (मूर्खहरू मात्र वचन मात्रले सन्तुष्ट हुन्छन्)"

यो सुनेर राजालाई हातजोरी देवीले तेश्रो गाथा भनिन्—

"राजपुत्त नमो त्यत्थु सच्चे धम्मे ठितोवसि ।
यस्स ते ब्यसनं पत्तो सच्चस्मि रमते मनो'ति ।।"

अर्थ—

"तपाइ सत्यधर्ममा बस्नु भएको छ, दुःख पर्दाखेरि पनि तपाइको मन सत्यतामा नै रमण गर्दथ्यो; राजपुत्र ! तपाइलाई मेरो नमस्कार छ ।"

यसरी राजाको गुणगान गर्ने देवीको कुरा सुनेर बोधिसत्वले महारानीको गुण प्रकाशपार्दै चौथो गाथा भने—

"या दलिद्दी दलिद्दिस्स अड्ढा अड्ढस्स कित्तिमा ।
साहिस्स परमा भरिया सहिरञ्ञस्स इत्थियो'ति ।।"

अर्थ—

"जुन भार्या दरीद्रको साथ दरीद्र भई धनीको साथ धनी भई बस्छे सोहि कीर्तिवान् परम भार्या हुन्छे। धनवान्‌का त भार्याहरू हुन्छन् नै ।"

अनि बोधिसत्वले—"महाराज ! यी महारानी तपाइको दुःखको वेलामा जंगलमा समानरूपले दुःखिनी भई बसेकी थिइन् । अतः यिनलाई सम्मान गर्नुपर्छ" भनी देवीको गुण बताइदिए ।

उनको कुराद्वारा राजाले देवीको गुणलाई अनुस्मरण गरी "पण्डित ! तिम्रो कुरा सुनी मैले देवीको गुणलाई अनुस्मरण गरें" भनी उनलाई सबै ऐश्वर्य दिए । देवीले पनि "तिमीले मेरो गुण राजालाई संस्मरण गराइदियौ" भनी बोधिसत्वलाई महासत्कार गरिन् ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अन्त्यमा पतिपत्नी दुवैजना स्रोतापत्ति-फलमा प्रतिष्ठित भए ।

"त्यसबखत बाराणशी राजा यी नै कुटुम्बिक पिए । देवी चाहिँ यी उपासीका पिइन् र पण्डित अमात्य चाहिँ म नै पिएँ" भनी भन्नुभयो ।

---

९. अननुसोचिय जातक(३२८)

"बहूनं विज्जति भोती'ति...[१]" भन्ने यो गाथा जेतबनमा बसिरहनुभएका शास्ताले भार्या मरेकी एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ भार्या मरीकीले न नुहाउँछ, न खाना खान्छ र न कामकाज गर्छ बरु शोकाकुलित भई चिहानमा गई रुँदै कराउँदै हिड्छ । उसको अभ्यन्तरमा चाहिं घरको गजूरमा बलिरहेको बत्ती जस्तै स्रोतापत्तिफलको उपनिश्रय बलिरहेको थियो ।

प्रत्यूष समयमा लोकमा शास्ताले हेरिरहनुभएको बेलामा उसलाई देखनुभई "यसलाई शोकबाट दूरगरी स्रोतापत्ति मार्गमा राख्न सक्ने पुरुष म बाहेक अरू कोही छैन" भन्ने बुझ्नुभई "यसको सहायक

१. जा. पा. I. पृ. ९८: अननुसोचियजातकं, नं. ३२८, अ. क. III. पृ. ६५.

हुनुपऱ्यो" भनी भिक्षाटन्‌बाट फर्केर भोजन सिद्धिएपछि अनुगामी श्रमण-लाई लिई उसको घरको दैलोमा जानुभयो। अनि कुटुम्बिकले सुगत आउनु भएको छ भन्ने सुनेर अगुवानी आदि सत्कार गरेपछि भगवान् बिच्छ्याइराखेको आसनमा बस्नुभयो। अनि कुटुम्बिक आई एक छेउमा बस्यो। भगवान्‌ले उसँग "उपासक! के चिन्ता गर्दैछौ?" भनी सोध्दा "हो, भन्ते! भार्या मरेकी हुँदा त्यसैको कारणमा शोक गरी चिन्ता गर्दैछु" भनी भनेपछि "उपासक! विनाश हुने वस्तु विनाश नै हुन्छ। विनाश हुने वस्तु विनाश भयो भनेर त्यसको चिन्तागर्नु उचित छैन। पुराना पण्डितहरूले भार्या मरेर पनि विनाश हुने वस्तु विनाश भयो भनी चिन्ता गरेनन्" भन्नु हुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीतको कुरा चाहिं दशकनिपातको चुल्लबोधि जातकमा[१] आउनेछ। यहाँ चाहिं संक्षिप्तकथा यसप्रकार छ—

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको वेलामा बोधिसत्व ब्राह्मण कुलमा जन्मी वंश पुगेपछि तक्षशिलामा सबै शास्त्र अध्ययन गरी आमाबाबुहरूकहाँ गए। यो जातकमा बोधिसत्व कुमारब्रह्मचारी थिए। अनि उनका आमाबाबुहरूले "तिम्रो

१. जा. अ. क. IV. पृ. ६०, नं. ४४३.

लागि भार्या खोज्दैछौं" भनी भने। बोधिसत्वले भने—"मेरोनिमित्त घरगृहस्थाश्रमको काम छैन। तपाइहरू परलोक भएपछि प्रव्रजित हुनेछु।" उनीहरूले बारम्बार भनेपछि उनले एक सुवर्णरूप बनाउन लगाई "यदि यस्ती रूपवती कुमारी पाएमा ग्रहण गर्नेछु" भनी भने।

उनका आमाबाबुहरूले त्यो सुवर्णरूपलाई ढाकेको रथमा राखी "जाऊ, जम्बुद्वीप भर घुमी जहां यस्ती रूपवती ब्राह्मण कुमारी देखनेछौ त्यहीं यो सुवर्णरूप दिई उसलाई ल्याऊ" भनी विशाल परिवारका साथ मानिसहरूलाई पठाए।

त्यसबखत एक पुण्यवान् सत्व ब्रह्मलोकबाट च्युतभई काशीदेशमै एक निगम गाउँमा असीकोटी वैभव हुने ब्राह्मणको घरमा कुमारी भई जन्मी। सम्मिल्लहासिनी[1] भन्ने उसको नामकरण भयो।

उ सोह्र वर्षको उमेरमा पुग्दा अभिरूपा भएकी थिई। सर्वाङ्ग सम्पन्ना देवकन्या जस्तै प्रासादिका थिई। उसको पनि क्लेशको रूपमा पहिले कहील्यै पनि चित्त उत्पन्न भएको थिएन। परम ब्रह्मचारिणी थिई। सुवर्णरूप लिएर घुम्नेहरू त्यस गाउँमा पुगे। त्यहाँ त्यो रूप देखेर मानिसहरूले भन्नथाले—"अमुक ब्राह्मणकी छोरी सम्मिल्लहासिनी किन यहाँ उभिएकी रहिछे।"

खोज्न गएका मानिसहरूले यो सुनेर ब्राह्मण कुलमा गई सम्मिल्लहासिनीलाई मागे। उसले "तपाइहरू परलोक भएपछि म

१. रोमनमा: 'सम्मिल्ल भासिनी'।

प्रव्रजित हुनेछु, मलाई घरगृहस्थीको कुनै काम छैन" भनी आमाबाबुहरू-लाई खबर पठाई । "कुमारी ! तिमी के प्रव्रजित हुनेछयौ ?" भनी सुवर्णरूप लिएर उसलाई विशाल परिवारका साथ पठाए । बोधिसत्व र सम्मिल्लहासिनी दुवै जनाको इच्छा नहुँदा नहुँदै पनि मङ्गल कार्य गरे । एकै कोठामा बस्दा र एकै खाटमा सुत्दा पनि उनीहरूले परस्पर रागचित्तले हेरेनन् । दुइजना भिक्षुहरू र दुइजना ब्रह्मचारीहरू जस्तै गरी एउटै ठाउँमा बसे ।

पछि बोधिसत्वका आमाबाबुहरू परलोक भए । उनले उनी-हरूको शरीर कृत्य गरिसकेपछि सम्मिल्लहासिनीलाई बोलाउन लगाई "भद्रे ! मेरो कुलको तरफबाट असीकोटी धन र तिम्रो कुलको तरफबाट असीकोटी धन—यो यति धन लिई यो कुटुम्बको हेरविचार गर, म प्रव्रजित हुनेछु" भनी भने ।

"आर्यपुत्र ! तपाइ प्रव्रजित भएमा म पनि प्रव्रजित हुनेछु । तपाइलाई छाडेर बस्न सक्दिन ।"

सबै धनहरू दानकोनिमित्त परित्याग गरी थुक जस्तै सबै सम्पत्ती छाडेर उनीहरू हिमालयमा गई तपस्वी भेष अनुसार प्रव्रजित भई बनको फलमूलद्वारा जीविका गरी चीरकालसम्म त्यहीं बसी पछि नून र अमिलो सेवन गर्नकोनिमित्त हिमालयबाट ओर्ल्हीं क्रमशः वाराणशी पुगी राज्योदद्यानमा बसे ।

रुखा सुखा मिसिएको भोजन गरी त्यहां बसिरहेका उनीहरू-मध्ये निस्सार भोजनको कारणले गर्दा सुकुमारी भएकी परिव्राजिकालाई

रगत बग्ने रोग लाग्यो । अनुकूल औषधी नपाएर सारै कमजोर भई । भिक्षाटन्को बेला भएपछि बोधिसत्वले उसलाई लिएर नगरद्वारको कुनै एक शालामा फलेकमा सुताई स्वयं भिक्षाटनार्थ गए । उनी नआइ-पुग्दैमा उ परलोक भई । परिव्राजिकाको रूपसम्पत्ति देखेर घेरा लगाई बसिरहेका महाजनहरू रुनथाले । भिक्षाटन्पछि बोधिसत्व फर्केर आउँदा उ मरेको कुरा थाहापाई "विनाश हुने वस्तु विनाश भयो । सबै संस्कार अनित्य हुन् । हामी सबै यसै गतिका छौं" भनी सोची उ सुतिरहेको फलेकमै बसी भिक्षिएको भोजन गरी मुख कुल्ला गरे । घेरा लगाई बसिरहेका मानिसहरूले " भन्ते ! यी परिव्राजिका तपाइको को थिइन् ?" भनी सोधे ।

" गृहस्थीमा छँदा मेरी पादपरिचारिका थिई ।"

" भन्ते ! हामीहरू त सहन नसकी रुदैछौं, विरह गर्दैछौं भने तपाइ किन रुनु नभएको ?"

" जीवित छँदा थाहि मेरो कोही थ्यो । अहिले थाहि परलोक गइसकेकी हुँदा मेरो कोही थिइन । मर्नाको वशमा गइसकेकोकोनिमित्त म किन रुनु ?" भनी महाजनहरूलाई धर्मदेशना गर्दै बोधिसत्वले यी गाथाहरू भने—

१. "बहूनं विज्जति भोति तेहि मे किं भविस्सति ।
तस्मा एतं न सोचामि पियं सम्मिल्लहासिनिं ।।

२. "तं तञ्चे अनुसोचेय्य यं यं तस्स न विज्जति ।
अत्तानमनुसोचेय्य सदा मच्चुवसं पत्तं ।।

३. "नहेव ठितं नासीनं न सयानं न पद्धगुं ।
यावपाति निम्मिस्सति तत्रापि सरती वयो ।।

४. "तत्थत्तनि वत्तप्पद्धे विनाभावे असंसये ।
भूतं सेसं दयितब्बं वीतं अननुसोचिय'न्ति ।।"

अर्थ—

१–"भो ! यी सम्मिल्लहासिनी मेरी प्रिय भार्या हुन् । तर अहिले उनको मृत्यु भई सबै जाने ठाउँमा पुगिसकिन् । अब उनी मेरी कोही होइनन् । त्यसैले उनको कारणमा मैले शोक नगरेको हुँ ।

२–"यदि जुन् जुन् नपाइने हो त्य-त्यसको बारेमा शोक गर्नें हो भने आफ्नै बारेमा शोक किन नगर्नू ? जो कि सँधै मृत्युको वशमा अगाडि जाँदैछ ।

३–" उभिनु, बस्नु, सुत्नु र हिड्नु आदि चार ईर्यापथको त के कुरा ! आंखा चिम्लिनु र उघार्ने बेलामा समेत हामो क्षयगामी हुँदैछौं ।

४–"जुन बेलासम्म आफू अर्धबैंशमा पुगेको हुन्छ त्यस बेलासम्म निश्चय नै मृत्युको शंका हुन्न । अतः जीवित रहनेमाथि दया राख्नुपर्छ मरि सकेकाको बारेमा शोक गरेर के हुन्छ र ?"

यसरी महासत्वले चार गाथाद्वारा अनित्यता सम्बन्धी विषयमा प्रकाशपार्दै धर्मदेशना गरे । महाजनहरूले परिव्राजिकाको

अन्त्येष्टिकृया गरे। बोधिसत्व हिमालतिर गई ध्यानाभिज्ञ लाभ गरी ब्रह्मलोक परायण भए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अवशानमा कुटुम्बिक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो।

"त्यसबखत सम्मिल्लहासिनी हुने राहुलमाता (यशोधरा) र तपस्वी हुने चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१०. पक्कगोध जातक (३३३)

"तदेव मे त्व'न्ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

वर्तमानको कुरा चाहिंमाथि (पृ. ४१ सुचच्ज जातक–८) मा बताइसकिएको छ । यहां चाहिं ऋण असुल गरी आइरहेको बेलामा बाटाका बीचमा उनीहरूलाई एक व्याधाले "दुवैजना मिलेर खाऊ" भनी एउटा पोलेको (थल) गोही दियो । अनि त्यो पुरुषले भार्यालाई पानी लिन पठाई गोहीको मासु सबै आफूले खायो र उ आएपछि "भद्रे ! गोही भागेर गयो" भनी भन्यो ।

"ठीकै छ, स्वामी ! पोलेको गोही पनि भाग्दोरहेछ भने कसको के लाग्छ र !"

---

१. जा. पा. I. पृ. १०१: पक्कगोधजातकं, नं. ३३३, अ. क. III. पृ. ७४.

अनि जेतवनमा पानी पिई शास्ताको अगाडि बसिरहेकी उसँग शास्ताले "उपासिके ! तिम्रो यो पति तिमीमाथि हितकामी, सस्नेही र उपकारी छ के ?" भनी सोध्नुहुँदा "भन्ते ! म त यिनको हितकामी र सस्नेहीछु । तर यी भने ममाथि निस्नेही छन्" भनी भनी ।

शास्ताले भन्नुभयो—"भैहाल्यो, उपासिके ! यसले यस्तो गऱ्यो भनी चिन्ता नगर । जब यसले तिम्रो गुण संस्मरण गरेको थियो तब यसले तिमीलाई नै सबै ऐश्वर्य सुम्पिदिएको थियो ।" यस्तो भन्नुहुँदा उनीहरूले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत कथा पनि माथि (पृ. ४३) मा उल्लेख भए बमोजिम नै हो । यहाँ चाहिं उनीहरू फर्किरहेको बेलामा उनीहरू थकित भएको देखेर एक ब्याधाले बाटाको बीचमा "दुवैजना मिलेर खाऊ" भनी एउटा पोलेको (थल) गोही दियो । राजकन्याले त्यसलाई लहराले बाँधिन् र लिएर दुवै बाटोलागे । अनि उनीहरूले एक तलाउ देखी बाटाबाट एकातिर लागी एक पीपलको रुखमनि बसे । राजपुत्रले "भद्रे ! जाऊ, तलाउमा गएर पद्मपत्रमा पानी लिएर आऊ मासु खानेछु" भनी भने । गोहीलाई रुखको शाखामा झुण्ड्याई उनी पानी लिन गइन् । राजपुत्रले गोहीको मासु सबै खाई पुच्छरको टुप्पो समाती फर्केर बसिरहे । उनले

पानी ल्याएपछि "भद्रे ! गोही रुखबाट ओर्ली धमिराको गोलोभित्र पस्यो । दौडेर मैले उसको पुच्छर समातें । समातेको पुच्छर चुडाली हातैमा छाडी उ प्वालभित्र पस्यो" भनी भने ।

"देव ! हुनदिनुहोस्, पोलेको गोहो पनि भागेर जान्छ भने के गर्ने र !" आउनुहोस् जाऔं । उनीहरू पानी पिई बाराणशीमा गए ।

राजपुत्र राज्यमा प्रतिष्ठित भएपछि राजकन्यालाई अग्रमहिषी स्थान मात्र दिए । उनले अरू मानसत्कार भने केही पाइनन् ।

उनलाई सत्कार गराउने मनसुवाले राजाको अगाडि उभिइरहेकी महारानीलाई बोधिसत्वले भने — "आर्या ! तपाइको तरफबाट केही पाउँदिन । हामीलाई किन हेर्नु नभएको ?"

"तात ! मैले त राजाबाट केही पाउँदिन भने तिमीहरूलाई कहाँबाट दिने र ? अहिले राजाले के देलान् र ? जब कि जंगलबाट आइरहेको बेलामा पोलेको गोहीको मासु त आफू एक्लैले खाए भने ।"

"आर्या ! राजाले त्यस्तो गरेनन् होलान् । यस्तो नभन्नुहोस् ।"

अनि देवीले—"यो कुरा तिमीलाई थाहाछैन । राजा र मलाई मात्र यो कुरा थाहाछ" भन्दै प्रथम गाथा भनिन्—

"तदेव मेत्वं विदितो वनमज्झे रथेसभ ।
यस्स खग्गवन्धस्स सन्नद्धस्स तिरीटिनो ।
अस्सत्थ दुम साखाय पक्का गोधा पलायति ॥"

अर्थ—

"हे राजन् ! मैले तपाइलाई त्यही जंगलको बीचमा नै चिनें जब कि तरवार बांधेर वल्कल वस्त्र लगाई तपाइले पोलि राखेको गोही पीपलको शाखाबाट भाग्यो भनी भन्नुभयो ।"

यो सुनेर "आर्या ! देवलाई अप्रिय लागेपछि दुवैलाई कष्ट हुने गरी किन यहां बस्नुहुन्छ ?" भन्दै बोधिसत्वले यी दुइ गाथाहरू भने—

१. "नमे नमन्तस्स भजे भजन्तं,
किच्चानु कुब्बस्स करेय्य किच्चं ।
मानत्थकामस्स करेय्य अत्थं,
असम्भजन्तम्पि न सम्भजेय्य ।।

२. "चजे चजन्तं वनथं न कयिरा,
अपेतचित्तेन न सम्भजेय्य ।
दिजो दुमं खीणफलंव ञत्वा,
अञ्ञं समेक्खेय्य महाहि लोको'ति ।।"

अर्थ—

१–"नम्र हुनेसंग नम्र हुनू र साथमा बस्न चाहनेसंग साथमा बस्नू । आफ्नो काम गरिदिनेको काम पनि गरिदिनू, विभिन्न हित

चाहनेको हित पनि गर्नू र आफूसँग बस्न नचाहनेसँग बस्दा पनि नबस्नू ।

२–" आफूलाई छाडनेलाई छाडी उसमाथि आशा नगर्नू र टाढा भएको चित्त हुनेसँग साथमा पनि नबस्नू । फल नभएको रुखलाई चराहरूले छाडने कुरो बुझेर अरूको बोलि गर्नू । यो संसार विशाल छ ।"

बोधिसत्वले यति भन्दा भन्दै उनको गुणलाई संस्मरण गरी राजाले " भद्रे ! अहिलेसम्म मैले तिम्रो गुणलाई जान्न सकेको थिइन । पण्डितको कुरा सुनेर मात्र जान्नसकें । मेरो अपराधलाई क्षमा गर्नें तिमीलाई यो सबै राज्य दिनेछु" भन्दै चौथो गाथा भने—

"सो ते करिस्सामि यथानुभावं,
कतञ्ञुतं खत्तिये पेक्खमानो ।
सब्बञ्च ते इस्सरियं ददामि,
यस्सिच्छसि तस्स तुवं ददामी'ति ।।"

अर्थ—

" हे क्षत्रिणी ! तिम्रो कृतज्ञतालाई देखेर अब मैले आफ्नो शक्तिले भ्याएसम्मको कुरो तिम्रोनिमित्त गर्नेछु, सबै ऐश्वर्यहरू दिनेछु, तिमी जे चाहन्छयौ सोही दिनेछु ।"

यति भनी राजाले देवीलाई सबै ऐश्वर्यहरू दिए । "यसले गर्दा

मैले यिनको गुणलाई जान्नसकें" भन्दै पण्डितलाई पनि महान ऐश्वर्य दिए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अन्त्यमा दुबै पतिपत्नी स्रोतापत्तिफलमा प्रतिष्ठित भए।

"त्यसबखतका पतिपत्नी अहिलेका पतिपत्नी नै थिए र पण्डित अमात्य चाहिं म नै थिएँ" भनी भन्नुभयो।

११. सुजात जातक(३५२)

"किन्नुसन्तरमानोवा'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले बाबु मरेको एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ बाबु मरेपछि परिदेव गरी विचरण गर्न थाल्यो । शोकलाई दूर गर्न सकेन । अनि उसको स्रोतापत्तिफलको उपनिश्रय देखी श्रावस्तीमा भिक्षाटन् गरी एक श्रमण साथमा लिई उसको घरमा गई बिच्छ्याइराखेको आसनमा शास्ता बस्नुभयो । अनि वन्दना गरी बसेको उसँग "उपासक ! शोक गरिरहेकाछौ कि क्याहो ?" भनी सोध्नुहुँदा "हो, भन्ते !" भनी भनेपछि "आवुसो ! पुराना पण्डितहरूले पण्डित-हरूको कुरा सुनी बाबु मरे भनेर शोक गरेनन्" भनी भन्नुहुँदा उसले

१. जा. पा. I. पृ. ११२ः सुजातजातकं, नं. ३५२, अ. क. III. पृ. १०७.

सो कुरा बताउनहुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व एक कुटुम्बिकको घरमा जन्मे । उनलाई सुजात कुमार भनी भन्दथे । बैंश पुगेपछि उनको बाजे मऱ्यो । अनि उनका पिता बाबु मरेपछि अन्तेष्ठि क्रिया गरी शोकाकुलित भई चिहानमा गई त्यहांबाट उसका हाडहरू ल्याई आफ्नो उदयानमा माटोको स्तूप बनाई ती हाडहरू त्यसमा राखी गए गएको बेलामा स्तूपलाई वन्दना गरी चैत्यलाई घुम्दै परिदेव गर्दथ्यो । न नुहाउँथ्यो, न लेप लगाउँथ्यो, न खान्थ्यो र न त कामकाजमा ध्यानदिन्थ्यो ।

यो देखेर "मेरा पिता मेरा बाजे मरेदेखि शोकाकुलित भई विचरण गर्दछन् । म बाहेक अरू कसैले उनलाई सम्झाउन सक्ने छैन । एउटा उपायद्वारा उनलाई सम्झाउनेछु" भन्ने सोचेको बेलामा बोधिसत्वले गाउँबाहिर एउटा मरेको गोरु देखे । अनि घांस र पानी ल्याई उसको अगाडि राखी "खा खा; पी पी" भनी भन्नथाले । आए आएकाहरूले उनलाई देखेर सौम्य ! सुजात ! बहुला त भएनौ ? मरेको गोरुलाई के पानी र घांस खा भनी भनिरहेको ?" भनी भन्दथे । उनी केही जवाफ दिंदैनथे । अनि उनका बाबुकहाँ गई "तिम्रो छोरा बहुला भए । मरेको गोरुलाई घाँस र पानी खा भनी भन्दैछन्" भनी भने ।

यो सुनेर कुटुम्बिकको पितृशोक हराएर गयो र पुत्रशोक उत्पन्न हुन थाल्यो। उ बेगले त्यहाँ गई "तात सुजात ! तिमी पण्डित होइनौ ? किन मरेको गोरुलाई घाँस र पानी दिइरहेको ?" भन्दै दुइवटा गाथा भन्यो—

१. "किन्नु सन्तरमानोव लायित्वा हरितं तिणं।
खादाखादाति विलपि गतसत्तं जरग्गवं॥

२. "नहि अन्नेन पाणेन मतो गोणो समुट्ठहे।
त्वञ्च तुच्छ विलपसि यथा तं दुम्मती तथा'ति॥"

अर्थ—

१–"हरियो घाँस काटेर हतारो हतारो जस्तो गरी मरिसकेको जीर्ण गोरुलाई किन 'खा खा' भनी भनिरहेको ?"

२–"मरिसकेको गोरु अन्नपानद्वारा जीवित भएर उठ्नसक्दैन। निर्बुद्धि मानिसले जस्तै तिमी बेर्थमा विलाप गर्दैछौ।"

त्यसपछि बोधिसत्वले दुइवटा गाथा भने—

१. "तथेव तिट्ठति सीसं हत्थपादा च वालधि।
सोता तथेव तिट्ठन्ति मञ्ञे गोणो समुट्ठहे॥

२. "नेवय्यकस्स सीसं वा हत्थपादा न दिस्सरे।
रुदं मत्तिकथूपस्मि ननु त्वञ्ञेव दुम्मती'ति॥"

अर्थ—

१–" उसको टाउको उस्तै नै छ र हात खुट्टा तथा पुच्छर पनि। कान पनि त्यस्तै नै छ—लाग्छ कि गोरु उठ्नेछ।

२–"परन्तु मरिसकेका बाजेको शीर अथवा हात खुट्टा देखिदैन। अनि उसको कारणमा माटोको स्तूपमा गई रुने तिमी नै निर्बुद्धि हौ।"

यो सुनेर बोधिसत्वको बाबुले सोच्नथाल्यो—"मेरो छोरो पण्डित छ। इहलोक र परलोकको कुरा जान्दछ। मलाई सम्झाउनको-निमित्त यसले यो काम गरेको हो" भन्ने ठानी "तात सुजात! सबै संस्कारहरू अनित्य हुन् भन्ने कुरा मैले बुझें। अब उप्रान्त म शोक गर्ने छैन" भनी भन्यो। बाबुको शोकलाई हरण गर्ने पुत्र यस्तै हुनुपर्छ भन्दै पुत्रको स्तुति गर्दै भन्यो—

१. "आदित्तं वत मं सन्तं घतसित्तंव पावकं।
वारिना विय ओसिञ्चं सब्बं निब्बापये दरं॥

२. "अब्बुल्हंवत मे सल्लं सोकं हदयनिस्सितं।
यो मे सोकपरेतस्स पितुसोकं अपानुदि॥

३. "सोहं अब्बुल्हसल्लोस्मि वीतसोको अनाविलो।
न सोचामि न रोदामि तव सुत्वान माणव॥

४. "एवं करोन्ति सप्पञ्ञा ये होन्ति अनुकम्पका।
विनिवत्तयन्ति सोकम्हा सुजातो पितरं यथा'ति॥"

अर्थ—

१–"घिउ हालेर जलिरहेको आगो जस्तै जलिरहेको मेरो जलनलाई पानी छरेर आगो निभाइदिए जस्तै गरी मेरो सबै दुःखलाई निभाइदियौ।

२–"मेरो हृदयमा गडिरहेको शोकरूपी काँढालाई तिमीले निकालिदियौ; शोकले ग्रस्त भएको मलाई पितृशोकबाट दूर गराइ-दियौ।

३–"माणव! तिम्रो कुरा सुनेर अब ममा बिझेको शोकरूपी काँढो निस्क्यो र शोकबाट दुरभई परिशुद्धछु; अब उप्रान्त म शोक गर्ने छैन र रुन पनि रुँने छैन।

४–"जस्तै सुजातले आफ्नो बाबुको शोकलाई दूर गराइदिए त्यस्तै गरी अनुकम्पक प्रज्ञावान्हरूले गर्छन्।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अवशानमा कुटुम्बिक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो।

"त्यसबखतको सुजात म नै थिएँ" भनी भन्नुभयो।

१२. उरग जातक (३५४)

"उरगोव तचं जिण्णा'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले छोरा मरेको कुटुम्बिकको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

मृतभार्या र मृतपिताको कथा जस्तै यो कथा पनि हो। (हेर्नू माथि पृ. ४९ अननुसोचिय जातक–९)

यहाँ पनि शास्ता त्यस्तै गरी उसको घरमा जानुहुँदा उ आएर वन्दना गरी बसेको वेलामा "आवुसो! किन शोक गरिरहेको?" भनी सोध्नुहुँदा "भन्ते! मेरो छोरा मरेदेखि शोक गरिरहेको हुँ" भनी भन्दा "आवुसो! फुट्ने वस्तु फुट्दछ, नाशवान् वस्तु नाश नै हुन्छ। त्यो पनि एकजना मात्र होइन, एक गाउँमा मात्र होइन परन्तु यो अनन्त

१. जा. पा. I. पृ. १७३: उरगजातकं, नं. ३५४, अ. क. III. पृ. ११२.

संसारका तीनै लोकमा नमर्नेहरू कोही छैनन्" भनी भन्नुभयो । त्यो आफ्नो स्वरूपमा टिकी रहनसक्ने अनित्यवान् वस्तुको एउटा संस्कार पनि पाईदैन । सबै प्राणीहरू मर्छन् नै र सबै संस्कारिक वस्तुहरू विनाश नै हुन्छन् । "छोरा मर्दा पनि पुराना पण्डितहरूले 'नाशवान् वस्तु नाश नै भयो' भनी शोक गरेनन्" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा ल्याउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बाराणशीको द्वारगाउँमा एक ब्राह्मणको कुलमा[1] जन्मेका बोधिसत्वले गृहस्थी धानी खेतीको कामद्वारा जीविका गर्दथे । उनका एक पुत्र र एक पुत्री थिए । अनि छोरा वैंशमा पुगेपछि समानकुलकी कुमारिका ल्याइदिए ।

यसरी ल्याएपछि बोधिसत्व, भार्या, छोरा, छोरी, बुहारी र दासी सहित छजना भए । मिलनसार, प्रियभाषी तथा प्रेमपूर्वक बसोबास गरेर उनीहरू बसेका थिए । बोधिसत्वले बाँकी पाँचजनालाई यसरी अर्ति उपदेश दिन्थे—

"यथा लाभानुसार तिमीहरूले दान देऊ, शील पालनगर,

---

१. पेत. व. अ. क. पृ. ४७: उरगपेतवत्थुमा 'धनपाल' भन्ने ब्राह्मणको कुलमा भनी उल्लेख भएको छ ।

उपोसथव्रत पालनगर, मरणानुस्मृति भावित गर र आफ्नो मृत्युको कुरा ख्याल गर । यी सत्वहरूको मरण निश्चित छ तर जीवन चाहिं अनिश्चित छ । सबै संस्कारहरू अनित्य हुन् र सबै वस्तुहरू क्षय-व्यय स्वभावका हुन् । रातदिन अप्रमादी होऊ ।"

"हवस्" भनी उनको अर्ति उपदेशलाई शिरोपर गरी अप्रमादी भई उनीहरूले मरणानुस्मृति भावना गरे ।

एकदिन छोरालाई लिएर खेतमा गई बोधिसत्वले खेत जोत्न थाले । छोरा चाहिंले झारपातहरू जम्मागरी जलायो । त्यसको नजिकको एक धमिराको गोलोमा एक विषालु सर्प थियो । उसको आँखामा धुंवा लाग्यो । उ रिसाएर बाहिर निस्की 'यसको कारणले मलाई भय उत्पन्न भएको हो' भनी चारैवटा दाँतहरूले उसलाई डस्यो । अनि उ मऱ्यो र लड्यो[१] । बोधिसत्वले उ रन्थनिई लडेको देखेर गोरुहरूलाई त्यसै छाडी त्यहाँ जाँदा छोरा मरेको कुरा थाहापाई उसलाई उठाएर एक रुखमनि सुताई कपडाले ढाकिदिए अनि न रोए न त विलाप नै गरे । बरु "नाशवान् स्वभावको नाश भयो, मरण स्वभावको मरण भयो । सबै संस्कारहरू अनित्य हुन्, मरण भनेको स्वभावै हो" भनी अनित्यतालाई मात्र विचार गरी फेरि गएर जोत्न थाले ।

खेतको नजिकबाट एक विश्वासी पुरुष गइरहेको देखेर उनले "घरतिर जाँदैछौ कि बधा हो ?" भनी सोध्दा "हो" भनी भनेपछि

---

१. पेत. व. अ. क. पृ. ४७: उरगपेतवत्थुमा उ मरेपछि शक्र भई उत्पन्न भयो भनी उल्लेख भएको छ ।

"त्यसोभए हाम्रो घरमा गई ब्राह्मणीलाई भनिदेउ कि—आज अघि अघि ौं दुइजनालाई भात नल्याउनू एकजनाकोनिमित्त मात्र खाना ल्याउनू र अघि चाहिं दासीले मात्र खाना ल्याउने ठाउँमा आज चाहिं चारैजनाले शुद्धवस्त्र लगाई हातमा गन्धफूलहरू लिई आउनू ।"

"हुन्छ" भनी उ गई ब्राह्मणीलाई त्यसै भन्यो ।

"तात ! यो खबर तिमीलाई कसले दियो ?"

"आर्या ! ब्राह्मणले ।"

अनि उसले "मेरो छोरा मऱ्यो" भन्ने थाहापाई । उ कत्तिपनि विचलित भइन । यसरी मरणानुस्मृतिमा सुभावित चित्तहुने उसले शुद्धवस्त्र लगाई हातमा गन्धफूलहरू लिन लगाई बाँकी अरूसँगै उ खेतमा गई । उनीहरूमध्ये एउटीले पनि रोएको वा विलाप गरेको थिएन । बोधिसत्वले छोरालाई सुताइराखेको ठाउँमै बसी खाना खाए । खानाखाइसकेपछि सबैले दाउराल्याई चिता बनाई उसलाई चितामा राखी गन्धफूलहरूले पूजागरी जलाए । कसैको आँखामा एक थोपो पनि आँसु थिएन । सबैको चित्त मरणानुस्मृतिमा राम्रो अभ्यास थियो । उनीहरूको शीलको प्रभावद्वारा शक्रको भवन तात्न थाल्यो ।

अनि उनले "कसले मलाई मेरो ठाउँबाट खसाल्न चाहेको रहेछ ?" भनी विचारगरी हेर्दा उनीहरूको गुणको प्रभावद्वारा तातो भएको हो भन्ने कुरा बुझी प्रसन्नचित्त लिई "म उनीहरूकहाँ गई सिंह गर्जने जस्तै गर्जन गराउन लगाई सिंह गर्जनको अन्त्यमा उनीहरूको

घरमा सप्तरत्नले भरिभराउ गराई आउनुपऱ्यो" भनी वेगले त्यहाँगई चिताको एकातिर उभिई "तात ! के गर्दैछौ ?" भनी सोधे ।

"स्वामी ! एकजना मानिसलाई जलाउँदैछौं ।"

"तिमीहरूले मानिसलाई जलाएको होइन होला बल्कि एक मृगलाई मारेर पोल्दै होलाउ" भन्ने ठान्दछु ।

"स्वामी ! मृगलाई पोलेको होइन मानिसलाई नै जलाइरहेका हौं ।"

"त्यसोभए तिमीहरूको कुनै शत्रुलाई जलाउँदैछौ होला ।"

अनि बोधिसत्वले "स्वामी ! कुनै वैरीलाई होइन बल्कि आफ्नै औरसपुत्रलाई जलाउँदैछौं" भनी भने ।

"त्यसोभए तिम्रो अप्रिय पुत्र होला ।"

"स्वामी ! मेरो अतिप्रिय पुत्र हो ।"

"त्यसोभए फिन नरोएको त ?"

अनि बोधिसत्वले नरोएको कारण बताउँदै पहिलो गाथा भने—

१. "उरगोव तचं जिण्णं हित्वा गच्छति संतनुं ।
एवं सरीरे निब्भोगे पेते कालकते सति ।।

२. "डय्हमानो नजानाति ञातीनं परिदेवितं ।
तस्मा एतं नसोचामि गतो सो तस्स या गती'ति ।।"

अर्थ—

१–"जस्तै सर्पले काँचुलीलाई छाडेर जान्छ त्यस्तै जीवितेन्द्रियले यो शरीर छाडी मृत्युभएपछि परलोक जान्छ ।

२–"उसले न ज्ञातिहरूलाई डाह भइरहेको कुरा थाहा पाउँछ, न त रोदन गरिरहेको कुरा थाहा पाउँछ । त्यसैले यस बारेमा मैले शोक नगरेकोहुँ । उसको जुन गति हो सोही गतिमा उ गयो ।"

बोधिसत्वको कुरा सुनी शक्रले ब्राह्मणीसँग सोधे—"अम्मे ! उ तिम्रो को पर्छ त ?"

"स्वामी दशमहीना पेटमा वोकी दूध खवाई हात-खुट्टा तन्दुरुस्त-पारी बढाएको मेरो छोरो हो ।"

"अम्मे ! बाबु हुने त शायद आफ्नो पुरुषभावको कारणले न रोएको होला तर आमाको हृदय त सारै कमलो हुन्छ अनि तिमी किन न रोएकी त ?"

नरोएको कारण वताउँदै दुइ गाथा भनी—

१. "अनब्भितो ततो आग अननुञ्ञातो इतो गतो ।
यथागतो तथा गतो तत्थ का परिदेवना ।।

२. "डय्हमानो न जानाति ञातीनं परिदेवितं ।
तस्मा एतं नसोचामि गतो सो तस्स या गती'ति ।।"

अर्थ—

१—"मैले न बोलाइकनै उ त्यहाँबाट यहाँ आयो फेरि मसँग नसोधिकनै उ यहाँबाट गयो। जसरी आयो उसरी नै गयो भने यसमा रुनुपर्ने कारण नै के छ र ?

२—"उसले न ज्ञातिहरूलाई डाह भइरहेको कुरा थाहा पाउँछ न त रोदन गरिरहेको कुरा थाहा पाउँछ। त्यसैले यसबारेमा मैले शोक नगरेकी हुँ। उसको जुन गति हो सोही गतिमा उ गयो।"

अनि ब्राह्मणीको कुरा सुनी शक्रले बहिनीसँग सोधे—"अम्मे ! तिम्रो त्यो को पर्छ नि ?"

"स्वामी ! दाइ पर्छ।"

"अम्मे ! बहिनीहरूले दाजुलाई स्नेहगर्छन्। तिमी किन न रोएकी त ?"

आफू न रोएको कारण बताउँदै दुइ गाथा भनी—

१. "सचे रोदे किसा अस्सं तस्सा मे किं फलं सिया।
ञातिमित्तासुहज्जानं भीयो नो अरति सिया।।

२. "डय्हमानो न जानाति...।
तस्मा एतं नसोचामि...।।"

अथ—

१–"यदि म रोएँ भने मेरो शरीर दुब्लो हुनेछ यसबाट मलाई के लाभ हुन्छ र ? यसको अतिरिक्त ज्ञाति मित्र सुहृदहरूलाई अप्रिय लाग्नेछ ।

२–"उसले न ज्ञातिहरूलाई डाहा भइरहेको कुरा थाहा पाउँछ न त रोदन गरिरहेको कुरा थाहा पाउँछ । त्यसैले यसबारेमा मैले शोक नगरेकी हुँ ।"

अनि बहिनीको कुरा सुनी शक्रले उसकी भार्यासँग सोधे—"अम्मे ! त्यो तिम्रो को पर्छ त ?"

"स्वामी ! त्यो मेरो पति हो ।"

"पति मरेपछि स्त्रीहरू विधवी तथा अनाथिनी हुन्छन् । अनि किन तिमी न रोएकी त ?"

न रोएको कारण बताउँदै उसले दुइ गाथा भनी—

१. "यथापि दारको चन्दं गच्छन्तं अनुरोदति ।
एवं सम्पदमेवेतं यो पेतमनुसो चति ।।

२. "डय्हमानो न जानाति...।
तस्मा एतं न सोचामि...।।"

अर्थ –

१–" जस्तै वालकले गइरहेको चन्द्रमालाई देखेर चन्द्रमा देऊ भनी रुन्छ त्यस्तै जो परलोक गइसक्यो त्यसको कारणमा रुनु पनि त्यस्तै हो ।

२–" उसले न ज्ञातिहरूलाई डाह भइरहेको कुरा थाहा पाउँछ न त रोदन गरिरहेको कुरा थाहा पाउँछ । त्यसैले यसबारेमा मैले शोक नगरेकी हुँ ।"

भार्याको कुरा सुनी शक्रले दासीसँग सोधे—"अम्मे ! यो तिम्रो को पर्छ ?"

"आर्य ! मेरा स्वामी हुन् ।"

"शायद तिमीलाई यसले दुःख कष्ट दिई पीटी काम गराउन्थ्यो होला, होइन त ? त्यसैले 'यो मरेको असलै भयो' भनी तिमी नरोएकी होउली ।"

"स्वामी ! यस्तो नभन्नुहोस् । उनकोनिमित्त यस्तो भन्नु उचित छैन । मेरा आर्यपुत्र क्षान्ती, मैत्री र दया सम्पन्न थिए । मेरा आर्यपुत्र काखमा संवर्धन गरेको पुत्र समान थिए ।"

"त्यसोभए किन न रोएकी त ?"

उसले पनि नरोएको कारण बताउँदै दुइ गाथा भनी—

१. "यथापि उदककुम्भो भिन्नो अप्पटिसन्धियो ।
एवं सम्पदमेवेतं यो पेतमनुसोचति ।।

२. "डय्हमानो नजानाति ञातीनं परिदेवितं ।
तस्मा एतं नसोचामि गतो सो तस्स यागती'ति ।।"

अर्थ —

१–" जस्तै फुटेको पानीको गाग्रोलाई पुन जोड्न सकिन्न त्यस्तै परलोक गएकाको कारणमा रुनु पनि हो । किन कि उसलाई फेरि जीवित गराउन सकिन्न ।

२–" उसले न ज्ञातिहरूलाई डाह भइरहेको कुरा थाहा पाउँछ, न त रोदन गरिरहेको कुरा थाहा पाउँछ । त्यसैले यसबारेमा मैले शोक नगरेकी हुँ ।"

सबैको धर्मदेशना सुनी शक्र प्रसन्नभई "तिमीहरूले अप्रमादी भई राम्ररी मरणानुस्मृतिको भाविता गरिरहेका रहेछौ । अब उप्रान्त तिमी-हरूले आफ्नो हातले काम नगर । म शक्र देवराजा हुँ । म तिमीहरूको घरमा अप्रमाण सप्तरत्नहरूले भरिदिनेछु । दानदिई, शील पालनगरी, उपोसथव्रत पालनगरी तिमीहरू अप्रमादी भएर बस" भनी उनीहरूलाई अतिवुद्धि दिई सप्तरत्नहरूले घर भरिदिई फर्कर गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक

समाधान गर्नुभयो । सत्यकुराको अवशानमा कुटुम्बिक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखत दासी हुने खुज्जुत्तरा थिइन्, छोरी चाहिं उत्पलवर्णा थिइन्, पुत्र चाहिं राहुल कुमार थिए, आमा हुने चाहिं खेमा महारानी थिइन् र ब्राह्मण चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

१३. मट्टकुण्डली जातक(४४९)

"अलङ्कतो मट्टकुण्डली'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले छोरा मरेको एक कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीमा बुद्धोपस्थाक एक कुटुम्बिकको प्यारो छोरो मर्‍यो[२] । उ छोराको शोकले अभिभूतभई न नुहाउँछ, न खान्छ, न कामधाम गर्छ र न बुद्धोपस्थानमा नै जान्छ । केवल प्यारो छोराले मलाई छाडिगयो । मभन्दा अगाडि गयो भन्ने आदि विलाप गर्दै रुन्छ ।

---

१. जा. पा. I. पृ. २०९: मट्टकुण्डलीजातकं, नं. ४४९, अ. क. IV. पृ. ८८.

२. यो वर्तमान कथा धम्म. प. अ. क. पृ. १२: मट्टकुण्डलीवत्थु, यमकवग्गमा र विमा. व. अ. क. पृ. २५९: मट्टकुण्डली विमानकथामा पनि उल्लेख भएको छ । यहाँ र त्यहाँ केही फरक देखिन्छ । हेर्नू लेखकको बु. वि. पृ. २००: मट्टकुण्डली विमानकथा ।

शास्ताले प्रत्यूष समयमा लोकमा हेरिरहनुभएको बेलामा उसमा स्रोतापत्तिफलको उपनिश्रय देख्नुभई भोलिपल्ट भिक्षुसंघका साथ श्रावस्तीमा भिक्षाटन् गरी भोजनकृत्य सिद्धिएपछि भिक्षुहरूलाई आ-आफ्नो ठाउँमा पठाई श्रमण आनन्द स्थविरसँग उसको घरमा जानुभयो। शास्ता आउनु भएको कुरा कुटुम्बिकलाई सुनाए। अनि घरका मानिसहरूले आसन बछ्याई शास्तालाई बस्नलगाई कुटुम्बिक-लाई समातेर शास्ताकहाँ ल्याए। अनि वन्दना गरी एक छेउमा बसेका उसलाई करुणापूर्ण शीतल वचनले सम्बोधन गर्नुहुँदै शास्ताले "उपासक! के एउटा छोराको कारणमा शोक गरिरहेका छौ फि क्या हो?" भनी सोध्नुहुँदा "हो, भन्ते!" भनी भनेपछि "उपासक! पुराना पण्डितहरूले छोराहरू मरेपछि शोकाकुलित भई बसिरहेको बेलामा पण्डितहरूको कुरा सुनी 'न पाइने कारण रहेछ' भन्ने कुरा तुरन्त बुझेर कत्तिपनि शोक गरेका थिएनन्" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि शास्ताले पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा एक वैभवशाली ब्राह्मणको छोरो पन्ध्र सोह्र वर्षको उमेरमा कुनै एक रोग लागेर मरी देवलोकमा उत्पन्न भयो। उसको मरणभएदेखि ब्राह्मण चिहानमा गई खरानी बटुली विरह गर्दथ्यो र सबै कामकाज

छाडी शोकले अभिभूतभई बस्दथ्यो । देवपुत्र यताउता घुमिरहेको बेलामा उसलाई देखेर "एउटा उपाय निकाली यसको शोक दूर गरिदिनु पर्‍यो" भन्ने सोची उ चिहानमा गई विरह गरिरहेको बेलामा उसकै छोराको रूपलिई सबै अलंकारहरूले अलंकृत भई एक छेउमा उभिई दुवै हात शीरमाथि राखी महान आवाज निकाली रुनथाले । आवाज सुनेर ब्राह्मणले उनलाई देख्यो । अनि छोराको मायालागी उनको अगाडि उभिई "तात माणव ! यो चिहानको बीचमा किन तिमी रुँदैछौ ?" भनी सोध्दै पहिलो गाथा भन्यो—

"अलङ्कतो मट्टकुण्डली,
मालभारी हरिचन्दनुस्सदो ।
वाहा पगय्ह कन्दसि,
वनमज्झे किं दुक्खितो तुव'न्ति ।।"

अर्थ—

"अलंकारले अलंकृत भई राम्ररी बनाइएको कुण्डल लगाई माला लगाई रातो चन्दनको लेप लगाई तिमी यस जङ्गलको बीचमा किन रुँदैछौ ?"

अनि उसलाई उत्तरदिँदै माणवले दोश्रो गाथा भने—

"सोवण्णमयो पभस्सरो,
उप्पन्न रथपञ्जरो मम ।
तस्स चक्कयुगं न विन्दामि,
तेन दुक्खेन जहामि जीवित'न्ति ।।"

अर्थ—

"सुवर्णमय चम्किलो एक रथपञ्जर मैले पाएको छु। तर उसको दुइवटा पांग्रा भने पाइएको छैन। त्यसै दुःखको कारणले गर्दा मेरो ज्यान जाँदैछ।"

सो कुरा मान्दै ब्राह्मणले तेश्रो गाथा भन्यो—

"सोवण्णमयं मणिमयं लोहमयं अथ रूपियमयं।
पावद रथं कारयामि ते चक्कयुगं पटिपादयामित'न्ति॥"

अर्थ—

"सुनको, मणिको, फलामको अथवा चांदीको—केको पांग्रा चाहन्छौ मलाई भन। तिमीलाई रथको पांग्रा म बनाइदिनेछु।"

यो सुनेर माणवले भनेको निम्न गाथाको पहिलो पद चाहिं अभिसम्बुद्ध भइसक्नु भएपछि शास्ताले भन्नुभएको हो।

"सो माणवो तस्स पावदीति,
चन्दसुरिया उभयेत्थ भातरो।
सोवण्णमयो रथो मम,
तेन चक्कयुगेन सोभती'ति॥"

अर्थ—

"सो माणवले उसलाई यस्तो भने—मेरो सुवर्णमय रथको लागि

चन्द्रसूर्य दुइ दाजुभाइरूपी पांग्रा भए मात्र मेरो रथले सोभा पाउनेछ ।"

यसपछि ब्राह्मण भन्दछ—

"बालो खो त्वमसि माणव यो त्वं पत्थयसे अपत्थियं ।
मञ्ञामि तुवं मरिस्ससी न त्वं लच्छसि चन्दसुरिये'ति ।।"

अर्थ—

"माणव ! तिमी मूर्खछौ जो कि तिमीले अप्रार्थनीय वस्तुको प्रार्थना गर्दछौ, मलाई लाग्छ कि तिमी मरेर गए पनि तिमीले यो चन्द्रसूर्यरूपी पांग्रा पाउन सक्नेछैनौ ।"

अनि माणव भन्दछन्—

"गमणागमनम्पि दिस्सति वण्णधातु उभयेत्थ वीथियो ।
पेतो पन नेव दिस्सति को नुखो कन्दतं बाल्यतरो'ति ।।"

अर्थ—

"आवत जावत पनि देखिन्छ जसको दुवै बाटामा प्रकाश पनि देखिन्छ । पितृलोकमा गइसकेकालाई चाहिं देख्न पनि सकिंदन अनि रुनेहरूमध्येमा कुनचाहिं बाल्यतर हो त ?"

यसरी माणवले भनेको कुरा सुनी ब्राह्मणले विचार गरी भन्यो—

"सच्चं खो वदेसि माणव अहमेव कन्दतं बाल्यतरो ।
चन्दं विय दारको रुदं पेतं कालकताभि पत्थिये'ति ॥"

अर्थ—

"माणव ! तिमीले साँचो कुरा भन्यौ, रुनेहरूमध्येमा म नै बाल्यतर रहेछु । चन्द्रमा माग्ने बालक रोए जस्तै मरेर पितृलोकमा पुगेकाकोनिमित्त म रुँदैछु ।"

यसरी माणवको कुराद्वारा निशशोकी भई माणवको प्रशंसा गर्दै बाँकी गाथाहरू ब्राह्मणले भन्यो—

१. "आदित्तं वत मं सन्तं घतसित्तंव पावकं ।
वारिना विय ओसिञ्चि सब्बं निब्बापये दरं ॥

२. "अब्बही वत मे सल्लं यमासि हदयनिस्सितं ।
यो मे सोकपरेतस्स पुत्तसोकं अपानुदी ॥

३. "सोहं अब्बुल्हसल्लोस्मि वीतसोको अनाविलो ।
न सोचामि न रोदामि तव सुत्वान माणवा'ति ॥"

अर्थ—

१—"घिउ हालेर जलिरहेको आगो जस्तै जलिरहेको मेरो जलनलाई पानी छम्केर आगो निभाइदिए जस्तै गरी मेरो सबै दुःखलाई निभाइदियौ ।

२–"मेरो हृदयमा गडिरहेको शोकरूपी काँढोलाई तिमीले निकालिदियौ र शोकले ग्रस्त भएको मलाई पुत्र-शोकबाट दूर गराइदियौ।

३–"माणव! तिम्रो कुरा सुनेर अब ममा बिझेको शोकरूपी काँढो निस्कयो र शोकबाट दूरभई परिशुद्ध छु। अब उप्रान्त म शोक गर्ने छैन र रुँन पनि रुनेछैन।"

अनि माणवले भने—"हे ब्राह्मण! जसकोनिमित्त तिमी रुँदैछौ म तिम्रो छोराहुँ। अहिले म देवलोकमा उत्पन्न भएको छु। अब उप्रान्त मेरो कारणमा शोक नगर। दानदेऊ, शील पालन गर र उपोसथव्रत पालन गर" भनी अववाद गरी आफ्नै ठाउँमा फर्केर गए। उसको अववादमा रही दानादि पुण्यकर्म गरी मरेपछि ब्राह्मण पनि देवलोकमा उत्पन्न भयो।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। सत्यकुराको अन्त्यमा कुटुम्बिक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो।

"त्यसबखत धर्मदेशना गर्ने देवपुत्र चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१४. घत जातक (४५४)

"उट्ठेहि कण्हे'ति...[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले छोरा मरेको कुटुम्बिकको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

वर्तमान कथा चाँहि मट्टकुण्डलीमा[2] जस्तै हो । यहाँ चाँहि शास्ताले सो उपासकसंग "उपासक ! शोक गरिरहेको हो कि क्याहो ?" भनी सोध्नुहुँदा "हो, भन्ते !" भनी भनेपछि "उपासक ! पुराना पण्डितहरूले पण्डितहरूको कुरा सुनी मरिसकेको छोराको कारणमा शोक गरेनन्" भनी भन्नुभएपछि उसले सो कुरा सुनाउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

---

१. जा. पा. I. पृ. २१६: घतपण्डितजातकं, नं. ४५४, अ. क. IV. पृ. १०३.

२. हेर्नू माथि पृ. ७८ मा ।

अतीत कथा

अतीत समयमा उत्तरापथमा कंसभोग (=कंसको राज्य) मा असितञ्जन[1] नगरमा महाकंस नामक राजाले राज्य गर्दथे। उनका कंस र उपकंस भन्ने दुइ छोराहरू थिए र देवगब्भा (=देवगर्भा) नामकी छोरी पनि थिइन्। उनी जन्मेको दिनमा ज्योतिष ब्राह्मणहरूले "यिनको कोखमा जन्मिने पुत्रले कंसगोत्र र कंस वंशको नाश गर्नेछ" भनी भविष्यवाणी गरे। गहिरो स्नेहको कारणले गर्दा राजाले उनलाई नाश गर्न सकेनन्। "यिनका दाजुभाइहरूले थाहापाउने छन्" भनी आयु छउञ्जेल रही परलोक भए। उनी परलोक भएपछि कंस राजा भए, उपकंस उपराजा भए। अनि उनीहरूले सोचे—"यदि हामीले बहिनीलाई मार्‍यौं भने हामी निन्दित हुनेछौं। अतः यिनलाई कसैलाई पनि नदिई स्वामी रहित बनाई हेरविचार गर्नेछौं" भनी एक खम्बामा प्रासाद बनाउन लगाई उनलाई त्यहाँ राखे। नन्दगोपा भन्ने उनकी दासी थिई। दास अन्धकवेण्हु भन्ने उसको लोग्नेले पहरा दिन्थ्यो।

त्यसबखत उत्तर मथुरामा महासागर भन्ने राजाले राज्य गर्दथे। उनका सागर र उपसागर भन्ने दुइ छोराहरू थिए। पिता

१. असितञ्जन भन्ने नगर र कंसभोग भन्ने कहाँ पर्छन् भन्ने विषयमा भरतसिंह उपाध्यायले आफ्नो 'बुद्धकालीन भारतीय भूगोल' को पृष्ठ १४७ र १४८ मा तथा पृष्ठ ४४६ देखि ४९७ सम्म अनेक दृष्टिकोणका कुराहरू उल्लेख गरेका छन्। चाहनेले त्यहाँ हेर्नू।

मरेपछि उनीहरूमध्येमा सागर राजा र उपसागर उपराजा भए। उनी उपकंसको साथी थिए र एकै आचार्यकहाँ उपकंसका साथ विद्या सीकेका थिए। उनले दाइमाथि धोकादिन खोज्दा समातिए। पछि भागेर कंस राज्यमा गई उपकंसकहाँ गए। उपकंसले कंसराजालाई देखाएपछि राजाले उनलाई महान यश प्रदान गरे।

राजाकहाँ उपस्थान गर्नको लागि जाँदा देवगब्भा बस्ने ठाउँ एक खम्बाको प्रासाद देखी "यो को बस्ने ठाउँ हो ?" भनी सोध्दा त्यो कुरा सुनी देवगब्भामाथि आसक्त भए। एकदिन देवगब्भाले पनि उपकंससँगै राजोपस्थानमा गइरहेको देखेर "यिनी को हुन् ?" भनी सोध्दा नन्दगोपाबाट "महासागरका छोरा उपसागर हुन्" भन्ने कुरा सुनी उनी पनि आसक्ता भइन्।

उपसागरले नन्दगोपालाई घूस दिई "वहिनी ! के तिमीले मलाई देवगब्भासँग भेट्टाइदिन सक्छ्यौ ?" भनी सोधे।

"यो त्यतिसारो मुस्कीलको कुरा होइन" भनी यो कुरा देवगब्भालाई भनी।

देवगब्भा स्वभावतै उनमाथि आसक्ता भएकी थिइन्। त्यसैले उनले सो कुरा सुनी "बेशछ" भनी स्वीकारिन्।

नन्दगोपाले उपसागरलाई यसको सूचनादिई राती उनलाई प्रासादमाथि पठाई। उनले देवगब्भासँग संवास गरे। त्यसपछि उनीहरूको बरोबर संवास हुनथालेपछि देवगब्भा गर्भिणी भइन्। पछि गएर उनीमा गर्भरहेको कुरा प्रकटभयो। दाजुभाइहरूले

नन्दगोपासँग सोधे । उसले अभय मागेर त्यो भेदको कुरा भनी । यो सुनेर "बहिनीलाई मार्न सकिन्न । यदि छोरी पाएदेखि बालिकालाई मार्ने छैनौं । यदि छोरा जन्माइन् भने सो बालकलाई मार्नेछौं" भन्ने सोचेर देवगब्भा उपसागरलाई नै दिए ।

परिपूर्ण गर्भ भएपछि उनले छोरी जन्माइन् । दाजुभाइहरू खुशीभई उनको नाम अञ्जनदेवी भन्ने राखे । उनीहरूलाई गोवड्ढ-मान भन्ने भोगगाउँ दिए । उपसागर देवगब्भालाई लिएर गोवड्ढमान गाउँमा बसे । देवगब्भा फेरि पनि गर्भिणी भइन् । नन्दगोपा पनि सोही दिनमै गर्भवती भई । गर्भ पूरा भएपछि एकै दिनमा देवगब्भाले छोरा र नन्दगोपाले छोरी जन्माए । छोरालाई मार्लान् भन्ने डरले देवगब्भाले गुप्तरूपले छोरालाई उसकहाँ पठाई उसको छोरीलाई ल्याउन लगाइन् । बालक जन्मेको खबर उनले दाजुभाइहरूकहाँ पठाइन् । उनीहरूले "छोरा जन्माइन् कि छोरी ?" भनी सोध्दा "छोरी" भन्ने कुरा सुनी "त्यसोभए पोषण गर" भनी भने । यस्तै प्रकारले देवगब्भाले दश छोराहरू जन्माइन् । नन्दगोपाले पनि दशवटी छोरीहरू जन्माई । छोराहरू नन्दगोपाकहाँ संवर्धन भए र छोरीहरू देवगब्भाकहाँ संवर्धन भए । यस बीचको भेद कसैले जानेको थिएन ।

देवगब्भाको जेठो छोराको नाम वासुदेव रह्यो । दोश्रोको बलदेव, तेश्रोको चन्ददेव, (=चन्द्रदेव), चौथोको सुरियदेव (=सूर्यदेव), पाँचौको अग्गिदेव (=अग्निदेव), छैटौंको वरुणदेव,

सातौंको अञ्जुन (=अर्जुन), आठौंको पज्जुन (=प्रद्युम्न), नवौंको घतपण्डित र दशौंको अंकुर भन्ने नाम रह्यो। 'अन्धकवेण्हु दासपुत्र दश दाजुभाइहरू' भन्ने नामले उनीहरू प्रख्यात भए।

पछि गएर उनीहरू ठूला भएपछि शक्ति र बल सम्पन्नभई कठोर र परुषभई लुट्ने काम गरी विचरण गर्नथाले। राजाकोनिमित्त लैजाने पाहुर पनि लुटेर नै लिन्थे। अनि मानिसहरू भेलाभई "अन्धकवेण्हु दासपुत्र दश दाजुभाइहरूले राष्ट्र लुट्दै छन्" भन्दै राजप्रांगणमा राजालाई गालिगरे। राजाले अन्धकवेण्हुलाई बोलाउन पठाई "छोराहरूलाई किन लुट्ने काम गराउँदैछौ?" भनी तर्जन दिए। यसरी दोश्रो तेश्रो पटक पनि मानिसहरूले गालिगरेपछि राजाले उसलाई कडा तर्जन दिए।

अनि उ मरणभयले भयभीतभई अभय याचना गरी "देव! यिनीहरू मेरा छोराहरू होइनन्। उपसागरका छोराहरू हुन्" भनी भेद बताइदियो।

राजा डराएर "के उपायद्वारा यिनीहरूलाई समात्न सकिएला?" भनी अमात्यहरूसँग सोधे।

"देव! यिनीहरू पहलवान् र कुस्ती लड्ने स्वभावका छन्। अतः नगरमा कुस्ती लडाउनु पर्छ। अनि कुस्ती लड्न मण्डपमा आउँदा उनीहरूलाई समात्न लगाई मार्नेछौं" भनी भनेपछि चानुर र मुट्ठिक (=मुष्टिक) भन्ने दुइजनालाई पठाई "आजको एक सातामा कुस्ती युद्ध हुनेछ" भन्ने खबरको भेरी बजाई घुम्न पठाए (माइक फुवन्न

पठाए)। त्यसपछि युद्ध मण्डप सजाउन लगाई खेल्ने अखडामा घेरा बनाउन लगाई युद्ध मण्डप अलंकृत गराई ध्वजा पताका फहराउन लगाए। नगरभरी खलबल मच्चियो। चक्रमाथि चक्र र मञ्चमाथि मञ्चहरू बाँध्न थालियो।

चानुर र मुट्ठिकहरू पनि युद्धमण्डलमा आई दगुर्दै, गर्जिदै, थपडीमार्दै हिड्नथाले। दश दाजुभाइहरू पनि आई धोबीटोलमा लुटेर राम्रा राम्रा कपडा लगाई, सुगन्धका पसलहरूबाट सुगन्धहरू र मालीको पसलबाट मालाहरू लुटी, शरीरमा चन्दनादिको लेप लगाई, माला लगाई कानभरी फूलहरू राखी दगुर्दै, गर्जिदै, थपडी मार्दै युद्धमण्डपभित्र पसे। त्यसबखत चानुर पनि थपडी मार्दै यताउता हिडिरहेको थियो। उसलाई देखेर बलदेवले—"यसलाई त म हातले पनि छुने छैन" भनी हात्तीसारबाट हात्ती बाँध्ने मोटो डोरी ल्याई दगुर्दै, गर्जिदै डोरी फाली चानुरको पेटमा बाँधी डोरीको दुइ टुप्पो एक ठाउँमा बाँधी बेरेर उचाली टाउकोमाथि घुमाई भुइमा बजारी अखडाको घेराबाट बाहिर फ्याकिदियो।

चानुर मरेपछि राजाले मुट्ठिक पहलवान्लाई आज्ञा दिए। उ उठी दगुर्दै, गर्जिदै थपरी बजायो। बलदेवले उसलाई पीटेर हाडहरू चकनाचूर पारिदियो। "म पहलवान् होइन, म पहलवान् होइन" भनी भन्दा "तिमी पहलवान् हौ वा होइनौ भन्ने कुरा मलाई थाहाछैन" भन्दै हात समाती भुइमा पछारी ज्यानलिई अखडाको घेराबाट बाहिर फालिदियो।

पहलवान्ले "म मरेर यक्षभई तिमीलाई खानसकूँ" भन्ने संकल्प गऱ्यो । उ कालमत्तियअटवी भन्ने नामको यक्ष भएर जन्म्यो । "यी दश दाजुभाई दासहरूलाई समात" भनी राजा स्वयं उठे । त्यसबखत वासुदेवले चक्र फाल्यो र दुवै दाजुभाइहरूका शीर खसालिदियो । महाजनहरू भयभीतभई "हामीहरूको रक्षा गर्नुहोस्" भन्दै उनीहरूको पाउमा परे ।

मामाहरूलाई मारी असितञ्जन नगरको राज्यलिई आमाबाबुहरूलाई त्यहाँ राखी "सारा जम्बुद्वीपमा राज्य गर्नेछौं" भनी दशैजना दाजुभाइहरू निस्के । अनि क्रमशः कालसेन राजा बस्ने अयोध्या नगरमा गई नगर घेरा लगाई घना जंगलका रुखहरू विनाशपारी पर्खाल भत्काई राजालाई समाती राज्य आफ्नो हातमा पारी द्वारवतीमा[1] पुगे । त्यो नगरको एकातिर समुद्र र अर्कातिर पहाड छ । त्यहाँ अमनुष्यहरूले बास गर्छन् ।

त्यसको रक्षा गरी बस्ने यक्षले शत्रुहरू आएको देखी गधाहाको भेष लिई गधाहाकै आवाज निकाल्थ्यो । अनि त्यसै क्षणमा यक्षहरूको प्रभावले सबै नगर उफ्रेर समुद्रको बीचको एक द्वीपमा प्रतिष्ठित हुन्थ्यो । शत्रुहरू फर्केपछि फेरि आफ्नै ठाउँमा आई प्रतिष्ठित हुन्थ्यो । त्यसबखत पनि गधाहाले दशजना दाजुभाइहरू आइरहेका देखेर गधाहाको आवाज निकाल्यो । सबै नगर उफ्री द्वीपमा प्रतिष्ठित भयो । अनि

---

१. द्वारवती भनेको आजकल कहाँ पर्छ भन्ने बारेमा लेखकको बु. प्रे. पृ. २ को पादटिप्पणीमा हेर्नू ।

उनीहरू नगर नदेखी फर्केर गएपछि पुनः आई आफ्नै ठाउँमा प्रतिष्ठित भयो।

उनीहरू फेरि फर्के। गधाहाले फेरि त्यसै गऱ्यो। अनि द्वारवती नगरको राज्य लिन नसकेपछि उनीहरू कण्हद्दीपायन[१] तपस्वीकहाँ गई वन्दना गरी "भन्ते! हामीले द्वारवती राज्य लिन सकेनौं। अतः एक उपाय बताइदिनु होस्" भनी भनेपछि "पर्खाल पछाडि अमुक स्थानमा गधाहा चर्छ। शत्रुहरू आएको देखेर उ कराउँछ। त्यसै क्षणमा सबै नगर उफ्रेर जान्छ। तिमीहरू उसको खुट्टामा पर। यही सफलताको उपाय हो" भनी भनेपछि तपस्वीलाई वन्दना गरी दशैजना गधाहाकहाँ गए। अनि उसको खुट्टामा परी "स्वामी! तपाइ बाहेक हामीहरूको अरू कुनै आधार छैन। हामीले नगर लिने बेलामा नकराइदिनु होला" भनी विन्तिगरे।

"न कराउन सक्दिन। बरु तिमीहरू चाहिं अगाडि नै आई चारजनाले ठूला ठूला चारवटा हलोहरू लिई, चारवटा नगरद्वारमा भूमि खनी ठूलो फलामको खम्बा गाड। अनि नगर उफ्रेर जाने बेलामा चारवटा हलोहरू जोरिदेऊ र फलामको सिक्रीले चारवटा खम्बाहरू बांध। नगर उफ्रेर जानसक्ने छैन" भनी भन्यो।

"हुन्छ" भनी उ नकराउँदै हलोहरू ल्याई चारैवटा द्वारहरूमा भूमि खनी खम्बा गाडी उनीहरू उभिइरहे। त्यसबखत गधाहा कराउन

---

१. कण्हदीपायन भन्ने को हुन् भन्ने विषय सम्बन्धी कुरा जा.अ.क.IV. प. ६४–७१: कण्हदीपायनजातक नं. ४४४ मा उल्लेख भएको छ।

थाल्यो । नगर उफ्रिन थाल्यो । चारवटा द्वारमा बसेकाले चारैवटा फलामका हलाहरूलाई हलोमा बाँधिएको फलामको सिक्रीले खम्बामा बाँधे । नगर उफ्रेर जान सकेन । अनि नगरभित्र पसी दश दाजुभाइहरूले राजालाई मारी राज्य लिए ।

यसरी उनीहरूले जम्बुद्वीपका त्रिसट्ठीहजार नगरका सबै राजाहरूलाई चक्रद्वारा ज्यान लिई द्वारवतीमा बसे । पछि राज्यहरू दश भागमा बाँडे । बहिनी अञ्जनदेवीलाई चाहिं संझन सकेनन् । पछि संझेर राज्य एघार भाग गर्नुपर्‍यो भनी भन्दा अंकुरले "मेरो भाग उनलाई देऊ । म व्यापार गरेर जीविका गर्छु । केवल मलाई तिमीहरूले जनपदको कर देऊ" भनी भने ।

"हुन्छ" भनी स्वीकारी उनीहरूले उनको भाग बहिनीलाई दिई उनीसँगै नौजना राजाहरू द्वारवतीमा नै बसे । अंकुरले चाहिं व्यापार गर्न थाले ।

यसरी उत्तरोत्तर उनीहरूका पुत्र-पुत्रीहरूको वृद्धि हुँदै गयो र समय पनि बित्दै गइरहेको बेलामा उनीहरूका आमाबाबुहरू खसे । त्यसबखत मानिसहरूको आयु बीसहजार वर्षको हुन्थ्यो । त्यसबखतमा वासुदेव महाराजाका एक प्रिय पुत्र मरे । राजा शोकाकुलित भई सबै कामकाज छोडी खाट्को खुट्टा समाती विलापगरी सुतिरहन्थे । त्यसबखत घतपण्डितले सोचे—"म बाहेक मेरा दाइलाई शोकबाट हटाउनसक्ने अरू कोही छैन । कुनै उपायद्वारा यिनको शोक हरण गरिदिनुपर्‍यो ।" यति सोची उनी बहुलाको भेष लिई "मलाई चन्द्रमा

देऊ, मलाई चन्द्रमा देऊ" भन्दै कराउँदै आकाशतिर हेर्दै सारा नगर घुमे। "घतपण्डित बहुला भयो" भनी सारा नगरमा खैलाबैला मच्चियो। त्यसबखत वासुदेव राजाकहाँ गई रोहिणेय्य भन्ने अमात्यले उनीसँग कुरा गरी यो पहिलो गाथा भन्यो—

"उट्ठेहि कण्ह किं सेसि को अत्थो सुपितेन ते।
यो पि तुय्हं सको भाता हदयं चक्खुञ्च दक्खिणं।
तस्स वाता बलीयन्ति घतो जप्पति केसव॥"

अर्थ—

"हे कृष्ण! उठ, किन सुत्छौ, सुतेर तिमीलाई के लाभ हुन्छ र! जो तिम्रा हृदय र देख्ने आंखा समान सहोदाइ हुन् उनलाई वायुले पीडा गर्दैछ। हे केशव! घतपण्डित प्रलाप गर्दैछन् र उनी बहुलाउँदै छन्।"

अमात्यले यस्तो भनेको सुनी उनी उठेको कारण बुझ्नुभई अभिसम्बुद्ध भइसक्नु भएपछि शास्ताले यो दोस्रो गाथा भन्नुभएको हो—

"तस्स तं वचनं सुत्वा रोहिणेय्यस्स केसवो।
तरमानरूपो वुट्ठासि भातुसोकेन अट्टितो'ति॥"

अर्थ—

"रोहिणेय्यको यो कुरा सुनी रात्रो केश भएका केशव राजा भ्रातृशोकको कारणले हडबडाउँदै फट्टरपट्ट आत्तिदै उठे।"

उठेर छिटो छिटो प्रासादबाट ओर्ली घतपण्डितकहाँ गई दुइहात बलियो गरी समाती राजाले उनीसँग कुरा गरी यो तेश्रो गाथा भने—

"किन्नु उम्मत्तरूपोव केवलं द्वारकं इमं ।
ससो ससोति लपसि को नु ते ससभाहरी'ति ।।"

अर्थ—

"किन तिमो बहुला जस्तै भई खरायो खरायो भन्दै प्रलाप गरी सारा नगरमा कराउँदै हिंडिरहेका ह्वौं ? कसले तिम्रो खरायो लग्यो ?"

राजाले यस्तो भन्दा पनि उनी बारम्बार उही कुरा भन्थे । अनि राजाले पुनः दुइवटा गाथा भने—

१. "सोवण्णमयं मणिमयं अथवा रूपियमयं ।
सङ्खसिलापवालमयं कारयिस्सामि ते ससं ।।

२. "सन्ति अञ्ञेपि ससका अरञ्ञे वनगोचरा ।
तेपि ते आनयिस्सामि कीदिसं ससमिच्छती'ति ।।"

अर्थ—

१–"तिमीलाई सुवर्णको, मणिको, चाँदीको, शंखको, ढुंगाको अथवा प्रवालको खरायो बनाइदिनेछु ।

२–"अथवा बनजंगलमा चर्ने अरू पनि खरायोहरू छन् उनीहरू पनि ल्याइदिन सक्तछु; कस्तो खरायो तिमी चाहन्छौ भन ।"

राजाको कुरा सुनी पण्डितले छैटौं गाथा भने—

"न चाहमेतं इच्छामि ये ससा पठविसिता ।
चन्दतो ससमिच्छामि तम्मे ओहार केसवा'ति ।।"

अर्थ—

"हे केशव ! म यो पृथ्वीमा बस्ने कुनै पनि खरायो चाहन्न, चन्द्रमामा बस्ने खरायो चाहन्छु, त्यसलाई ल्याइदेऊ ।"

उनको कुरा सुनेर "अवश्य पनि मेरो भाइ बहुला भएछ" भनी बडो चिन्तित भई सातौं गाथा भने—

"सो नून मधुरं ञाति जीवितं विजहिस्ससि ।
अपत्थियं यो पत्थयसि चन्दतो ससमिच्छसी'ति ।।"

अर्थ—

"अप्रार्थनीय वस्तुको प्रार्थना गर्ने तिमी बरु आफ्नो मधुर ज्ञातिहरूलाई छाडेर जानेछौ तर तिमीले चन्द्रमाबाट त्यो खरायो पाउन सक्नेछैनौ ।"

राजाको कुरा सुनी घतपण्डित निश्चलभई उभिई "दाइ !

चन्द्रमाबाट खरायो माग्नेले त्यो पाउन नसक्ने कुरा थाहाहुने तिमीले के कारणले मरिसकेको छोराको कारणमा शोक गरिरहेका छौ त ?" भन्दै उनले आठौं गाथा भने—

"एवं चे कण्ह जानासि यदञ्ञ मनुसाससि।
कस्मा पुरे मतं पुत्तं अज्जापि मनुसोचसी'ति ॥"

अर्थ—

"हे कृष्ण ! मरे पनि चन्द्रमाको खरायो पाउन सकिने छैन भन्ने कुरा तिमी जान्दछौ भने सो अनुसार तिमीले किन नगरेको नि ? अघि[1] मरिसकेको पुत्रको कारणमा आजसम्म पनि तिमिले किन शोक गरिरहेको त ?"

यसरी बाटोको बीचमा उभिइएर नै "दाइ ! मैले त देखिने वस्तुको इच्छा गरिरहेकोछु तर तिमीले त नदेखिने वस्तुकोनिमित्त शोक गर्दैछौ" भन्दै उनलाई धर्मोपदेश गर्दै फेरि दुइवटा गाथा भने—

१. "यं न लब्भा मनुस्सेन अमनुस्सेन वा पुन।
जातो मे मा मरि पुत्तो कुतोलब्भा अलब्भियं ॥

---

१. चार महीना अघि मरेको हुनाले यहाँ 'अघि' भनी उल्लेख भएको हो भनी जा. अ. क. IV. पृ. १०८: घतजातकले उल्लेख गरेको छ।

२. "न मन्ता मूलभेसज्जा ओसधेहि धनेन वा।
सक्का आनयितुं कण्ह यं पेतमनुसोचसी'ति ।।"

अर्थ—

१–"जन्मेको पुत्रलाई नमरोस् भनी भन्दा यो अलभ्य वस्तुलाई कसले पाउन सक्छ र! मनुष्यले होस् वा अमनुष्यले होस्—कसैले पनि पाउन सक्ने छैन।

२–"अतः हे कृष्ण! न मन्त्रद्वारा, न जरिबुटी आदि औषधीद्वारा अथवा धनद्वारा मरिसकेकाकोनिमित्त शोक गरेर फेरि ल्याउन सकिन्छ।"

यो सुनेर राजाले "तात! तिमीले मेरोनिमित्त उपयुक्त कुरा सोच्यौ। मेरो शोक दूर गराउनकोनिमित्त तिमीले यसो गरेका रहेछौ" भनी घतपण्डितको वर्णना गर्दै चारवटा गाथा भने—

१. "यस्स एतादिसा अस्सु अमच्चा पुरिसपण्डिता।
यथा निज्झापये अज्ज घतो पुरिसपण्डितो ।।

२. "आदित्तं वत मं सन्तं घतसित्तं व पावकं।
वारिना विय ओसिञ्चो सब्बं निब्बापये दरं ।।

३. "अब्बहि वत मे सल्लं यमासि हदयनिस्सितं।
यो मे सोकपरेतस्स पुत्तसोकं अपानुदि ।।

४. "सोहं अब्बुल्ह सल्लोस्मि वीतसोको अनाविलो ।
न सोचामि न रोदामि तव सुत्वान माणवा'ति ।।"

अर्थ—

१–"जस्को अमात्य यी पण्डितपुरुष जस्ता पुरुष हुने छन् त्यस्ताले आज मलाई घतपण्डित पण्डितपुरुष जस्ताले मेरो दुःख निवारण गरे जस्तै निवारण गर्नेछन् ।

२–"घिउ हालेर जलिरहेको आगो जस्तै जलिरहेको मेरो जलनलाई पानी छम्की आगो निभाइदिए जस्तै मेरो सबै दुःखलाई निभाइदियो ।

३–"मेरो हृदयमा गडिरहेको शोकरूपी काँढालाई तिमीले निकालिदियौ र शोकले ग्रस्त भएको मलाई पुत्र-शोकबाट दूर गराइदियौ ।

४–"माणव ! तिम्रो कुरा सुनेर अब ममा शोकरूपी काँढो छैन र शोकबाट दूरभई परिशुद्ध छु; अब उप्रान्त शोक गर्नेछैन र रुँन पनि रुँनेछैन ।"

यो अवशान गाथा चाँहि अभिसम्बुद्ध भइसक्नु भएपछि तथागतले भन्नुभएको हो—

"एवं करोन्ति सप्पञ्ञा यो होति अनुकम्पका ।
निवत्तयन्ति सोकम्हा घतो जेट्ठं'व भातर'न्ति ।।"

अर्थ—

"जेठो दाजुलाई घतपण्डितले शोकबाट निवारण गराइदिए जस्तै अनुकम्पा हुने प्रज्ञावान्ले यस्तै गर्छन् ।"

यसरी घतकुमारले वासुदेवलाई निश्शोकी पारी राज्य प्रशासन चलाएको धेरै काल बितिसकेपछि उनी मृत्यु भए । दश दाजुभाइ पुत्र कुमारहरूले सोच्न थाले—"यी कण्हदीपायन तपस्वी दिव्यचक्षुलाभी हुन्" भनी भन्दछन् । अतः पहिले यिनको परीक्षा गर्नेछौं भनी एक युवकलाई अलंकृतपारी गर्भिणी जस्तै गराई पेटमा एक तकिया बाँधी उनकहाँ लगी "भन्ते ! यो कुमारीले के जन्माउने छे ?" भनी सोधे ।

तापसले "दश दाजुभाइ राजाहरूको विनाशको समय आइपुग्दैछ तर मेरो आयुसंस्कार कति बाँकी रहेछ ?" भनी विचार गरी हेर्दा "आजै मर्नेछु" भन्ने जानी "कुमारहरू ! यो जानेर तिमीहरूलाई के लाभ होला र ?" भनी भने ।

उनीहरूले "होइन भन्नुहोस्" भनी कर लगाएपछि "यसले आजको एक सातामा खयर काठको एउटा टुक्रा जन्माउनेछे र त्यसैद्वारा बासुदेवकुल विनाश हुनेछ । त्यसैले तिमीहरूले सो काठको टुक्रालाई जलाई खरानी पारी नदीमा बगाइदेऊ" भनी भने ।

अनि उनलाई "अरे दुष्ट जटिल ! कहाँबाट पुरुषले जन्माउनेछ ?" भन्दै धागो बाँटे जस्तै गरी उनलाई त्यहीं मारिदिए । राजाले

कुमारहरूलाई बोलाउन लगाई "तपस्वीलाई किन मारेको ?" भनी सोध्दा उनीहरूले सबै कुराहरू सुनाएपछि राजा डराई उसलाई आरक्षागरी राखे। नभन्दै सातौं दिनमा उसको पेटबाट निस्केको एक टुक्रा खयर काठलाई जलाई खरानी पारी नदीमा फ्याकिदिए। त्यो खरानी नदीमा बगी नदीको एक छेउमा अट्क्यो र त्यसबाट 'एरक' भन्ने बोट उम्र्यो।

एकदिन यी राजाहरू समुद्रको खेल खेल्नेछौं भनी एक छेउमा गई त्यहाँ महामण्डप बनाउन लगाई अलंकृत मण्डपमा खाँदा खाँदै ख्याल ठट्टाको रूपमा हातखुट्टा समाती दुवै थरीले ठूलो झगडा गरे। अनि यौटाले अरू केही ठोक्ने मुग्रो नपाई एरक वनबाट यौटा पात टिप्यो। टिप्नेबित्तिकै त्यो पात मुसल जस्तै भएर आयो। उसले महाजनहरूलाई पिट्यो। अनि अरू अरूले पनि त्यस्तै गर्न थाले र सबैले जति पात टिपेका थिए ती सबै पात मुसल जस्तै भएका थिए। उनीहरूमध्ये यौटाले अर्कोलाई कुट्दा कुट्दै सबैको विनाश भयो।

यिनीहरू नाश भइरहेको देखेर बासुदेव, बलदेव, बहिनी अञ्जनदेवी र पुरोहित—यी चारजना रथमा बसी भागेर गए। शेष सबै विनाश भए। ती भागेर गएका चारजना मत्तिक जंगलमा पुगे। अघि संकल्पगरी मरेको मुट्ठिक पहलवान् त्यहाँ यक्षभई उत्पन्न भएको थियो। बलदेव आइरहेको बुझी त्यहाँ गाउँ बनाई पहलवान्को भेषलिई "को लड्न चाहन्छ ?" भन्दै दगुर्दै, गर्जिदै थपडो मार्दै हिँडिरह्यो। बलदेवले उसलाई देखेर "दाइ ! म योसँग लड्नेछु" भन्दा बासुदेवले

रोक्दा रोक्दै पनि रथबाट ओर्ली उसको नजिकमा गई थपडी मार्न थाले। अनि उनले हात पसार्नेबित्तिकै समातेर मूला खाने जस्तै गरी उनलाई खाइदियो।

उनी मरेको बुझी बासुदेव, बहिनी र अमात्य सहित रातभरी हिंडी सूर्योदयको समयमा एक प्रत्यन्त गाउँमा पुगी "खाना पकाएर ल्याऊ" भनी बहिनी र पुरोहितलाई पठाई आफू स्वयं एक झाङको बीचमा लुकेर सुते। अनि जरा भन्ने एक व्याधाले झाङ हल्लिएको देखेर "यहाँ सुगुर हुनुपर्छ" भन्ने संज्ञाले तीर छोडी खुट्टामा हान्दा "मलाई हान्ने को हो?" भनी भन्दा मानिसलाई लागेको कुरा बुझी डराएर उ भाग्नथाल्यो।

होसराखी राजा उठी "मामा! नडराऊ, यता आऊ" भनी उनले बोलाए। उ आएपछि "तिमी को ह्वौ?" भनी सोध्दा "स्वामी! म जरा भन्ने व्याधा हुँ" भनी भन्यो।

"जरा भन्नेले हानेपछि मर्नेछ भनी पुरानाहरू भन्दछन्। निश्चय नै आज म मर्नेछु" भन्ने जानी "मामा! नडराऊ, आऊ, घाउ भएको ठाउँमा पट्टी बाँध" भनी घाउमा पट्टी बाँध्न लगाई उसलाई पठाए। ठूलो वेदना भयो। उनीहरूले ल्याएको खाना पनि खान सकेनन्।

अनि उनीहरूलाई सम्बोधन गरी "आज म मर्नेछु तिमीहरू चाहिं सुकुमार छौ, अरू कुनै कामगरी जीविका गर्न सक्नेछैनौ। यो

विद्या सिक" भनी एउटा विद्या सिकाई उनीहरूलाई पठाइसकेपछि उनी उहीं नै मरे । अनि अञ्जनदेवी एकजना बाहेक सबै विनाश भए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई "उपासक ! यसरी पुराना पण्डितहरूले पण्डितहरूको कुरा सुनी आफूमा भएको पुत्रशोकलाई हटाए । शोक नगर" भनी भन्नुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा उपासक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखत रोहिणेय्य आनन्द थिए, वासुदेव सारिपुत्र थिए र बाँकी बुद्धपरिषद् थियो । घतपण्डित चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

१५. दसरथ जातक (४६१)

"एथ लक्खणसीता चा'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले बाबु मरेको एक कुटुम्बिकको कारणमा बताउनुभएको हो ।

वर्तमान कथा

उ बाबु मरेपछि शोकाकुलित हुँदै सबै काम छोडी शोकको वशीभूत भई बस्यो । शास्ताले प्रत्यूष समयमा लोकमा हेरिरहनुभएको बेलामा उसको स्रोतापत्तिफलको उपनिश्रय देखी भोलिपल्ट श्रावस्तीमा भिक्षाटन् गरी भोजनकृत्य सिद्धिएपछि भिक्षुहरूलाई (विहारमा) पठाई वहाँ एक अनुयायी श्रमणलाई लिई उसको घरमा जानुभयो । अनि वन्दना गरी बसिरहेको उसलाई मधुरस्वरले सम्बोधन गर्नुहुँदै "उपासक ! शोक गर्दै छौ कि क्या हो ?" भनी भन्नुहुँदा "हो, भन्ते !

---

१. जा. पा. I. पृ. २२९: दशरथजातकं, नं. ४६१, अ. क. IV पृ. १३६.

पितृशोकले बाधा दिंदैछ" भनी भनेपछि "उपासक ! अष्टलोकधर्मलाई प्रत्यक्षरूपमा जान्ने पुराना पण्डितहरूले बाबु मर्दा अलिकता पनि शोक गरेनन्" भनी भन्नुहुंदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बउताउनु भयो ।

अतीत कथा

अतीत समयमा **दशरथ** भन्ने राजाले अगतिमा नगई धर्मतापूर्वक राज्य गरिरहेका थिए । उनका सोह्रहजार स्त्रीहरूमध्ये जेठी स्त्री अग्रमहिषी थिइन् । उनले दुइवटा छोराहरू र एउटी छोरी जन्माइन् । जेठो छोराको नाम **राम** थियो, दोश्रो छोराको नाम **लक्ष्मणकुमार** र छोरीको नाम चाहिं **सीतादेवी** थियो । पछिगएर अग्रमहिषी देहान्त भइन् । उनी देहान्त भएपछि धेरै दिनसम्म राजा शोकको वशमा बसे र पछि अमात्यहरूले सम्झाएपछि उनको क्रियाकर्म गरी अर्की स्त्रीलाई अग्रमहिषीस्थानमा राखे । राजाले उनलाई रुचाउंथे र प्यार पनि गर्दथे । पछिगएर उनले पनि गर्भधारण गरिन् । अनि गर्भिणीहरूले पाउनपर्ने सुसारकुसार पाई पछि पुत्र जन्माइन् । उनको नाम **भरतकुमार** भन्ने राखे ।

पुत्र स्नेहको कारणले गर्दा राजाले "भद्रे ! तिमीलाई वर दिनेछु, लेऊ" भनी भने । उनले "लिएं" भनी राखेर कुमार सात आठ वर्षको भएपछि राजाकहाँ गई "देव ! तपाइले मेरो छोरालाई वर दिनुभएको थियो । अब सो वर दिनुहोस्" भनी विन्ति गरिन् ।

"भद्रे ! लेऊ।"

"देव ! मेरो छोरालाई राज्य दिनुहोस् ।"

अनि राजाले चुट्की बजाई "हे वसली ! तिम्रो नाशहोस् । अग्निस्कन्ध जस्ता तेजिला मेरा दुइछोराहरू छन् । उनीहरूलाई मार्न लगाई राज्य माग्दछ्यौ !" भनी तर्जन गरे ।

उनी भयभीतभई खोपीमा पसिन् । अनि अर्को दिनमा फेरी राजासँग राज्य नै मागिन् ।

उनलाई त्यो वर नदिई राजाले सोच्नथाले—"आइमाईहरू भनेका अकृतज्ञ र मित्रद्रोही हुन्छन् । यसले कृत्रिम पत्र अथवा कृत्रिम छाप बनाई छोराहरूलाई मार्न लगाउन पनि वेर छैन ।"

यति सोचेर राजाले छोराहरूलाई बोलाउन लगाई "तात ! यहाँ बसिरहँदा तिमीहरूलाई विघ्नबाधा पनि हुनसक्छ । अतः तिमीहरू छिमेकी राज्यमा अथवा जंगलमा गई म मरेपछि आएर वंशपरम्परागत राज्य लिनू" भने । त्यसपछि जोतिषलाई बोलाउन लगाई आफ्नो आयु परिच्छेद सोध्दा "अर्को बाह्रवर्षसम्म बाँच्नु हुनेछ" भनी भनेको सुनी "तात ! त्यसोभए आजको बाह्रवर्षपछि आएर छत्र धारण गर" भनी भने ।

"हवस्" भनी पितालाई वन्दना गरी रुँदै प्रासादबाट ओर्ल्हे । सीतादेवी पनि "म पनि दाइहरूसँगै जानेछु" भनी पितालाई वन्दना गरी रुँदै निस्किन् ।

तिनीहरू तीनैजना महाजनहरूको साथ नगरबाट बाहिर निस्की महाजनहरूलाई फर्काई क्रमशः हिमालयतिर गई पानी भएको र फलफूलहरू सुलभ भएको ठाउँमा आश्रम बनाई फलफूलहरूद्वारा जीवन यापन गरी बस्नथाले ।

अनि लक्ष्मणपण्डित र सीताले रामपण्डितसँग "तपाइ हाम्रो पिताको स्थानमा रहनु भएको छ। त्यसैले तपाइ आश्रममै बस्नुहोस्। फलफूलहरू ल्याई हामी तपाइको पोषण गर्नेछौं" भनी प्रार्थना गरी उनको वचन लिए।"

त्यहांदेखि रामपण्डित त्यहीं बसे र उनीहरूले फलफूलहरू ल्याई उनको सेवा गर्नथाले। यसरी उनीहरू फलफूलहरूद्वारा यापन गरिरहेको बेलामा पुत्रशोकको कारणले गर्दा दशरथमहाराजा मरे।

उनको शरीरकृत्य गराइसकेपछि देवीले आफ्नो छोरा भरत-कुमारलाई छत्र धारण गराऊ भनी भनिन्। अमात्यहरूले छत्रको मालिक जंगलमा छन् भनी दिएनन्। "मेरा दाइ रामपण्डितलाई जंगलबाट ल्याई छत्र धारण गराउने छु" भनी भरतकुमार पञ्चराजककुध वस्तुहरू[1] लिई चतुरंगिणीसेना[2] सहित उनी बस्ने ठाउँमा पुगी त्यसको

१. खड्ग, छत्र, मुकुट, खराऊ र चम्बी—यी पाँच वस्तुहरूलाई 'पञ्च राज ककुध वस्तु' भनिएको हो। अभि. धा. प. गा. नं. ३५८.

२. हात्ती, घोडा, रथ र पैदलसेनालाई 'चतुरङ्गिणी सेना' भनिएको हो। अभि. धा. प. गा. नं. ३५९.

नजिकमा सेनाहरूलाई राखी केही अमात्यहरूसँग लक्ष्मणपण्डित र सीतादेवीहरू जंगलमा गइरहेको बेलामा आश्रममा गई आश्रमको दैलोमा राम्ररी राखेको कञ्चनको रूप जस्तै निराशंकी भई सुखपूर्वक बसिरहेका रामपण्डितकहाँ गई वन्दना गरी एक छेउमा उभिए । अनि राजाको खबर सुनाई अमात्यहरूका साथ पाउमा परी रुनथाले । रामपण्डितले न शोक गरे न रोए । अलिकता मात्र पनि उनको इन्द्रिय विचलित भएको थिएन ।

भरत रोएर बसिरहेको बेलामा संध्यासमयमा उनीहरू दुइजना फलफूलहरू लिएर आइपुगे । अनि रामपण्डितले सोचे—"यिनीहरू तन्नेरी छन् । ममा जस्तो सम्झनसक्ने प्रज्ञा यिनीहरूमा छैन । तुरन्तै पिता मरेको खबर सुनाउँदा शोकलाई थाम्न नसकी सम्भवत उनीहरूको छाती पनि फुट्न सक्छ । अतः उपायद्वारा उनीहरूलाई पानीमा ओर्लन लगाई यो खबर सुनाउनेछु ।"

यस्तो सोचेर उनीहरूको अगाडिको एक पानी भएको ठाउँ देखाई "तिमीहरू धेरै अबेर गरी आयौ । अतः यो दण्डकर्म हुनेछ" भन्दै "यो पानी भएको ठाउँमा ओर्ली उभिइरहु" भनी पहिलो आधा गाथा भने—

"एथ लक्खणसीता च उभो ओतरथोदके ।"

अर्थ—

"आउ, लक्ष्मण र सीता दुवैजना पानीमा ओर्लु ।"

उनीहरू एकै वचनमा पानीमा ओर्ल्हीं उभिइरहे। त्यसपछि उनीहरूलाई त्यो खबर सुनाउँदै बाँकी आधा गाथा भने—

"एवायं भरतो आह राजा दसरथो मतो'ति ॥"

अर्थ—

"यी भरत भन्दछन् कि राजा दशरथ मरे।"

पिता मरेको खबर सुन्नेबित्तिकै उनीहरू बेहोश भए। अर्को पटक पनि उनीहरूलाई खबर सुनाउदा फेरि पनि बेहोश भए। यसरी तीन पटकसम्म बेहोश भएपछि ती अमात्यहरूले पानीबाट उनीहरूलाई उचालेर ल्याई जमिनमा बसाली आश्वासन पाएपछि सबै परस्पर रुँदै कराउँदै बसे। अनि भरतकुमारले सोचे—"मेरा दाइ लक्ष्मणपण्डित र दिदी सीतादेवीले पिता मरेको खबर सुन्नेबित्तिकै शोकलाई थाम्न सकेनन्। किन्तु रामपण्डित चाहिं न शोक गर्छन् न त विलाप नै। उनले शोक नगर्नाको कारण के रहेछ भनी सोध्नुपर्‍यो" भनी सो कारण सोध्दै दोश्रो गाथा भने—

"केन रामप्पभावेन सोचितब्बं न सोचसि।
पितरं कालकतं सुत्वा न तं पसहते दुखन्ति ॥"

अर्थ—

"हे राम! के प्रभावद्वारा तिमी शोचनीय कारणमा शोक

गर्दैनौ ? पिता मरेको खबर सुनेर पनि किन तिमीलाई दुःखले पीडा दिएन ?"

अनि रामपण्डितले आफूले शोक नगरेका कारणहरू बताउँदं—

१. "यं न सक्का पालेतुं पोसेन लपतं बहुं ।
सकिस्स विञ्ञु मेधावी अत्तान मनुतापये ।।

२. "दहरा च हि ये वुड्ढा ये बाला येच पण्डिता ।
अड्ढा चेव दलिद्दा व सब्बे मच्चुपरायणा ।।

३. "फलानमिव पक्कानं निच्चं पपतना भयं ।
एवं जातानं मच्चानं निच्चं मरणतो भयं ।।

४. "सयमेकेन दिस्सन्ति पातो दिट्ठा बहुज्जना ।
पातो एकेन दिस्सन्ति सायं दिट्ठा बहुज्जना ।।

५. "परिदेवयमानो चे कञ्चिदत्थं उदब्बहे ।
सम्मूल्हो हिंसमत्तानं कयिरा चेनं विचक्खणो ।।

६. "किसो विवण्णो भवति हिंसमत्तानमत्तना ।
न तेन पेता पालेन्ति निरत्था परिदेवना ।।

७. "यथासरणमादित्तं वादिना परिनिब्बये ।
एवम्पि धीरो सुतवा मेधावी पण्डितो नरो ।।

८. "एकोव मच्चो अच्चेति एकोव जायते कुले ।
संयोगपरमात्वेव सम्भोगा सब्बपाणिनं ॥

९. "तस्मा हि धीरस्स बहुस्सुतस्स,
सम्पस्सतो लोकमिमं परञ्च ।
अञ्ञाय धम्मं हदयं मनञ्च,
सोकामहन्ता पि न तापयन्ति ॥

१०. "सोहं दस्सञ्च भोक्खञ्च भरिस्सामि च ञातके ।
सेसं सम्पालयिस्सामि किच्चमेतं विजानतो'ति ॥"

अर्थ—

१–"जति धेरै विलाप गरे पनि कसैले पनि जीवन रक्षा गर्न सक्दैन । अतः कुनै बुद्धिमानी मेधावीले किन आफूले आफैलाई कष्ट दिने ?

२–"जो तन्नेरी छ, जो वृद्ध छ, जो मूर्ख छ र जो पण्डित छ तथा जो धीर दरीद्री छन्—ती सबै मरणशील नै हुन् ।

३–"जस्तै पाकेको फल सँधै खस्ने डर हुन्छ उस्तै गरी जन्मेका मानिसहरूलाई सँधैभरी मरणको भय रहन्छ ।

४–"बिहान देखिएका धेरैजसो मानिसहरू संध्यासमयमा देखिन्नन्, संध्यासमयमा देखिएका धेरैजसो मानिसहरू बिहानपख देखिदेनन् ।

५–"रोई कराई आफूलाई कष्ट दिँदैमा मूढजनलाई केही लाभ हुने भएको भए पण्डितहरू पनि रुन्थे र विलाप गर्थे ।

६–"आफूलाई आफैले कष्ट दिदा दुब्लो पातलो र दुर्वर्ण हुनु सिवाय त्यसप्रकारको रुवाइबाट पितृलाई रक्षा गर्न सकिन्न । अतः रुनु भनेको व्यर्थ हो ।

७–"जस्तै आगो लागेको घरलाई अविलम्ब पानीले निभाउनुपर्छ त्यस्तै गरी धैर्यवान् तथा मेघावी पण्डित पुरुषले बतासले कपासलाई उडाएर लैजाने जस्तै उत्पन्न भएको शोकलाई चाँडै नै हटाउनसक्नुपर्छ ।

८–"मानिस एक्लै मरेर जान्छ र एक्लै नै कुनै कुलमा जन्मिन्छ । सम्भोग र संयोग मात्रले सबै प्राणीहरूको नातेदार भएका हुन् ।

९–"त्यसैले जो धीर बहुश्रुत हो उसले इहलोक र परलोकलाई अनित्य भनी हेर्दछ र अष्टलोकधर्मलाई जान्न सक्यो भने जत्रै ठूलो शोकले पनि उसको हृदयलाई तापदिन सक्दैन ।

१०–"दिनयोग्य यश दिनेछु, भवभोग दिन योग्यलाई भवभोग दिनेछु, भरण पोषण गर्न योग्य ज्ञातिहरूलाई भरण पोषण गर्नेछु र प्रजालाई पालन गर्नेछु भनी कर्तव्य जान्ने म जस्ता पण्डितले किन शोक गर्नें ?"

यी गाथाहरूमा अनित्यता सम्बन्धी कुरा प्रकाश पारिएको छ ।

रामपण्डितको यो अनित्यतायुक्त धर्मदेशना सुनी परिषद् निश्शोकी भयो । त्यसपछि रामपण्डितलाई वन्दना गरी भरतकुमारले "बाराणशी राज्य ग्रहण गर्नुहोस्" भनी प्रार्थना गरे ।

"तात ! लक्ष्मण र सीतादेवीलाई लिएर गई राज्य अनुशासन गर ।"

"देव ! तपाइ नि ?"

"तात ! मेरा पिताले मलाई बाह्रवर्षपछि आएर राज्य गर भनी भन्नु भएको थियो । यदि म अहिले गएँ भने म वहाँको वचन मान्ने हुनेछैन । अरू तीनवर्ष बितिसकेपछि आउनेछु ।"

"त्यतिञ्जेलसम्म कसले राज्य गर्छ त ?"

"तिमीले गर ।"

"म गर्ने छैन ।"

"त्यसोभए म नआएसम्म यो जुत्ताले राज्य गर्नेछ" भनी आफ्नो तृणको जुत्ता फुकालेर दिए ।

ती तीनैजना जुत्ता लिएर पण्डितलाई वन्दना गरी महाजनहरूले परिवृत्तभई बाराणशीमा गए । तीनवर्षसम्म जुत्ताले राज्य गऱ्यो । अमात्यहरूले तृणको जुत्ता राजगद्दीमा राखी मुद्दा छिन्दथे । यदि निसाप गरेको बेठिक भयो भने जुत्ता आपसमा जुद्धथ्यो । यो लक्षण देखेपछि मुद्दा फेरि हेर्दथे । राम्ररी निसाफ गर्दा जुत्ता यथावत रहन्थ्यो । तीनवर्ष बितेपछि रामपण्डित जंगलबाट निस्केर बाराणशी नगरमा पुगी उद्यानमा गए । उनी आएको कुरा बुझी कुमारहरू अमात्यहरूका साथ उद्यानमा गई सीतालाई अग्रमहिषी बनाई दुवैजनालाई अभिषेक दिए । यसरी अभिषेक प्राप्तगरी महासत्व अलंकृत रथमा बसी विशाल

परिवारका साथ नगरभित्र गई नगर घुमी श्रेष्ठ सुनन्दन प्रासादमा गए । त्यहाँदेखि सोह्रहजार वर्षसम्म धर्मतापूर्वक राज्य गरी स्वर्गवास भए ।

"दसवस्ससहस्सानि सट्ठि वस्ससतानि च ।
कम्बुगीवो महाबाहु रामो रज्जमकारयी'ति ।।"

अर्थ—

"सुवर्णलिङ्ग जस्तो घाँटी र महाबाहु भएका रामले १६ हजार वर्षसम्म राज्य गरे ।"

यो गाथा अभिसम्बुद्ध भइसक्नु भएपछि शास्ताले बताउनु भएको हो ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो । सत्यकुराको अवशानमा कुटुम्बिक स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखत दशरथमहाराजा शुद्धोदन महाराजा थिए, आमा महामाया, सीता राहुलमाता, भरत आनन्द, लक्ष्मण सारिपुत्र र परिषद् चाँहि बुद्धपरिषद् थियो । रामपण्डित चाँहि म नै थिएँ" भनी भन्नुभयो ।

१६. भिक्खापरम्परा जातक (४९६)

"सुखुमालरूपं दिस्वाना'ति[१]..." भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक कुटुम्बिकको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

उ बडो श्रद्धालु थियो। उ सधैं प्रसन्न चित्तले नित्यप्रति बुद्धलाई र संघलाई महान सत्कार गर्थ्यो। एकदिन उसले सोच्यो— "म चाहिं बुद्धरत्न र सङ्घरत्नलाई प्रणीत भोजनादिहरू तथा सूक्ष्म वस्त्रहरू दिई सधैं महान सत्कार गर्दछु। अब धर्मरत्नलाई पनि सत्कार गर्नेछु।" धर्मरत्नको सत्कार गर्नेले के गर्नुपर्ने रहेछ? अनि धेरै गन्धमालादिहरू लिई जेतवनमा गई शास्तालाई वन्दना गरी सोध्यो— "भन्ते! म धर्मरत्नको सत्कार गर्न चाहन्छु। उसको सत्कार गर्न चाहनेले के गर्नुपर्छ होला?"

---

१. जा. पा. I. पृ. ३०२: भिक्खापरम्पराजातकं, नं. ४९६, अ. क. V. पृ. ७१.

अनि शास्ताले "यदि तिमी धर्मरत्नको सत्कार गर्न चाहन्छौ भने धर्मभण्डागारिक आनन्दलाई सत्कार गर" भनी भन्नुभयो ।

"हवस्" भनी भगवान्लाई प्रत्युत्तरदिई स्थविरलाई निम्त्याई अर्को दिनमा स्थविरलाई महान सत्कारपूर्वक आफ्नो घरमा लगी अमूल्य आसनमा बसाली गन्धमालाविहरूले पूजा गरी अनेकप्रकारका रसयुक्त भोजन दिई त्रिचिवरलाई पुग्ने बहुमूल्य कपडा पनि प्रदान गऱ्यो ।

स्थविरले "यो सत्कार धर्मरत्नकोनिमित्त गरेको हो । मेरोनिमित्त गरेको होइन । त्यसैले मैले स्वीकार्नु योग्य छैन । अग्र हुनु भएका धर्मसेनापतिलाई योग्य छ" भनी सोचेर भिक्षाभोजन र कपडाहरू विहारमा लगी सारिपुत्र स्थविरलाई दिनुभयो । वहाँले पनि "यो सत्कार धर्मरत्नकोनिमित्त गरिएको हो । निश्चय नै धर्मस्वामी सम्यक्-सम्बुद्ध हुनु भएका वहाँलाई नै योग्य छ" भन्ने सोचेर दशबललाई[१] नै दिनुभयो ।

शास्ताले आफूभन्दा श्रेष्ठतर पुरुष अरू कुनैलाई नदेखी भिक्षाभोजन गर्नुभयो र चीवरकोनिमित्त कपडा पनि ग्रहण गर्नुभयो ।

धर्मसभामा भिक्षुहरूले कुरा निकाले—"आवुसो ! अमुक कुटुम्बिकले धर्मरत्नलाई सत्कार गर्छु भनी धर्मभण्डागारिक आनन्द स्थविरलाई निम्त्याई दान दियो । स्थविरले—"मेरोनिमित्त योग्य

---

१. दशबल भनेको के हो भन्ने कुरा जान्न चाहनेले लेखकको बु. रा. भा–१, पृ. ४१ को पादटिप्पणीमा हेर्नू ।

छंन भनी धर्मसेनापतिलाई दिनुभयो। वहांले पनि 'यो मलाई योग्य छंन' भनी तथागतलाई नै दिनुभयो। तथागतले आफूभन्दा अरू कुनै श्रेष्ठतर पुरुष नदेखी आफै धर्मस्वामी हुनु भएका 'मलाई नै योग्य छ' भनी भिक्षाभोजन गर्नुभयो र चीवरकोनिमित्त कपडा पनि स्वीकार्नुभयो। यसरी त्यो भिक्षा यथायोग्य अनुसार स्वामीको चरणमा नै पुग्यो।"

शास्ता आउनुभई—"भिक्षुहो! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ?" भनी सोधनी हुंदा "यो यो" भनी भनेपछि "भिक्षुहो! अहिले मात्र यथाक्रम अनुसार यथायोग्य पुरुषकहाँ पुगेको होइन अघि पनि बुद्ध उत्पन्न नभएको बेलामा पुगेकै थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले अगति[1] (=अनुचित मार्ग) मा नलागी दश-राजधर्म[2]लाई नबिगारी धर्मतापूर्वक राज्य गरेका थिए। यस्तो हुंदा न्यायालय शून्य जस्तै भयो। अनि राजा अवगुणगवेषी भई आफ्नो अवगुण बताउने कुनै भेटिन्छ के भनी आफू

१. 'अगति' भनेको के हो भन्ने बारेमा लेखकको बु. प्रे. पृ. ९३: उब्बरिपेतवत्थुको पादटिप्पणीमा हेर्नू।

२. हेर्नु लेखकको बु. प्रे. पृ. ९३ को पादटिप्पणीमा।

बस्ने ठाउँ आदि अन्तःपुरमा खोज्दै नगरको बीचमा र द्वारगाउँ भित्र आफ्नो अवगुण बताउने कुनै मानिस नभेटिएपछि जनपदहरूमा खोज्नेछु भनी अमात्यहरूलाई राज्य सुम्पी पुरोहितको साथ भेष बदली काशीदेश विचरण गरे। त्यहाँ पनि बताउने कोही मानिस नभेटिएपछि प्रत्यन्तको एक निगममा पुगी ढोका बाहिरको एक शालामा बसे।

त्यस समय निगमवासी असीकोटी वैभवहुने एक कुटुम्बिक महान परिवारका साथ नुहाउने तीर्थस्थानमा गइरहेको बेलामा शालामा बसिरहेका सुवर्णवर्णी सुकुमार शरीर भएका राजालाई देखी स्नेह उत्पन्न भई शालाभित्र गई "यहीं नै बसिरहनु होस्" भनी घरमा गई नानाप्रकारका रसयुक्त भोजनहरू तयारपार्न लगाई महान परिबारका साथ भोजनका भाँडाहरू लिनलगाई आयो।

त्यसपछि हिमालयवासी पञ्चाभिज्ञलाभी तपस्वी आई सोही ठाउँमा बसे। नन्दमूलक पर्वतबाट प्रत्येकबुद्ध पनि आई सोही ठाउँमा बसे। कुटुम्बिकले राजालाई हातधुने पानी दिई नानाप्रकारका रसयुक्त सूपब्यञ्जन सहित सजाइएको खानाको थाली दियो। राजाले सो लिई पुरोहित ब्राह्मणलाई दिए। ब्राह्मणले लिई तपस्वीलाई दियो। तपस्वीले प्रत्येकबुद्धलाई देब्रे हातले भोजनको थाली र दाहिने हातले कमण्डलु समाती हातधुने पानी दिई पात्रमा भोजन राखिदिए।

उनले कसैलाई निमन्त्रण नगरी कसैसंग नसोधी भोजन गरे। उनले भोजन गरिसकेपछि कुटुम्बिकले सोच्नथाल्यो—"मैले राजालाई भोजन दिएँ सो भोजन राजाले ब्राह्मणलाई दिए, ब्राह्मणले तपस्वीलाई

दियो र तपस्वीले प्रत्येकबुद्धलाई दिए। अनि प्रत्येकबुद्धले कसैसँग नसोधी भोजन गरे। यिनीहरूले यसरी दानदिनाको कारण के रहेछ? र यिनले सो भोजन कसैसँग नसोधी भोजन गर्नाको कारण के रहेछ? —यो कुरा सोध्नुपर्‍यो" भनी क्रमैसँग सबैकहाँ गई सोध्यो र उनीहरूले पनि क्रमैसँग जवाफ दिए।

राजासँग सोध्यो—

१. "सुखुमालरूपं दिस्वान रट्ठा विवनमागतं।
कूटागारवरूपेतं महासयनमुपासितं॥

२. "तस्स ते पेमकेनाहं अदासिं बद्धमोदनं।
सालीनं विचित्तं भत्तं सुचिं मंसूपसेचनं॥

३. "तं त्वं भत्तं पटिग्गय्ह ब्राह्मणस्स अदापयी।
अत्तानं अनसित्वान कोयं धम्मो नमत्थुते॥"

अर्थ—

१—"देशबाट निस्की बनजंगल जस्तै ठाउँमा आएका सुकुमार स्वरूप भएका तथा गजुर भएको शालामा बसी महाशयनमा आरुढ भएका तिमीलाई देखें।

२—"अनि तिम्रोप्रति उत्पन्न भएको प्रेमको कारणले गर्दा शुद्धमांस र रसयुक्त कणिका रहित मार्सीको अति उत्तम भोजन मैले दिएँ।

२–"तिमीले त्यो भोजन ग्रहण गरी ब्राह्मणलाई दियौ। तिमीलाई नमस्कार छ। तर आफूले नखाई अर्कालाई दिनु यो कस्तो धर्म हो ?"

राजाले भने—

"आचरियो ब्राह्मण मय्हं किच्चाकिच्चेसु ब्यावटो।
गरु च आमन्तणीयो च दातुमरहामि भोजनं॥"

अर्थ—

"ब्राह्मण मेरा आचार्य हुन्, मेरो कामकाजमा व्यस्त रहन्छन्। त्यसैले गौरवणीय उनलाई आमन्त्रणा गर्नु योग्य छ र भोजनदिनु पनि योग्य छ।"

ब्राह्मणसँग सोध्यो—

१. "ब्राह्मणन्दानि पुच्छामि गोतमं राजपूजितं।
राजा ते भत्तं पादासि सुचिं मंसूपसेचनं॥

२. "तं त्वं भत्तं पटिग्गय्ह इसिस्स भोजनं अदा।
अखेत्तञ्ञुसि दानस्स कोयं धम्मो नमत्थुते॥"

अर्थ—

१–"राजपूजित हे गौतम ब्राह्मण ! अब म तिमीसँग सोध्न चाहन्छु कि शुद्धमांस र रसयुक्त भोजन राजाले तिमीलाई दिए।

२–"तिमीले त्यो लिएर ऋषिलाई दियौ। के तिमी योग्य दानपात्र छैनौ? तिमीलाई नमस्कार छ तर यो कस्तो धर्म हो?"

ब्राह्मण भन्दछ—

१. "भरामि पुत्ते दारे च घरेसु गथितो अहं।
भुञ्ज मानुसके कामे अनुसासामि राजिनो॥

२. "आरञ्ञकस्स इसिनो चिररत्तं तपस्सिनो।
वद्धस्स भावितत्तस्स दातुमरहामि भोजनं॥"

अर्थ—

१–"पुत्रदारहरूको पालनपोषण गर्छु, गृहस्थीमा बाँधिएर बस्छु अनि मानिसहरूको कामविषय सेवन गरी राजालाई अनुशासन गर्छु।

२–"धेरै समयदेखि तपस्वी भई जंगलमा बसेका, गुणद्वारा वृद्ध भई भावितेन्द्रिय भएका ऋषिलाई दानदिन योग्य छ।"

ऋषिसँग सोध्दै—

१. "इसिञ्चदानि पुच्छामि किसं धमनिसन्थवं।
परुल्ह कच्छ नखलोमं पङ्कदन्तं रजस्सिरं॥

२. "एको अरञ्ञे विहरसि नावकङ्खसि जीवितं।
भिक्खु केन तया सेय्यो यस्स त्वं भोजनं अदा॥"

अर्थ—

१–"थर थर कांपी दुब्लो पातलोभई कृष शरीर भएका, केश दाह्री र नङ बढेका, दांतमा मैलो परेका र शीरमा धूलो भएका हे ऋषि ! अब म तिमीसँग सोध्दछु ।

२–"एक्लै जंगलमा बस्ने तिमीले जीवनको आशा राखेका छैनौ कि क्याहो ? त्यो भिक्षु तिमीभन्दा किन श्रेष्ठ छ ? जो कि तिमीले आफ्नो भोजन उनलाई दियौ ।"

ऋषि भन्दछन्—

१. "खणन्तालकलम्बानि बिलाली तक्कलानिच ।
धुनं सामाकनीवारं सङ्घारियं पसारियं ।।

२. "साकं भिसं मधुं मंसं बदरामलकानिच ।
तानि आहत्वा भञ्जामि अत्थि मे सो परिग्गहो ।।

३. "पचन्तो अपचन्तस्स अममस्स अकिञ्चनो ।
अनादानस्स सादानो दातुमरहामि भोजनं ।।"

अर्थ—

१–"आलू, कमलको डाँठ, बिलाली-कन्द, तक्कल-कन्द आदि खनेर जंगली धानहरू काटेर ल्याई त्यसलाई सुकाउँछु ।

२–" सागपातहरू, कमलका कन्दहरू, मह, मांस, बएर, अमला आदि त्याई खान्छु। यो जम्मै मेरोनिमित्त परिग्रह अर्थात् झमेला नै हो।

३–" अतः पकाउने काम गर्नेको अगाडि नपकाउनेलाई, ममता हुनेमध्येमा ममता नहुनेलाई, प्रपञ्च हुनेहरूमध्येमा प्रपञ्च नहुनेलाई र कुनै वस्तुमा आशा राख्नेहरूमध्येमा आशा नराख्नेलाई भोजनदिन योग्य सम्झन्छु।"

भिक्षुसँग सोध्यो—

१. "भिक्खुञ्चदानि पुच्छामि तुण्हीमासीन सुब्बतं।
इसि ते भत्तं पादासि सुचिं मंसूपसेचनं॥

२. "तं त्वं भत्तं पटिग्गय्ह तुण्ही भुञ्जसि एकको।
नाञ्ञं कञ्चि निमन्तेसि कोयं धम्मो नमत्थु ते॥"

अर्थ—

१–" अब भिक्षुसँग सोध्नेछु जो कि केही नबोली चुपलागेर बसेका छन्—शुद्ध मांस र रसयुक्त भोजन तिमीलाई ऋषिले दिए।

२–" त्यो भोजन ग्रहण गरी चुपलागेर तिमी एक्लैले खायौ, अरू कसैलाई निम्तो पनि गरेनौ, तिमीलाई नमस्कार छ तर यो कस्तो धर्म हो?"

प्रत्येकबुद्ध भन्नुहुन्छ—

१. "न पचामि न पाचेमि न छिन्दामि न छेदये ।
तं मं अकिञ्चनं ञत्वा सब्बपापेहि आरतं ।।

२. "वामेन भिक्खामादाय दक्खिणेन कमण्डलुं ।
इति मे भत्तं पादासि सुचिं मंसूपसेचनं ।।

३. "एतेहि दातुमरहति समम्मा सपरिग्गहा ।
पच्चणीकमहं मञ्ञे यो दातारं निमन्तये'ति ।।"

अर्थ—

१–"न पकाउँछु, न पकाउन लगाउँछु; न काट्छु, न काट्न लगाउँछु; सो मलाई अकिञ्चन र सबै पापहरूबाट दूर भएका हुन् भनी बुझेर—

२–"देब्रे हातले भिक्षालिई दाहिने हातले कमण्डलु लिई ऋषिले मलाई भोजन दिए जुन् शुद्ध मांस र रसयुक्त थियो ।

३–"जो ममता सहित सपरिग्राही छन् तिनीहरूले नै म जस्तालाई भोजन दिन योग्य छ । दाताहरूलाई निम्त्याउनु चाहिं मिथ्या जीवन अर्थात् मिथ्याप्रतिपत्ति हो भन्ने म ठान्दछु ।"

उनको वचन सुनी सन्तुष्टभई कुटुम्बिकले दुइवटा अवशान गाथा भन्यो—

१. "अत्थाय वत मे अज्ज इधागच्छि रथेसभो ।
इतो पुब्बे न जानामि यत्थ दिन्नं महप्फलं ।।

२. "रट्ठेसु गिद्धा राजानो किच्चाकिच्चेसु ब्राह्मणा ।
इसी मूलफले गिद्धा विप्पमुत्ता च भिक्खवो'ति ।।"

अर्थ—

१–"हे राजन् ! मेरो हितकोनिमित्त आज तपाइ यहाँ आउनु भयो । यसभन्दा अघि कहाँ दानदिंदा महत्फलदायी हुन्छ भन्ने कुरा मलाई थाहा थिएन ।

२–"राजाहरू राष्ट्रलोभी हुन्छन्, कामकाजमा ब्राह्मणहरू लोभी हुन्छन् अनि ऋषिहरू फलमूलहरूमा लोभी हुन्छन् तर भिक्षुहरू संसारबाट नै विमुक्त हुन्छन् ।"

उसलाई धर्मोपदेश गरी प्रत्येकबुद्ध आपनो ठाउँमा फर्कनु भयो । त्यस्तै गरी तपस्वी पनि । राजा चाहिं केही दिन उसको आश्रयमा बसी वाराणशीमै फर्केर गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई "भिक्षुहो ! अहिले मात्र

भिक्षा भोजन यथायोग्य स्थानमा पुगेको होइन अघि पनि पुगेकै थियो" भनी भन्नुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको कुटुम्बिक धर्मरत्नलाई सत्कार गर्न चाहने कुटुम्बिक थियो। राजा चाहिं आनन्द, पुरोहित सारिपुत्र र हिमालयमा बस्ने तपस्वी चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

१७. कूटवाणिज जातक(९८)

"साधु खो पण्डितो नामा'ति[१]..." भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक फेलाहा व्यापारीको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीबासी दुइजना व्यापारीहरू एकसाथ व्यापार गरी गाडाद्वारा वस्तुहरू लगी जनपदमा गए । फाइदा भएपछि फर्केर आए । ती दुइमध्ये फेलाहा व्यापारीले सोच्यो—"धेरै दिनदेखि दुर्भोजन गरी, दुःखपूर्वक सुती यो थाकेको छ । अब यसले आफ्नो घरमा नानाप्रकारका रसयुक्त असल भोजन पेटभरी खानेछ । अनि पचाउन नसकी मर्नेछ । अनि मैले यी वस्तुहरू तीनभाग लगाई एकभाग उसका वालकहरूलाई दिनेछु र दुइभाग आफूले लिनेछु ।" यसै विचारले गर्दा उसले "आज

१. जा. पा. I. पृ. २३: कूटवाणिजजातकं, नं. ९८, अ. क. I–II. पृ. २९८.

भाग लगाउनेछु, भोलि भाग लगाउनेछु" भनी वस्तुहरू भाग लगाउन चाहन्नथ्यो। अनि बुद्धिमानी व्यापारीले उसमाथि दबावदिई उसको इच्छा विना नै वस्तुहरू भाग लगाउन लगायो। पछि विहारमा गई शास्तालाई वन्दना गरी कुशलक्षेम कुराकानी गरिसकेपछि शास्ताले "यहाँ आइपुगेको यतिका दिन भएर पनि बुद्धको उपस्थानमा आउन तिमीले निक्कै बिलम्ब गऱ्यौ नि !" भनी भन्नुहुँदा उक्त कुरा भगवान्‌लाई सुनायो।

अनि शास्ताले "उपासक ! उ अहिले मात्र ठेलाहा व्यापारी होइन अघि पनि ठेलाहा व्यापारी नै थियो। अहिले चाहिं तिमीलाई ठग्न खोज्यो। अघि चाहिं पण्डितहरूलाई पनि ठग्ने प्रयत्न गरेकोथियो" भनी भन्नुहुँदा उसले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको वेलामा बोधिसत्व बाराणशीको एक व्यापारी कुलमा जन्मे। नाम राख्ने दिनमा उनलाई 'पण्डित' भन्ने नाम राखे। वैंश पुगेपछि अर्को व्यापारीसँग मिली उनले व्यापार गर्नथाले। उसको नाम 'अतिपण्डित' थियो। उनीहरू बाराणशीबाट पांचशय गाडाहरूद्वारा वस्तुहरू लिई जनपदमा गए। त्यहाँ व्यापारबाट धेरै लाभ भएपछि उनीहरू

बाराणशीमा फर्केरआए। अनि उनीहरूका वस्तुहरू भाग लगाउने बेलामा अतिपण्डितले यस्तो भन्यो—

"मैले दुइभाग पाउनुपर्छ।"

"के कारणले ?"

"तिमी पण्डित हौ म अतिपण्डित हुँ। पण्डितले एक भाग पाउनुपर्छ र अतिपण्डितले दुइ भाग।"

"हामी दुवैका वस्तुका मूल्यहरू र गोरुहरू पनि बराबर नै छन्। अनि किन तिमीले मात्र दुइ भाग पाउने ?"

"अतिपण्डित भएकोले।"

यसरी कुरा बढदा बढदै उनीहरूले झगडा गरे। अनि अतिपण्डितले 'एउटा उपाय गर्नुपर्‍यो' भनी सोची आफ्नो बाबुलाई एक रुखको टोड्को भित्र पस्नलगाई "तिमीले हामीहरू आउँदा 'अतिपण्डितले दुइ भाग पाउनुपर्छ' भनी भन" भनी कुरा सिकाई बोधिसत्वकहाँ गई "सौम्य ! मैले दुइ भाग पाउन योग्य छ वा छैन भन्ने कुरा यो वृक्षदेवताले जान्नेछन्। आऊ उनीसँग सोधौं" भनी त्यहाँ लगी "आर्य वृक्षदेवता ! हामीहरूको झगडा छिनिदिनुहोस्" भनी भन्यो। अनि उसको पिताले स्वर बदली "त्यसोभए झगडाको कुरा भन" भनी भन्यो।

"आर्य ! यो पण्डित हो म चाहिं अतिपण्डित हुँ। हामी दुवै मिली व्यापार गर्‍यौं। त्यसमध्ये कसले कति पाउनुपर्छ ?"

"पण्डितले एक भाग र अतिपण्डितले दुइ भाग पाउनुपर्छ।"

यसप्रकार झगडाको कुरा सुनी "अब यो देवता हो कि होइन भन्ने कुरा जान्नेछु" भनी बोधिसत्वले पराल ल्याई टोड्का भित्र पराल राखी आगो लगाइदिए। अतिपण्डितको बाबुलाई आगोको ज्वालाले छोएपछि आधा जलेको शरीर लिई रुखमाथि चढी शाखा समाती झुण्डिएर भुइमा खसेपछि उसले यो गाथा भन्यो—

"साधु खो पण्डितो नाम नत्वेव अतिपण्डितो।
अतिपण्डितेन पुत्तेन मनम्हि उपकूलितो॥"

अर्थ—

"संसारमा कारणाकारण जान्ने पण्डित नै असल हुन्छ। नामले मात्र अतिपण्डित हुने ठीक हुँदैन। अतिपण्डितपुत्रको कारणले आधा शरीर जलाएर मनमा आकुलव्याकुल भयो।"

अनि उनीहरू दुवैले आधा आधा भाग गरी बराबर भागलिई कर्मानुसार गए।

शास्ताले "पहिले पनि यो पुरुष झेलाहा व्यापारी नै थियो" भनी भन्नुभई यो अतीतको कुरा ल्याउनुभई जातक समाधान गर्नुभयो।

"त्यसवखतको झेलाहा व्यापारी अहिलेको झेलाहा व्यापारी नै थियो। पण्डित व्यापारी चाहिं म नै थिएँ" भनी भन्नुभयो।

१८. कूटवाणिज जातक(२१८)

"सठस्स साठेय्यमिदं'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक फेलाहा ब्यापारीको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

श्रावस्तीवासी एक फेलाहा ब्यापारी र पण्डित ब्यापारी दुवैजना मिली पाँचशय गाडाहरूमा सामानहरू भरी पूर्वदेखि पश्चिमसम्म घुम्दै ब्यापार गरी धेरै लाभ भएपछि श्रावस्तीमा फर्केर आए। अनि पण्डित ब्यापारीले फेलाहा ब्यापारीलाई भन्यो—

"सौम्य! वस्तुहरू बाँडौं।"

फेलाहा ब्यापारीले—"धेरैदिनसम्म रात्ररी सुत्न नपाई तथा दुर्भोजन गरी यो थाकेको छु। अब आफ्नो घरमा नानाप्रकारका रसयुक्त

१. जा. पा. I. पृ. ५५: कूटवाणिजजातकं, नं. २१८, अ. क. I–II. पृ. ५००.

भोजन खाएपछि अजीर्ण भएर यो मर्नेछ र सबै वस्तुहरू मेरै हुने छन्" भन्ने सोचेर "नक्षत्र राम्रो छैन, दिन ठीक छैन, भोलि हेर्नेछु, अर्को दिनमा गर्नेछु" भनी आलटाल गर्दै समय बिताउन थाल्यो ।

अनि पण्डित व्यापारीले उसमाथि दबावदिई वस्तुहरू छुटचाउन लगायो । अनि गन्धमालादि लिई शास्ताकहाँ गई पूजा तथा वन्दना गरी एक छेउमा बस्यो ।

शास्ताले "कहिले आयौ ?" भनी सोध्नुहुँदा "भन्ते ! आधा महीना जति अघि आएको थिएँ" भनी भन्यो ।

"त्यसोभए किन यतिका दिनसम्म बिलम्बगरी बुद्धोपस्थानमा आएका ह्वौ ?" भनी भन्नुभएपछि उसले उक्त कुरा बतायो ।

शास्ताले "उपासक ! अहिले मात्र यो छलाहा व्यापारी होइन अघि पनि छलाहा नै थियो" भनी भन्नुभएपछि उसले सो कुरा बताउन-हुन प्रार्थना गर्दा पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व अमात्य कुलमा जन्मी बैंश पुगेपछि राजाको विनिश्चय अमात्य भए ।

त्यसबखत गाउँले र शहरिया दुइ व्यापारीहरू साथी थिए । अनि गाउँले व्यापारीले शहरिया व्यापारीकहाँ ५०० फालीहरू राखन

दियो । उसले ती फालीहरू बिक्री गरी पैसालिई फाली राखेको ठाउँमा मुसाको लीँड राखिदियो । पछि गाउँले साथी आएर "फाली देऊ" भनी भन्यो । फेलाहा शहरिया व्यापारीले "तिम्रा फालीहरू मुसाले खायो" भनी मुसाको लीँड देखाइदियो । अनि गाउँलेले "खाए खाओस्, मुसाले नै खायो भने के गर्न सक्छु र !" भनी नुहाउनकोनिमित्त जाँदा उसको छोरा पनि लिएर गई एक साथीको घरमा राखी "यसलाई कहीं पनि नपठाउनू" भनी कोठाभित्र राख्न लगाई स्वयं नुहाई फेलाहा शहरिया व्यापारीको घरमा गयो ।

अनि उसले "मेरो छोरा खोई ?" भनी सोध्यो ।

"सौम्य ! तिम्रो छोरालाई तीरमा राखी म पानीमा डुब्की लगाउँदा एउटा बाज आई तिम्रो छोरालाई नङराले च्यापी टिपेर आकाशमा उडेर जाँदा मैले ताली बजाई चिच्याई छोडाउने कोशिस गर्दा पनि छोडाउन सकिन" भनी भन्यो ।

"तिमी झूठो भन्दैछौ । बाजले बालकलाई टिपेर लैजान सक्दैन ।"

"सौम्य ! नसक्ने भएपनि म के गरुँ ? जे होस् तिम्रो छोरालाई त बाजले नै लगिसक्यो ।"

उसले उसलाई तर्साएर "अरे दुष्ट ! मानिस मार्ने चोर ! अहिले म अदालतमा गई निकाल्न लगाउनेछु" भनी बाहिर निस्क्यो ।

"जे चाहन्छौ त्यही गर" भन्दै उ पनि अदालतमा गयो ।

त्यसलाहा शहरिया व्यापारीले बोधिसत्वलाई "स्वामी ! मेरो छोरा लिएर यो नुहाउन गयो। अनि मैले मेरो छोरा खोई ? भनी सोध्दा बाजले लग्यो भनी भन्दछ। यस कुराको निसाफ गरिदिनु होस्" भनी भन्यो।

"सांच्चै हो के यो कुरा ?" भनी बोधिसत्वले गाउँले व्यापारीसँग सोधे।

"स्वामी ! हो, मैले यसको छोरा लिएर गएको हो। बाजले लगेको पनि सत्य नै हो, स्वामी !"

"के यो लोकमा बाजले पनि बालकलाई लैजान सक्छ र ?"

"स्वामी ! त्यसोभए म पनि तपाइसँग सोध्दछु कि यदि बाजले बालकलाई लिएर आकाशमा उडेर जान सक्दैन भने फलामका फालीहरू मुसाहरूले खान सक्छन् त ?"

"यो के भनेको ?"

"स्वामी ! मैले यसको घरमा पाँचशय फालीहरू राखेको थिएँ। अनि यसले 'तिम्रा फालीहरू मुसाहरूले खाइदिए' भनी 'यो तिम्रा फालीहरू खाएका मुसाहरूको लिंड हो' भनी मुसाको लिंड देखाउँछ। स्वामी ! यदि मुसाहरूले फालीहरू खानसक्छन् भने बाजहरूले पनि बालकहरूलाई टिपेर लैजान सक्छन्। यदि खान सक्दैनन् भने बाजहरूले पनि त्यसलाई लैजान सक्दैनन्। यसले फालीहरू मुसाहरूले खाए भनी भन्दछ। फालीहरू मुसाले खाएको हो वा होइन

भन्ने कुरा पनि विचार गर्नुहोस् । मेरो झगडाको निसाफ गरिदिनु होस् ।"

बोधिसत्वले सोचे—"यसले सठलाई प्रतिसठगरी जितने कुरा सोचेको होला ।"

यो बुझेर "तिमीले राम्रं सोच्यौ" भनी भन्दै बोधिसत्वले यो गाथा भने—

१. "सठस्स साठेय्यमिदं सुचिन्तितं,
पच्चोड्डितं पतिकूटस्स कूटं ।
फालञ्चे अदेय्युं मूसिका,
कस्मा कुमारं कुलला नो हरेय्युं ।।"

२. "कूटस्स हि सन्ति कूटकूटा,
भवति चापि निकतिनो निकत्या ।
देहि पुत्तनट्ठ फालनट्ठस्स फालं,
मा ते पुत्तमहासि फालनट्ठो'ति ।।"

अर्थ—

१–"सठलाई सठताले नै र टेढोलाई टेढोपनले नै व्यवहार गर्ने जुन कुरा तिमीले सोच्यौ त्यो सोचाइ राम्रं हो । यदि मुसाले फाली खानसक्छ भने बाजले बालकलाई किन हरण गर्न सक्दैन ?

२–"यस लोकमा झेली काम गर्नेसँग झेलाहा गरी काम गर्ने मानिसहरू पनि छन् । त्यस्तै ठगलाई ठगने मानिसहरू पनि यो लोकमा

छन् । हे पुत्रनष्ट ! फाली विनाश हुनेको फालीहरू देऊ; फालीको कारणमा पुत्र नष्ट नपार ।"

"स्वामी ! यदि मेरो छोरा दिन्छ भने म पनि यसका फालीहरू दिनेछु ।"

"स्वामी ! यदि मेरा फालीहरू दिन्छ भने यसको छोरा पनि दिनेछु ।"

यसरी पुत्र नष्ट हुनेले पुत्र र फालीहरू नष्ट हुनेले फालीहरू पाई दुवैजना यथाकर्मानुसार गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको छेलाहा ब्यापारी अहिलेको छेलाहा ब्यापारी नै थियो र पण्डित ब्यापारी पनि पण्डित ब्यापारी नै थियो । विनिश्चय अमात्य भने म नै थिएँ" भनी भन्नुभयो ।

१९. मच्छुद्दान जातक (२८८)

"अग्घन्ति मच्छा'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक झेलाहा व्यापारीको कारणमा बताउनु भएको हो।

वर्तमान कथा माथि उल्लेख भए जस्तै हो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा एक कुटुम्बिकको कुलमा जन्मेका बोधिसत्वले उमेर पुगेपछि कुटुम्बको स्थापना गरे। उनको एक कान्छो भाइ पनि थियो। पछि उनीहरूको बाबु मर्‍यो। एकदिन उनीहरू बाबुको व्यवहार सिध्याउन अर्थात् आसामी उठाउन भनी एउटा गाउँमा गई एकहजार कार्षापण लिई आइरहेको बेलामा गंगाको तीरमा डुंगाको प्रतीक्षा गरेर बसदा

१. जा. पा. I. पृ. ८०: मच्छुद्दानजातकं, नं. २८८, अ. क. I–II. पृ. ६५८.

पोकोको भात खाए। बढता भएको भात बोधिसत्वले गंगाका माछा-हरूलाई दिई त्यो पुण्य नदीदेवतालाई दिए। देवताले पनि पुण्य अनुमोदन गरी दिव्यसम्पत्तिद्वारा अभिवृद्धि भएपछि आफ्नो अभिवृद्धिको कारण विचारगरी हेर्दा उक्त कारण देखे। बालुवामाथि पछ्यौरा फिजाई लेटिरहेको बेलामा बोधिसत्व भुसुक्क निदाए।

उनको कान्छो भाइको चाहिं चोर्ने बानी थियो। उसले त्यो कार्षापण बोधिसत्वलाई नदिई आफैंले मात्र लिने विचार गरी त्यो कार्षापणको पोको जस्तै गरी केही गीर्खाको पोको बनाई दुवै पोको एकै ठाउँमा राख्यो। उनीहरू डुंगामा बसी गंगाको बीचमा गइरहेको बेलामा कान्छोले डुंगामा अल्झेको जस्तो गरी "गीर्खाको पोको पानीमा खसाल्नेछु" भन्ने विचार गरी खसाल्दा हजारको पोको खसाली "दाइ ! हजारको पोको पानीमा खस्यो अब के गर्ने ?" भनी भन्यो।

"पानीमा खसेपछि के गर्ने त ? भइहाल्यो चिन्ता नगर" भनी भने।

नदी देवताले सोच्नथाले—"यिनले दिएको पुण्य अनुमोदन गरी मेरो दिव्यसम्पत्ति अभिवृद्धि भयो। यिनको धन रक्षा गर्नेछु" भनी आफ्नो प्रभावद्वारा एउटा ठूलो मुख भएको माछालाई सो पोको निल्न लगाई स्वयंले उसको रक्षा गरे।

त्यो चोर घरमा पुगेर "दाइलाई मैले छकाएँ" भन्दै पोको फुकाली हेर्दा गीर्खाहरू देख्दा छाती सुकी खाटको खुट्टा समाती सुत्यो।

त्यसबखत माझीहरूले माछा मार्नकोनिमित्त जाल फ्याके। त्यो माछा देवताको प्रभावद्वारा जालमा पऱ्यो। माझीहरू त्यो माछा बेच्नकोनिमित्त नगरमा गए। ठूलो माछा देखेर मानिसहरूले मोल सोधे। माझीहरूले "एकहजार र सातमासा दिएर लेऊ" भनी भने।

"हजार जाने माछा पनि देखियो" भन्दै मानिसहरूले हस्सी उडाउन थाले।

माछा लिएर गएका माझीहरूले बोधिसत्वको घरको दैलोमा पुगेर "यो माछा लेऊ" भनी भने।

"यसको मोल कति हो त?"

"सातमासा दिएर लेऊ।"

"अरूलाई दिंदा कतिले दिएका थियौ त?"

"अरूलाई दिंदा एकहजार र सातमासाले दिएका थियौं। तिमीले चाहिं सातमासा मात्र दिएर लेऊ" भनी भने।

उनीहरूलाई सातमासा दिई माछा भार्याकहाँ पठाए। उसले माछाको पेट चीर्दा एकहजारको पोको देखेर बोधिसत्वलाई भनी। सो पोको हेरी आफ्नो छाप देखेर आफ्नो भनी बुझी "अहिले यी माझीहरूले यो माछा अरूलाई दिंदा एकहजार र सातमासा भनेका थिए। हामीलाई दिंदा चाहिं एकहजार आफ्नै भएको हुनाले सातै मासा लिएर दिए। यो भेद नजान्ने कसैलाई पनि यो कुरा विश्वास गराउन सकिने छैन" भन्ने सोचेर यो पहिलो गाथा भने—

"अग्घन्ति मच्छा अधिकं सहस्सं,
न सो अत्थि यो इमं सद्दहेय्य ।
मय्हञ्च अस्सु इध सत्तमासा,
अहम्पि तं मच्छुदानं किणेय्य'न्ति ।।"

अर्थ—

"एकहजार जाने माछा भन्ने कुरा विश्वास गर्ने मानिसहरू यहाँ विरलै होलान् । तर मेरो लागि चाँहि सातमासा मात्र भयो । माछाहरूलाई दिएको दानको प्रभावले नै मैले सातमासामा किन्नसकेकोहुँ ।"

यति भनी फेरि यस्तो सोचे—"के कारणले मैले यी कार्षापणहरू पाएको रहेछु ।" त्यतिखेरै नदी-देवता अदृश्यरूपले आकाशमा उभिई "म गंगा-देवता हुँ । तिमीले बढता भएको भात माछाहरूलाई दिई मलाई पुण्य दिएका थियौ । त्यसैले मैले तिम्रो धन रक्षागर्दै आएको हुँ" भन्दै सो कुरा दर्शाउँदै यो गाथा भने—

"मच्छानं भोजनं दत्वा मम दक्खिणमादिसी ।
तं दक्खिणं सरन्तिया कतं अपचितं तया'ति ।।"

अर्थ—

"माछाहरूलाई भोजन दिई तिमीले मलाई पुण्य दियौ । सोही पुण्यको संस्मरण गरी तिमीलाई सत्कार गरेको हुँ ।"

यति भनी सो देवताले उनको भाइले छलकपट गरेको कुरा जम्मै बताई "अब उ छाती सुकाउँदै सुत्दैछ र त्यस्ता दुष्टचित्त हुनेको कहील्यै अभिवृद्धि हुन सक्दैन । मैले चाहिं तिम्रो हकको धन ल्याइदिएँ । यो तिम्रो चोर कान्छोलाई नदिई सबै तिमीले नै लेऊ" भनी भन्दै तेश्रो गाथा भने—

"पदुट्ठचित्तस्स न फाति होति,
न चापि नं देवता पूजयन्ति ।
यो भातरं पेत्तिकं सापतेय्यं,
अवंचयी दुक्कतकम्मकारी'ति ।।"

अर्थ—

"जो दुष्ठ कामगर्ने भाइले दाइलाई पैतृक सम्पत्तिमाथि छलकपट गऱ्यो । त्यस्ता प्रदुष्टचित्त हुनेको अभिवृद्धि इहलोक र परलोकमा हुन सक्दैन ।"

मित्रद्रोही भाइलाई कार्षापण नदिलाउने विचारले देवताले उक्त गाथा प्रकट गरेका हुन् ।

"यसो गर्न सकिन्न" भनी बोधिसत्वले उसलाई पनि पाँचशय कार्षापण पठाइ नै दिए ।

शास्ताले यो देशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक

समाधान गर्नुभयो । सत्यकुराको अवशानमा ब्यापारी स्रोतापत्तिफलमा प्रतिष्ठित भयो ।

"त्यसबखतको कान्छो भाइ अहिलेको ठेलाहा ब्यापारी थियो र जेठो दाइ चाहिं म नै थिएं" भनी भन्नुभयो ।"

२०. सुनख जातक(२४२)

"बालोवतायं सुनखो'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले अम्बलकोट्ठक-आसनशालामा भात खाने एक कुक्कुरको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

उ जन्मेपछि एक पानी वसार्ने मानिसले लिई उसलाई पाल्यो । पछि उ त्यहाँ भात खाँदा खाँदा मोटो भयो । अनि एकदिन एक गाउँले मानिस त्यस ठाउँमा आइपुग्यो र कुक्कुरलाई देखेर पानी वसार्ने मानिसलाई पछ्यौरा तथा कार्षापण दिई सिक्रीले बाँधी उसले कुक्कुर लग्यो । लिएर जाँदा कुक्कुरले भुक्यो । दिए दिएको खाई पछि पछि लागी गयो । अनि सो पुरुषले "अब यसले मलाई प्यार गर्नेछ" भनी सिक्री फुकालिदियो । छाडिदिने बित्तिकै उ एकै बेगले आसनशालामै आइपुग्यो ।

---

१. जा. पा. I. पृ. ६२: सुनखजातकं, नं. २४२, अ. क. I–II. पृ. ५४४.

उसलाई देखेर तथा उसले गरेको कुरा जानेर भिक्षुहरूले संध्यासमयमा धर्मसभामा कुरा उठाए—"आवुसो ! आसनशालाको कुक्कुर बन्धनबाट मुक्त हुनमा चलाक रहेछ। छाडिदिने बित्तिकै फेरि फर्केर आयो।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र यो कुक्कुर बन्धनबाट मुक्त हुन चलाक होइन अघि पनि चलाक नै थियो" भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा काशीदेशमा भोगसम्पत्ति भएको एक कुलमा जन्मेका बोधिसत्वले उमेर पुगेपछि घरगृहस्थी बसाले। त्यसबखत बाराणशीमा एक मानिसको एक कुक्कुर थियो। उ गाँस गाँस भात खाई मोटाएको थियो। अनि एक गाउँले मानिस बाराणशीमा आयो। कुक्कुरलाई देखेर उसले त्यो मानिसलाई पछ्यौरा तथा कार्षापण दिई कुक्कुर लिई छालाको डोरीले बाँधी डोरीको टुप्पो समाती जाँदा जाँदै एक जंगलको छेउको एक शालाभित्र पसी कुक्कुरलाई बाँधी फल्याकमा सुत्यो र निदायो। त्यसबखत कुनै कामले जंगलमा गएको बेलामा त्यो कुक्कुरलाई डोरीले बाँधेको देखेर बोधिसत्वले पहिलो गाथा भने—

"बालो वतायं सुनखो यो वरत्तं न खादति ।
बन्धना च मुञ्चेय्य असितो च घरं वजे'ति ।।"

अर्थ—

"यो कुक्कुर मूर्ख रहेछ जसले छालाको डोरी खाएन । यदि खाएको भए बन्धनबाट मुक्तभई सन्तोषपूर्वक घरमा पनि पुग्ने थियो ।"

यो सुनेर कुक्कुरले दोस्रो गाथा भन्यो—

"अट्ठितं मे मनस्मिं मे अथोमे हदयेकतं ।
कालं च पतिकंखामि याव पस्सुपतु जनो'ति ।।"

अर्थ—

"तिमीले भने जस्तै मैले पनि अधिष्ठान गरेको छु, मनमा पनि राखेको छु तथा तिम्रो कुरालाई पनि हृदयंगम गर्नेछु । तर मानिसहरू नसुतुञ्जेलसम्म समय पर्खिरहेको छु ।"

यति भनेर मानिसहरू निदाएपछि डोरी चपाएर चुडाली भागी सन्तोषपूर्वक उ आफ्नै मालिकको घरमा गयो ।

शास्ताले यो देशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको कुक्कुर अहिलेकै कुक्कुर थियो र पण्डितपुरुष चाहिं म नै थिएँ" भन्नुभयो ।

२१. पुटदूसक जातक (२८०)

"अद्धाहि नून मिगराजा'ति...[1]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक पुटदूषक (=दूना बिगार्ने) को कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीका एक अमात्यले बुद्धसहित संघलाई निम्त्याई उदयानमा बसाली दानदिन थाले । भोजन समयको बीचमा "उदयानमा घुम्न चाहनेहरू उदयानमा घुम्नुहोस्" भनी भने । भिक्षुहरू उदयानमा घुम्न गए । त्यसबखत पातहरूले सुसम्पन्न एक रुखमा चढी ठूला ठूला पातहरू टिप्दै उदयानपालले "यो फूल राख्नलाई हुनेछ, यो फल राख्नलाई हुनेछ" भन्दै दूना बनाई रुखमनि खसाल्थ्यो । जति दूना खसाल्थ्यो त्यति नै दूना उसको सानो छोराले बिगार्दथ्यो । भिक्षुहरूले यो देखेर

१. जा. पा. I. पृ. ७७: पुटदूसकजातकं, नं. २८०, अ. क. I–II. पृ. ६३८.

भगवान्‌लाई सुनाए । अनि शास्ताले “भिक्षुहो ! अहिले मात्र यसले दूना बिगारेको होइन अघि पनि यसले दूना बिगारेकै थियो” भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बाराणशीको एक कुलमा जन्मेका बोधिसत्व उमेर पुगेपछि घरगृहस्थीमा बसी एकदिन कुनै कामले उद्यानमा गए । त्यहाँ बाँदरहरू बस्दथे । उद्यानपालले उपरोक्ताकारले नै दूना रुखमनि खसाल्दथ्यो । जेठो बाँदरले खसाले खसालेका दूनाहरू बिगारिदिन्थ्यो । उसलाई सम्बोधन गर्दै बोधिसत्वले “उद्यानपालले खसाले खसालेका दूनाहरू बिगारी त्योभन्दा राम्रो दूना बनाउन चाहन्छौ भन्ने ठान्दछु” भन्दै पहिलो गाथा भने—

“अद्धा हि नून मिगराज पुटकम्मस्स कोविदो ।
तथाहि पुटं दूसेति अञ्ञं नून करिस्सती’ति ।।”

अर्थ—

“हे मृगराज ! अवश्य पनि तिमी दूना बनाउनमा सिपालु होउला । अर्को दूना बनाउनेछु भनी दूना बिगारेका होलाउ, होइन ?”

यो सुनेर बाँदरले दोस्रो गाथा भन्यो—

"न मे पिता वा माता वा पुटकम्मस्स कोविदो ।
कतं कतं खो दूसेम एवं धम्ममिदं कुल'न्ति ।।"

अर्थ—

"मेरा आमा वा बाबु दूना बनाउनमा सिपालु छैनन् । बनाए बनाएकोलाई बिगार्नु नै यो कुलको धर्म हो ।"

यो सुनेर बोधिसत्वले तेस्रो गाथा भने—

"येसं वो एदिसो धम्मो अधम्मो पन कीदिसो ।
मा वो धम्मं अधम्मं वा अद्दसाम कुदाचन'न्ति ।।"

अर्थ—

"जसको धर्म नै यस्तो छ भने त्यस्ताको अधर्म फन् कस्तो होला ? तिम्रो यो धर्म र अधर्मलाई कहीं देख्न नपरोस् ।"

यति भनी बाँदरलाई निन्दा गरी बोधिसत्व फर्केर गए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको बाँदर दूना बिगार्ने केटो थियो र पण्डित पुरुष चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

---

२२. कल्याणधम्म जातक(१७१)

"कल्याणधम्मो'ति ... १" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक बहिरीसासूको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

श्रावस्तीमा श्रद्धासम्पन्न, त्रिशरणागत तथा पञ्चशील सम्पन्न एक कुटुम्बिक थियो । एकदिन उ धेरै घिउ आदि औषधीहरू र पुष्पगन्ध वस्त्रादि लिई "जेतवनमा शास्ताकहाँ धर्मश्रवण गर्नेछु" भनी गयो ।

त्यो त्यहाँ गइरहेको बेलामा सासू खाद्यभोज्य वस्तुहरू लिई छोरी हेर्नकोनिमित्त उसको घरमा गई । उ चाहिं केही बहिरी स्वभावकी थिई । छोरीसँग खाइपिइ गरी भातलागेको हटाउनकोनिमित्त छोरीसँग कुराकानी गर्दै उसले सोधी—

१. जा. पा. I. पृ. ४०: कल्याणधम्मजातकं, नं. १७१, अ. क. I–II. पृ. ४२२.

"अम्मे ! तिम्रो पति तिमीसँग मिलीजुली प्रसन्नभई झगडा नगरी प्रेमपूर्वक बस्छ के ?"

"आमा ! के भन्नुभएको ? जस्तै तपाइका जवाँई शीलद्वारा र आचारद्वारा सुसम्पन्न छन् त्यस्तै सुसम्पन्न प्रव्रजित पनि पाउन दुर्लभ छ।"

उसले छोरीको वचनलाई राम्ररी ध्यान नदिई केवल "प्रव्रजित" भन्ने शब्द एउटा मात्र सुनी "अम्मे ! किन तिम्रा पति प्रव्रजित भए ?" भनी चिच्याउन थाली। यो सुनेर घरका सबै मानिसहरूले "हाम्रा कुटुम्बिक प्रव्रजित भए" भन्दै चिच्याउन थाले। अनि दैलोनिरबाट गइरहेका मानिसहरूले "यो के कुरा हो ?" भनी सोधे।

"यो घरका कुटुम्बिक प्रव्रजित भए" भनी भने।

त्यो कुटुम्बिक पनि दशबलकहाँ धर्म सुनी विहारबाट निस्की नगरभित्र गयो। अनि उसलाई बाटाको बीचमा एक मानिसले देखेर "सौम्य ! तिमी त प्रव्रजित भयौ भन्दै तिम्रा घरका पुत्रदार आदि सबै परिजनहरू रुँदै छन्" भनी भन्यो। अनि उसलाई यस्तो लाग्यो—

"यसले अप्रव्रजित भएकोलाई पनि प्रव्रजित भयो भनी भन्दछ। मेरो कल्याणशब्द उत्पन्न भयो। यसलाई बिलाएर जानदिन हुन्न। आजै म प्रव्रजित हुनेछु।"

यति सोची उ उहींबाटै फर्केर शास्ताकहाँ पुग्दा "उपासक ! भरखरै मात्र बुद्धोपस्थानबाट फर्केर फेरि आयौ नि, के भयो ?" भनी

सोध्नुहुँदा उसले उक्त कुरा बताउँदै "भन्ते ! उत्पन्न भएको कल्याणकीर्ति शब्दलाई बिलाएर जानदिनु हुन्न । त्यसैले प्रव्रज्या हुने इच्छागरी आएको हुँ" भनी भन्यो ।

अनि प्रव्रज्या र उपसम्पदा पाई राम्ररी प्रतिपन्न भई चिरकाल नबित्दै उसले अरहत्व प्राप्तगऱ्यो ।

यो कुरा भिक्षुसँघको बीचमा पनि प्रकट भयो । अनि एकदिन धर्मसभामा कुरा चल्यो—"आवुसो ! फलाना कुटुम्बिक 'उत्पन्न भएको कल्याणशब्दलाई बिलाएर जानदिन हुन्न' भनी प्रव्रजित भई अहिले उसले अरहत्व पनि प्राप्तगऱ्यो ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहां तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! पुराना पण्डितहरूले पनि 'उत्पन्न भएको कल्याणशब्दलाई लोप गर्नदिन हुन्न' भनी प्रव्रजित नै भएका थिए" भनी भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा एक श्रेष्ठीकुलमा जन्मेका बोधिसत्वको वँश पुग्दा बाबु खसेपछि उनले श्रेष्ठीस्थान प्राप्तगरे । एकदिन उनी घरबाट निस्की राजाको उपस्थानमा गए । अनि उनकी सासू 'छोरीलाई हेर्नछु' भनी

घरमा गई । उ चाहिं केही बहिरो स्वभावकी थिई । सबै कुरा वर्तमान कुरामा नस्तै हो ।

राजाको उपस्थान गरी आफ्नो घर फर्किरहेको बेलामा एक मानिसले "तपाइ प्रव्रजित हुनुभयो भनी तपाइको घरमा महाविलाप भइरहेछ" भनी भन्यो ।

बोधिसत्वले "कल्याणशब्द उत्पन्न भयो । यसलाई विलाएर जानदिन हुन्न" भनी सोची उहींबाटै फर्केर राजाकहाँ जाँदा राजाले "महाश्रेष्ठी ! किन भरखरै गई फेरि फर्केर आएका ह्वौ ?" भनी सोध्दा "देव ! घरका मानिसहरू अप्रव्रजित भएकोलाई नै प्रव्रजित भयो भन्दै महाविलाप गर्दैछन् रे ! मेरो कल्याणशब्द उदय भयो । यसलाई बिलाएर जानदिन हुन्न । म प्रव्रजित हुन चाहन्छु । मलाई प्रव्रज्याको अनुमति दिनुहोस्" भनी भन्दै सो कुरा प्रकट गर्नको लागि यी गाथाहरू भने—

१. "कल्याण धम्मो'ति यदा जनिन्द,
लोके समञ्ञा अनुपापुणाति ।
तस्मा न हीयेथ नरो सपञ्ञो,
हिरियापि सन्तो धुरमादियन्ति ।।

२. "सायं समञ्ञा इध मज्ज पत्ता,
कल्याण धम्मो'ति जनिन्द लोके ।
ताहं समेक्खं इध पब्बजिस्सं,
नहि मत्थि छन्दो इध कामभोगे'ति ।।"

अर्थ –

१–" हे राजन् ! जब लोकमा कल्याणधर्म भन्ने सम्मत पाउँछ तब प्रज्ञावान् पुरुषले त्यसलाई बिलाएर जानदिन हुन्न । लज्जाको कारणले भए पनि त्यसलाई पूरा गर्नुपर्छ ।

२–" हे राजन् ! जो कल्याणधर्म भन्ने लोकसम्मत हो सो आज मलाई उत्पन्न भयो । यही कारणलाई विचार गरी म प्रव्रजित हुन चाहन्छु, यस लोकको कामविषयहरूमा मेरो इच्छा छैन ।"

यति भनी राजाबाट प्रव्रज्याको अनुमति प्राप्तगरी हिमालप्रदेश-तिर गई ऋषिभेष अनुसार प्रव्रजितभई अभिज्ञा र समापत्तिहरू लाभ गरी बोधिसत्व ब्रह्मलोकपरायण भए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

" त्यसबखतका राजा आनन्द थिए र बाराणसीश्रेष्ठी चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

२३. कायविच्छिन्द जातक (२९३)

"फुट्ठस्स मे'ति...¹" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक पुरुषको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

पण्डुरोगले पीडित श्रावस्तीमा एक पुरुष थियो । वैद्यहरूले औषधी गर्न नसक्ने कुरा बताइसकेका थिए र उसका पुत्रदारहरूले पनि "यसको को सेवा गर्न सक्छ ?" भनी सोचेका थिए ।

अनि उसलाई यस्तो लाग्यो "यदि म यो रोगबाट बचनसके प्रव्रजित हुने थिएँ" अनि केही दिन पछि केही अनुकूल पथ्य पाएर निरोगी भई जेतवनमा गई उसले प्रव्रज्या माग्यो । शास्ताकहाँबाट प्रव्रज्या र उपसम्पदा पाई चिरकाल नबित्दै उसले अरहत्व प्राप्तगऱ्यो ।

---

१. जा. पा. I. पृ. ८२: कायनिब्बिन्दनजातकं, नं. २९३, अ. क. I–II. पृ. ६६६.

अनि एकदिन धर्मसभामा भिक्षुहरूले कुरा उठाए "आवुसो ! फलाना पण्डुरोगी पुरुष रोगबाट बच्नसके प्रव्रजित हुनेछु भनी प्रव्रजित पनि भयो र अरहत्व पनि प्राप्तगऱ्यो ।"

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! यसले मात्र होइन अघिका पण्डितहरूले पनि यस्तै भनी रोग निको भएपछि प्रव्रजित भई आफ्नो अभिवृद्धि नै गरेका थिए" भन्नुहुँदै पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व ब्राह्मणकुलमा जन्मी बैंश पुगेपछि कुटुम्ब संस्थापना गरी बसिरहेको बेलामा उनलाई पाण्डुरोग लाग्यो । वैदयहरूले पनि जिम्मा लिन सकेनन् र पुत्रदारहरू दुःखी हुन थाले ।

अनि उनले सोचे—"यदि रोगबाट बच्नसकेमा प्रव्रजित हुने थिएँ ।" यति सोचेर पछि केही पथ्यपाई निरोगी भई हिमालयमा गई ऋषि प्रव्रज्यानुसार प्रव्रजित भए । अनि समापत्तिहरू र अभिज्ञा लाभ गरी ध्यानसुखमा बसी "यत्तिका दिनसम्म मैले यस्तो सुख पाएको थिइन" भन्दै उनले उदान प्रकट गरे—

१. "फुट्ठस्स मे अञ्ञतरेन ब्याधिना,
रोगेन बाल्हं दुखितस्स रुप्पतो ।
परिसुस्सति खिप्पमिदं कलेबरं,
पुप्फं यथा पंसुनि आतपे कतं ।।

२. "अजञ्ञं जञ्ञसङ्खातं असुचिं सुचिसम्मतं ।
नानाकुणप परिपूरं जञ्ञरूपं अपस्सतो ।।

३. "धीरत्थु तं आतुरं पूतिकायं,
जेगुच्छियं असुचिं ब्याधि धम्मं ।
यत्थप्पमत्ता अधिमुच्छिता पजा,
हापेति मग्गं सुगतूपपत्तिया'ति ।।"

अर्थ—

१–"अन्ठानब्बे (९८) प्रकारका रोगहरूमध्ये पाण्डुरोगले पीडित भएको म व्याधीले दुःखित थिएँ । तातो बालुवामा राखेको फूल चाँडै सुक्ने झैं यो शरीर पनि चाँडै सुक्ने छ ।

२–"घृणायुक्त शरीर नै बालमूर्खलाई प्रियरूप जस्तो लाग्छ अनि उसले असुचि युक्तलाई सुचियुक्त भनी ठान्दछ । अनेक प्रकारका घृणायुक्त वस्तुहरूले भरिएको रूप भएता पनि बालमूर्खले यसलाई सुन्दर ठान्दछ ।

३–"घृणित वस्तुले भरिएको, जुगुप्सित, अपवित्र तथा व्याधिले परिपूर्ण भएको त्यो शरीरलाई धिक्कार छ। त्यसमा मोहित हुने र आसक्त हुने प्रजाहरूले सुगति जाने बाटोलाई गुमाउँछन्।"

यसरी बोधिसत्वले नानाप्रकारका असुचि र घृणायुक्त वस्तुलाई नित्य हेरी शरीरबाट विरक्त भई जीवनभर चार ब्रह्मविहारलाई भाविता गरी बोधिसत्व ब्रह्मलोकपरायण भए।

शास्ताले यो धर्मदेशना ल्याउनुभई सत्यकुरा प्रकाशपारी जातक समाधान गर्नुभयो। त्यसबखत धेरै मानिसहरूले स्रोतापत्तिफल प्राप्तगरे।

"त्यसबखतको तपस्वी म नै थिएँ" भनी भन्नुभयो।

२४. बाहिय जातक (१०८)

"सिक्खेय्य सिक्खितब्बानी'ति…[१]" भन्ने यो गाथा वैशालीको आश्रय भएको महावनको कूटागारशालामा बसिरहनुभएका शास्ताले एक लिच्छवीको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

सो लिच्छवी राजा श्रद्धावान् थिए र बुद्धसहित भिक्षुसंघलाई निम्त्याई आफ्नो घरमा यिनले महादान दिए। उनकी भार्याको अंगप्रत्यंग ठूलठूला थिए। मरेर फुलेको शरीर जस्तो देखिने र बेढँगकी थिइन्। भोजनकृत्य सिद्धिएपछि अनुमोदन गरी विहारमा गई भिक्षुहरूलाई अववाद दिई शास्ता गन्धकुटीमा पस्नुभयो। धर्मसभामा भिक्षुहरूले कुरा निकाले—"आवुसो! त्यस्तो सुन्दर लिच्छवी राजाकी भार्या भने त्यस्ती बेढँगकी छिन्। कसरी उनले उनीसँग अभिरमण गर्छन् होला?"

---

१. जा. पा. I. पृ. २५: बाहियजातकं, नं. १०८, अ. क. I–II. पृ. ३१०.

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोध्नुहुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! यिनले अहिले मात्र होइन अघि पनि मोटी शरीर भएकी स्त्रीसँग अभिरमण गरेका थिए" भनी भन्नुहुँदा उनीहरूले सो कुरा बताउनहुन प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व उनको अमात्य भएका थिए । अनि एक जानपदिक मोटी शरीर र बेढँगकी स्त्री ज्यामी कामगर्दै राजांगणको नजिक गइरहेकी बेलामा दिसा लागेर ओढेको कपडाले शरीर ढाकी दिसा बसी र चाँडै नै उठी । त्यसबखत बाराणशीका राजाले झ्यालमा बसी राजांगणतिर हेरिरहेको बेलामा उसलाई देखेर सोच्न थाले—"यस्तो आँगनमा लज्जा भय नछाडी पछ्यौराले शरीर ढाकी दिसा बसी यो चाँडै नै उठी । यसो हुनाको कारण यसको निरोगीता नै हुनुपर्छ । यसको गर्भ परिशुद्ध हुनुपर्छ । परिशुद्ध गर्भबाट एक बालक जन्माउनसके परिशुद्ध पुण्यवान् हुनसक्छ । यसलाई मैले अग्रमहिषी बनाउनु पर्‍यो ।"

यति सोची उ कसैको भएकी छे वा छैन भन्ने कुरा बुझी आज्ञादिई अग्रमहिषी स्थानदिए । उसलाई उनले प्यार गर्थे र मन पनि पराउँदथे । अनि चिरकाल नबित्दै उसले एक पुत्र जन्माई । उसको त्यो पुत्र चक्रवर्ती राजा भयो ।

यो पुत्रसम्पत्ति देखेर बोधिसत्वले राजालाई केही भन्ने मौका पाएपछि यसो भने—

"देव ! सिक्नुपर्ने शिल्प भनेको किन नसिक्नु ? जहाँ कि यो महापुण्यवतीले लज्जा र भय नछाडी शरीर ढाकी दिसा बस्दाबस्दै तपाइको मन प्रसन्न पारिन् र यस्तो सम्पत्ति प्राप्तभयो" यसरी सिक्नुपर्ने कुराको वर्णना गर्दै बोधिसत्वले यो गाथा भने—

"सिक्खेय्य सिक्खितब्बानि सन्ति सच्छन्दिनो जना ।
बाहिया हि सुहन्नेन राजानमभिराधयी'ति ।।"

अर्थ—

"सिक्नुपर्ने शिल्प सिक्नैपर्छ, मनुष्यहरूमा सिक्न चाहने मानिस-हरू पनि छन् । लज्जा र भयलाई नत्यागी कपडाले शरीर ढाकेर दिसा बस्ने गाउँलेले राजालाई प्रसन्न पारी ।"

यसरी महासत्वले सिक्नुपर्ने शिल्पको गुण बताए ।

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतका पतिपत्नी अहिलेका पतिपत्नी नै थिए र पण्डित अमात्य चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

२५. नक्खत्त जातक(४९)

"नक्खत्तं पतिमानेन्त'न्ति...[1]" भन्ने यो गाथा जेतबनमा बसिरहनुभएका शास्ताले एक आजीवकको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

श्रावस्तीकी एक कुलकुमारीलाई जनपदवासी एक कुलपुत्रले आफ्नो पुत्रको लागि माग्यो। "अमुक दिनमा लिन आउनेछु" भनी दिन पक्का गरी त्यो दिन आइपुगेपछि आफ्नो कुलघरमा आउने एक आजीवकसँग सोध्यो "भन्ते! आज हामी एक मंगलकार्य गर्दैछौं। नक्षत्र राम्रो छ के?"

उसले "यसले अघि नसोधी दिन पक्का गरी अहिले आएर मसँग सोध्छ। हुनदिऊ, उसलाई मैले गर्न जानेको छु" भनी रिसाई

१. जा. पा. I. पृ. १३: नक्खत्तजातकं, नं. ४९, अ. क. I–II. पृ. १९१.

"आज नक्षत्र राम्रो छैन, आज मंगल नगर। यदि गऱ्यो भने महाविनाश हुनेछ" भनी भन्यो। उसको कुरामा विश्वास गरी त्यो घरका मानिसहरू त्यसदिन गएनन्।

उता नगरवासी मानिसहरूले सबै मंगलकार्य तयार गरी उनीहरू नआएको देखेर "उनीहरूले आजको दिन पक्का गरेका थिए। तर आएनन्। हामीहरूको धेरै खर्च भइसक्यो। उनीहरूले के गर्न सक्लान् र? हाम्री छोरी अरूलाई दिनेछौं" भनी तयार गरिएको मंगलकार्यबाटै छोरी अरूलाई दिएर पठाए।

अर्को दिनमा आएर "हामीलाई छोरी देऊ" भनी उनीहरूले भने। अनि श्रावस्तीवासीहरूले "जनपदवासी तिमी गृहस्थीहरू चाहिं अधर्मी ह्वौ। दिन पक्का गरी हामीलाई अपमान गरी तिमीहरू आएनौ। अब जुन बाटोबाट आएको हो त्यही बाटैबाट फर्केर जाओ। हामीले केटी अरूलाई दिइसक्यौं" भन्दै निन्दागरे। नगरवासीहरूसँग झगडागरी जुन बाटो आएको हो त्यही बाटैबाट उनीहरू फर्केर गए।

त्यो आजीवकले उनीहरूको मंगल कार्यमा बिघ्न पुऱ्याइदियो भन्ने कुरा भिक्षुहरूको बीचमा प्रकट भयो। धर्मसभामा बसिरहेका ती भिक्षुहरू "आवुसो! आजीवकले कुलको मंगलकार्यमा बिघ्न पुऱ्याइ-दियो" भन्ने कुरा गरी बसिरहेका थिए।"

शास्ता आउनुभई "भिक्षुहो! अहिले यहाँ तिमीहरू के कुरा गरी बसेका थियौ?" भनी सोध्नु भएपछि उनीहरूले "यो यो" भनी

भन्दा "भिक्षुहो ! अहिले मात्र यो आजीवकले त्यो कुलको मंगलकार्यमा बिघ्नपारेको होइन अघि पनि रिसाएर यसले त्यो कुलको मंगलकार्यमा बाधा दिएकै थियो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयया बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा नगरवासीले जनपदवासीकी छोरी मागी दिन पक्का गरी आफ्नो घरमा आउने आजीवकसँग "भन्ते ! आज हामीहरूको एक मंगलकार्य छ, नक्षत्र राम्रो छ के ?" भनी सोध्यो ।

"यिनीहरूले आफ्नो इच्छानुसार दिन निश्चय गरी अहिले आएर मसँग सोध्छन्" भनी रिसाई "आज यिनीहरूको मंगलकार्य बिगारि दिनुपर्‍यो" भन्ने सोचेर "आज नक्षत्र राम्रो छैन, यदि गर्‍यौ भने महाविनाश हुनेछ" भनी भन्यो ।

उसको कुरामा विश्वास गरी उनीहरू गएनन् । उनीहरू नआएको बुझी जनपदवासीहरूले "उनीहरू आज दिनभर पनि आएनन् । नआएपछि के गरौं ? उनीहरूले के गर्लान् र ?" भन्दै अरूलाई छोरी दिएर पठाए । अर्को दिनमा आई नगरवासीले केटी माग्यो । जनपद-वासीहरूले "तिमी नगरवासीहरू निर्लज्जी गृहस्थी हौ । दिनभरी पर्खंदा पनि केटी लिन आएनौ । तिमीहरू नआएकाले हामीले अरूलाई केटी दिइसक्यौं" भनी भने ।

"हामीले आजीवकसँग सोध्दा नक्षत्र राम्रो छैन भनेको हुनाले नआएका हौँ; हामीलाई केटी देऊ" भनी भने ।

"तिमीहरू नआएकाले हामीले अरूलाई दिइसक्यौँ । अब दिइसकेकालाई कसरी फेरि फर्काउने ?"

यसरी उनीहरू परस्पर कलह गरिरहेको बेलामा एक नगरवासी पण्डितपुरुष एउटा कामले जनपदमा गएको थियो । उनीहरूमध्ये नगरवासीले हामीले आजीवकसँग सोध्दा नक्षत्र राम्रो छैन भनी भनेको हुनाले नआएका हौँ" भनी कराइरहेको सुनेर "नक्षत्रको के मतलब छ ? केटी पाउनु नै नक्षत्र होइन र ?" भनी भन्दै यो गाथा भन्यो—

"नक्खत्तं पतिमानेन्तं अत्थो बालं उपच्चगा ।
अत्थो अत्थस्स नक्खत्तं किं करिस्सन्ति तारका'ति ।।"

अर्थ—

"नक्षत्र मानिरहने मूर्खको काम बिग्र्यो । अर्थसिद्धि हुनु नै नक्षत्र हो भने अरू यी आकाशका ताराहरूले के गर्नेछन् र ?"

नगरवासीहरू कलह गरी केटी नपाइकनै फर्केर गए ।

"भिक्षुहो ! यो आजीवकले अहिले मात्र कुलको मंगलकार्यलाई विघ्न पुऱ्याएको होइन अघि पनि पुऱ्याएकै थियो" भनी भन्नुभई

शास्ताले यो धर्मदेशना ल्याउनुभई प्रसंगमिलाई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको आजीवक अहिलेकै आजीवक थियो । ती कुलहरू पनि अहिलेका कुलहरू नै थिए । गाथा भनेर उभिइरहेको पण्डितपुरुष चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

२६. नङ्गुट्ठ जातक (१४४)

"बहुम्पेतं असब्भि जातवेदा'ति...[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले आजीवकहरूको मिथ्या तपको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

त्यसबखत आजीवकहरू जेतवनको पछाडिपट्टि नानाप्रकारका मिथ्या तप गर्दथे । टुक्रुक्क बस्ने-व्रत, चमेरा-व्रत, काँढामा सुत्ने-व्रत तथा पञ्चाग्निले तप्तपार्ने-व्रत आदि जस्ता मिथ्या तप उनीहरूले गरिरहेको देखेर केही भिक्षुहरूले भगवान्संग सोधे—" भन्ते ! यो मिथ्या तपद्वारा कुनै अभिवृद्धि हुनसक्छ के ?"

शास्ताले भन्नुभयो—" भिक्षुहो ! यसप्रकारको मिथ्या तपद्वारा कुनै कुशल अभिवृद्धि हुन सक्दैन । अघिका पण्डितहरूले 'यसप्रकारको

१. जा. पा. I. पृ. ३२: नङ्गुट्ठजातकं, नं. १४४, अ. क. I–II. पृ. ३६६.

तपद्वारा कुशल वा अभिवृद्धि हुनेछ' भन्ने ठानी आगो लिएर जंगलमा गई अग्निहोत्र आदि गर्दा केही अभिवृद्धि नदेखेपछि पानीले आगो निभाई कसिण-परिकर्म गरी अभिज्ञा र समापत्तिहरू लाभ गरी उनीहरू ब्रह्मलोक परायण भए।"

यति भन्नुभई पूर्वजन्मको कुरा बताउनुभयो।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा बोधिसत्व उदिच्च ब्राह्मण कुलमा जन्मे। उनी जन्मेको दिनमा आमाबाबुहरूले आगो लिएर राखे। अनि उनी सोह्रवर्ष पुगेपछि यस्तो भने—"पुत्र! तिमी जन्मेको दिनमा हामीले आगो लिएका थियौं। यदि घरमा बस्न चाहन्छौ भने तीन वेदहरू अध्ययन गर। यदि ब्रह्मलोकमा जान चाहन्छौ भने आगो लिएर जंगलमा गई अग्निहोत्र गरी महाब्रह्मालाई आराधना गरी ब्रह्मलोक परायण होऊ।"

"मलाई घरवासको काम छैन" भनी अग्नि लिएर उनी जंगल पसी आश्रम बनाई अग्निहोत्र गरी जंगलमा बसे। एकदिन उनले एक प्रत्यन्त गाउँबाट दान पाएको गाई आश्रममा ल्याई सोच्नथाले—"अग्निभगवान्‌लाई गाईको मासु खुवाउनपर्‍यो।" अनि उनलाई यस्तो लाग्यो "यहाँ नुन छैन, अग्निभगवान्‌ले अलिनो खान सक्दैनन् होला।

अतः गाउँबाट नुन ल्याई अग्निभगवान्लाई नुनसहित मासु खुवाउनेछु ।" अनि गाईलाई त्यहीं बाँधी उनी नुनको लागि गाउँमा गए। उनी गइसकेपछि केही व्याधाहरू त्यहाँ आइपुग्दा उनीहरूले गाई देखेर मारी मासु पोलेर खाई पुच्छर, जांघ र छालालाई त्यहीं छाडी बाँकी मासु लिएर गए।

ब्राह्मण फर्केर आउँदा पुच्छर आदि मात्र देखेर सोच्नथाले—"यी अग्निभगवान्ले आफूकहाँ भएको वस्तु त रक्षा गर्न सक्दैनन् भने मलाई कसरी रक्षा गर्न सक्लान्! यो अग्निपूजा निरर्थक रहेछ। यसबाट कुनै कुशल अभिवृद्धि हुने छैन" भनी अग्निपूजाबाट विरक्तभई "भो अग्निभगवान्! आफूकहाँ भएको वस्तु त रक्षा गर्न सक्नुभएन भने मेरो रक्षा कसरी गर्नुहोला? अब मासु त छैन, यत्तिकैले भएपनि सन्तोष हुनुहोस्" भनी पुच्छर आदि अग्निमा राखी यो गाथा भने—

"बहुम्पेतं असब्भि जातवेदं,
यं तं वालधिनाभिपूजयाम।
मंसारहस्स नत्थज्ज मंसं,
नङ्गुट्ठम्पि भवं पटिगण्हातू'ति ॥"

अर्थ—

"हे असभ्य अग्निदेव! जो पुच्छरले म पूजागर्छु त्यो नै धेरै हो भनी ठान्नुहोस्, मासु दिन योग्य त थियो तर अब मासु छैन। अतः तपाइले पुच्छर भएपनि स्वीकार गर्नुहोस्।"

यति भनी महासत्वले पानीले आगो निभाई ऋषिभेष अनुसार प्रव्रजित भई अभिज्ञा र समापत्तिहरू लाभ गरी ब्रह्मलोक परायण भए।

"आगो नीभाउने तपस्वी चाहिं म नै थिएँ" भनी भन्नुभयो।

---

२७. दद्दभ जातक(३२२)

"दद्दभायति भद्दन्ते'ति…[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले एक तैर्थियको कारणमा बताउनु भएको हो ।

वर्तमान कथा

जेतवनको नजिकको यताउति काँढा भएको ठाउँमा तैर्थियहरू सुत्दथे । पञ्चाग्नि तापले तप्तपार्दथे । नानाप्रकारका मिथ्या तप गर्दथे ।

अनि श्रावस्तीमा भिक्षाटन् गरी जेतवनमा केही भिक्षुहरू फर्किरहेको वेलामा बाटाको बीचमा उनीहरूलाई देखेर शास्ताकहाँ गई "भन्ते ! अन्य तैर्थिय श्रमण ब्राह्मणहरूको व्रतमा कुनै सार छ के ?" भनी सोधे ।

शास्ताले "भिक्षुहो ! उनीहरूको व्रतमा कुनै सार वा कुनै विशेषता छैन । त्यसलाई कसीमा घोटी परीक्षा गर्दा फोहोर बाटो जस्तै र खरायोहरूको चिच्चयाहट जस्तै देखिन्छ ।

---

१. जा. पा. I. पृ. ९६: दुद्दुभजातकं, नं. ३२२, अ. क. III. पृ. ५३.

"भन्ते ! हामीले यो चिच्च्याइरहेको आवाज जस्तै हो भन्नुभएको कुरा बुझ्न सकेनौं । अतः सो कुरा बताउनुहोस्" भनी उनीहरूले प्रार्थना गरेपछि पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा सिंहयोनिमा जन्मेका बोधिसत्व उमेर पुगेपछि जंगलमा बसे । त्यसबखत पश्चिमी समुद्रको नजिकमा बेलको रुखहरू सहित तालको बन थियो । त्यहाँ एक खरायो बेलको रुखसँगको एक तालवृक्षको हाँगामनि बस्दथ्यो ।

एकदिन उ चर्दै चर्दै आई तालवृक्षको पातमनि पल्टेर सोच्नथाल्यो—"यदि यो महापृथ्वी पल्टिएमा, कहाँ जाने होला !" त्यसै बेलामा एक पाकेको बेल तालवृक्षको पातमाथि खस्यो । अनि उ त्यो आवाज सुनेर "अवश्य पनि पृथ्वी पल्टिँदै छ" भन्दै उफ्रेर पछाडि पनि नहेरी भागेर गयो । मरणभयले वेगले भागिरहेको उसलाई अर्को खरायोले देखेर सोध्यो—"भो ! किन अति भयभितभई भागिरहेको ?"

"भो ! केही नसोध ।"

"भो ! किन डराएको ?" भन्दै उ उसको पछि पछि लागेर दौडि नै रह्यो । उसले पछि फर्केर नहेरिकनै "यहाँ पृथ्वी पल्टिँदै छ"

भनी भन्यो । उ पनि उसको पछि पछि भागेर नै गयो । यसरी उनीहरू-लाई अर्कोले देख्यो, अर्कोले देख्यो यसरी एकहजार जति खरायोहरू मिली भागेर गए ।

उनीहरूलाई एक मृगले देखी उ पनि उनीहरूसँग लागि भागेर गयो । यौटा सुगुर, यौटा नीलगाई, यौटा भैंसी, यौटा गाई, यौटा गोरु, यौटा बाघ, एक सिंह र एक हात्तीले देखेर "यो के हो ?" भनी सोध्दा "यहाँ पृथ्वी पल्टिदैं छ" भनेको सुनेर उ पनि उनीहरूको पछि लागि भागेर गयो । यसरी क्रमैसित भागेर जाने पशुहरूको बथान एक योजन जति थियो ।

त्यसबखत यो बथान भागेर गइरहेको देखेर "यो के हो !" भनी सोधेपछि "यहाँ पृथ्वी पल्टिदैं छ" भनी भनेको सुनेर बोधिसत्वले सोच्नथाले—"पृथ्वी पल्टिने भनेको कहिल्यै पनि हुंदैन । अवश्यमेव यिनीहरूले केही देखे होलान् । यदि मैले उत्साह गरिन भने यिनीहरू सबै विनाश हुनेछन् । 'यिनीहरूको जीवन दिनेछु' भनी सिंहवेगले अगाडि पर्वतको फेदीमा गई त्यहाँ तीनपटकसम्म सिंहनाद गरे । उनीहरू सिंहको भयले डराई अडेर एक ठाउँमा जम्मा भएर उभिइरहे ।

उनीहरूको बीचमा पसी सिंहले "किन भागिरहेका हौ ?" भनी सोध्यो ।

"पृथ्वी पल्टिदैं छ ।"

"कसले पृथ्वी पल्टेको देख्यो ?"

"हात्तीहरू जान्दछन् ।"

हात्तीहरूसँग सोध्दा उनीहरूले "हामी जान्दैनौं सिंहहरू जान्दछन्" भनी भने। सिंहहरूले "हामी जान्दैनौं बाघहरू जान्दछन्" भनी भने। बाघहरूले "हामी जान्दैनौं, गोरुहरू जान्दछन्" भनी भने। गोरुहरूले पनि गाईहरू जान्दछन्; गाईहरूले भैंसीहरू जान्दछन्, भैंसीहरूले नीलगाईहरू जान्दछन्; नीलगाईहरूले सुगुरहरू जान्दछन्; सुगुरहरूले मृगहरू जान्दछन्; मृगहरूले "हामी जान्दैनौं खरायोहरू जान्दछन्" भनी भनेपछि खरायोहरूसँग सोध्दा "यसले भन्दछ" भन्दै त्यो खरायोलाई देखाए।

अनि उसँग "हो, तिमीले यसरी पृथ्वी पल्टेको देख्यौ ?" भनी सोध्दा उसले "हो, स्वामी ! मैले देखें" भनी भन्यो।

"कहाँ बसेर देख्यौ त ?"

"पश्चिम समुद्र नजिक बेलको रुखहरू भएको तालवृक्षको जंगलमा म बसेको थिएँ। अनि बेलको रुखमनि तालको हाँगाको पातमनि लेटिरहेको बेलामा मैले यस्तो सोच्नथालें 'यदि पृथ्वी पल्टियो भने कहाँ जाने होला ?' अनि त्यसै बेलामा पृथ्वी पल्टिएको आवाज सुनी भागेको हुँ।"

सिंहले (सिंहरूपी बोधिसत्व) सोच्नथाल्यो "अवश्य पनि तालवृक्षको पातमाथि पाकेको बेल खसेर महानशब्द आयो होला। अनि यो त्यो आवाज सुनी 'पृथ्वी पल्टिँदै छ' भन्ने ठानेर भागेको होला। प्रत्यक्षरूपले जान्नेछु" भनी उसले खरायोलाई लिएर महाजनहरूलाई

आश्वासन दिई "म यसले देखेको ठाउँमा गई पृथ्वी पल्टेको हो वा होइन भन्ने कुरा प्रत्यक्ष बुझी फर्केर नआउञ्जेलसम्म तिमीहरू यहीं बसिरहनू" भनी खरायोलाई पिठ्युँमा बसाली सिंहवेगले दौडी तालवनमा खरायोलाई ओह्लाली "आऊ, तिमीले देखेको ठाउँ देखाऊ" भनी भन्यो ।

"स्वामी ! साहस हुन्न ।"

"आऊ, नडराऊ ।"

उ बेलको रुखनिर जान नसकी नजिकैमा उभिई "यही महान आवाज निस्केको ठाउँ हो" भन्दै पहिलो गाथा भन्यो—

"दद्दभायति भद्दन्ते यस्मि देसे वसामहं ।
अहम्पेतं न जानामि किमेतं दद्दभायती'ति ।।"

अर्थ—

"भद्दन्त ! जुन ठाउँमा म बसेको थिएँ सोही ठाउँमा महान आवाज निस्केको थियो । तर मलाई पनि थाहाछैन कि यो केको आवाज हो ।"

यस्तोभन्दा बेलको रुखमनि गई तालवृक्षको पातमनि खरायो सुतेको ठाउँ र तालवृक्षको पातमनि खसेको पाकेको बेल पनि देखेर सिंहले पृथ्वी नपल्टिने कुरा प्रत्यक्षरूपले जानी खरायोलाई पिठ्युँमा बसाली सिंहवेगले चाँडै पशुहरूको समूहमा गई सबै कुरा बताई "तिमीहरू नडराओ" भनी पशुहरूलाई आश्वासन दिई पठाइदिए ।

यदि त्यसबखत बोधिसत्व नभएको भए सबै समुद्रमा खसी नाशहुने थिए । बोधिसत्वको कारणले सबैले जीवन पाए ।

यी गाथाहरू अभिसम्बुद्ध भइसक्नु भएपछि शास्ताले भन्नु-भएको हो ।

१. "बेलुवं पतितं सुत्वा दद्दभन्ति ससो जवि ।
ससस्स वचनं सुत्वा सन्तत्ता मिगवाहिनी ।।

२. "अप्पत्वा पदविञ्ञाणं परघोसानुसारिनो ।
पनादपरमा वाला ते होन्ति परपत्तिया ।।

३. "येच सीलेन सम्पन्ना पञ्ञायुपसमेरता ।
आरका विरता धीरा नहोन्ति परपत्तिया'ति ।।"

अर्थ—

१–" बेल खसेको 'दद्दभ' भन्ने आवाज सुनी खरायो भाग्यो । खरायोको वचन सुनेर डराएका अनेकौं मृगसेनाहरू पनि भागे ।

२–" भनेको कुराको अर्थ नबुझ्नाले र अर्काको घोष अनुसार हाहामा लाग्नाले वालमूर्खहरू प्रभावी हुन्छन् ।

३–" जो शीलवान् हुन्छ र प्रज्ञाद्वारा उपशान्त भई बस्छ त्यस्ता बुद्धिमानी प्रमादबाट दूर रहन्छ र अर्काको कुरा सुनेर अन्धानुकरण गर्दैन ।"

त्यसैले भनिएको हो—

"अस्सद्धो अकतञ्ञू च सन्धिच्छेदो च यो नरो ।
हतावकासो वन्तासो सवे उत्तम पोरिसो'ति ।।"

अर्थ—

"जो मानिस अन्ध श्रद्धाबाट दूर छ, जो नगरेको कामलाई जान्दछ, जसको जन्म-मरणको जोडनी नष्ट छ र जसको सर्वप्रकारका आस्रवहरू दूर छन्—उही उत्तम पुरुष हो ।"

शास्ताले यो धर्मदेशना ल्याउनुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखतको सिंह म नै थिएँ" भनी भन्नुभयो ।

२८. बावेरु जातक (३३९)

"'अदस्सनेन मोरस्सा'ति···[१]" भन्ने यो गाथा जेतवनमा बसिरहनुभएका शास्ताले लाभसत्कार विनाश भएका तैर्थियहरूको कारणमा बताउनु भएको हो।

वर्तमान कथा

बुद्ध उत्पन्न नभएको बेलामा तैर्थियहरू धेरै लाभी थिए। तर बुद्ध उत्पन्न भएपछि उनीहरूको लाभसत्कार सूर्योदयको अगाडि जुनकिरी झैं हराएर गयो। उनीहरूको सो विषय-सम्बन्धमा धर्मसभामा कुरा चल्यो।

शास्ता आउनुभई "भिक्षुहो ! अहिले यहाँ तिमीहरू के कुरा गरी बसिरहेका थियौ ?" भनी सोधनी हुँदा "यो यो" भनी भनेपछि "भिक्षुहो ! अहिले मात्र होइन अघि पनि गुणवान् उत्पन्न नहुञ्जेलसम्म

१. जा. पा. I. पृ. १०४: बावेरुजातकं, नं. ३३९, अ. क. III. पृ. ८७.

निर्गुणीहरूको लाभसत्कार र यश ठूलो थियो । गुणवान्हरू उत्पन्न भएपछि निर्गुणीहरूको लाभसत्कार नष्ट भएर गयो" भनी भन्नुभई पूर्वजन्मको कुरा बताउनु भयो ।

अतीत कथा

अतीत समयमा बाराणशीमा ब्रह्मदत्तले राज्य गरिरहेको बेलामा मयूर योनिमा जन्मेका बोधिसत्व ठूलो भएपछि सोभायमान भई जंगलमा विचरण गर्दथे । त्यसबखत केही ब्यापारीहरू दिशाकौवा[१] लिएर जहाजमा बसी बावेरु देशमा गए । त्यसबखत बावेरु देशमा चराजाति थिएनन् । आए आएका त्यस देशवासीहरूले पिञ्जरामा बसेको सो कौवालाई देखेर "हेर यसको छविवर्ण, घाँटीसम्मको चुच्चो ! मणिका गोली जस्ता आँखाहरू !" भन्दै कौवाको मात्र प्रशंसा गरी ती ब्यापारीहरूसँग भने—"आर्य ! यो चरा हामीलाई दिनुहोस् । हामीलाई पनि यसको कामपर्दछ । तपाइहरूले आफ्नो देशमा अरू पाउन सक्नु हुन्छ ।"

"त्यसोभए मूल्य दिएर लिनुहोस् ।"

"पांच कार्षापण लिई दिनुहोस् ।"

"दिन्नौं ।"

---

१. दिशा-कौवा भनेको दिशाहरू जान्नसक्ने कौवा हो ।

यसरी बढाउँदै "शयले दिनुहोस्" भनेपछि "यो हाम्रोनिमित्त धेरै उपकारी छ। तपाइहरूसँग मित्रता रहोस् भन्ने विचारले दिदैछौं" भनी शय कार्षापण लिएर दिए।

उनीहरूले उसलाई लगी सुवर्णको पिञ्जरामा राखी अनेक-प्रकारका माछा मासु र फलफूलहरू खुवाएर हेरचाह गरे। अरू कुनै चरा नभएको ठाउँमा दश अवगुणयुक्त कौवालाई अग्र लाभसत्कार प्राप्तभयो।

अर्को पटकमा ती व्यापारीहरूले एक मयूर राजालाई चुट्कीको आवाजमा कराउने र हातको तालीको आवाजमा नाच्न सिकाएर बावेरु देशमा लिएर गए। त्यहाँ महाजनहरू मेला भएपछि जहाजको मुख्य ठाउँमा उभिई पखेटा फैलाई मधुर स्वर निकाली उ नाच्यो। उसलाई देखेर मानिसहरू अति प्रसन्न भई—"आर्य! यो सोभायमान र सुशिक्षित चराको राजा हामीलाई दिनुहोस्" भनी भने।

हामीले पहिले एक कौवा ल्याएका थियौं र उसलाई तपाइहरूले लिनुभयो। अहिले एक मयूर राजालाई ल्यायौं। यो पनि माग्नुहुन्छ। तपाइहरूको देशमा चरा लिएर आउन हुँदो रहेनछ।"

"आर्य! हुन दिनुहोस्, तपाइहरूले देशमा अर्को पाउनु हुनेछ। यो हामीलाई दिनुहोस्" भन्दै मोल बढाउँदै एकहजारमा लिए।

अनि उसलाई सात रत्नहरुको बुट्टा बनाइराखेको एउटा पिञ्जरामा राखी माछा मासु, फलफूलहरू तथा मीठो लावा र सक्खर भएको सर्वतद्वारा हेरचाह गरे। मयूर राजालाई अग्र लाभसत्कार उत्पन्न

भयो । अनि उ आएदेखि कौवाको लाभसत्कार हराएर गयो । उसलाई कसैले पनि हेर्न चाहेनन् । खानेकुरा नपाएर कौवा "ववा ववा" गर्दै कराई फोहर फाल्ने ठाउँमा गयो । शास्ताले यी दुइवटा कुरालाई मिलाई अभिसम्बुद्ध भइसक्नु भएपछि यी गाथाहरू भन्नुभएको हो—

१. "अदस्सनेन मोरस्स सिखिनो मञ्जु भाणिनो ।
काकं तत्थ अपूजेसुं मंसेनेव फलेन च ।।

२. "यदा च सरसम्पन्नो मोरो बावेरुमागता ।
अथ लाभो च सक्कारो वायसस्स अहायथ ।।

३. "याव नुप्पज्जति बुद्धो धम्मराजा पभङ्करो ।
ताव अञ्ञे अपूजेसुं पुथु समणब्राह्मणे ।।

४. "यदा च सरसम्पन्नो बुद्धो धम्मं अदेसयि ।
अथ लाभो च सक्कारो तित्थियानं अहायथा'ति ।।"

अर्थ—

१–"शिखा सम्पन्न मञ्जुस्वर भएको मयूरलाई नदेखेसम्म त्यहाँ माछा मासु र फलफूलद्वारा कौवाको सत्कार भयो ।

२–"जब स्वरसम्पन्न मयूर बावेरु देशमा आयो तब कौवाको लाभसत्कार हराएर गयो ।

३–"त्यस्तै गरी जबसम्म धर्मराज प्रभङ्कर बुद्धको लोकमा उत्पन्न भएको थिएन तबसम्म अनेक अरू श्रमण ब्राह्मणहरूको पूजा भयो ।

४–"जब स्वरसम्पन्न बुद्धले धर्मोपदेश गरे तब तैर्थियहरूको लाभसत्कार हराएर गयो ।"

यो चार गाथा भन्नुभई जातक समाधान गर्नुभयो ।

"त्यसबखत कौवा निगण्ठनाटपुत्र थिए । मयूर राजा चाहिं म नै थिएँ" भनी भन्नुभयो ।

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"जातक संग्रह"

भाग–२, संग्रह–१७

नामावली

ख

ग

घ

च

ज

प

ब

य, र

ल

व

श

शब्दावली

प

ष, ह, क्ष

गाथा–सूची

क

ख, ग, ङ, च

त

द

ध, न

लेखकका पुस्तकहरू—

संक्षिप्त बुद्धजीवनी (द्वितीयावृत्ति) ... १/-
धम्मपद (तृतीयावृत्ति) ... १/४०
गृही-विनय (द्वितीयावृत्ति) ... १/-
अग्रश्रावक (अप्राप्य) ...
कसको कुरा सत्य हो ? ...
बुद्धशासनको इतिहास (प्रथम भाग) ... ४/-
पटाचारा स्थविरा चरित ...
अम्वसक्कर प्रेतकथा
सुतनु जातक

बुद्धकालीन ब्राह्मण (अप्राप्य)	भाम–१	(पृ. ५०४)	... ७/-
बुद्धकालीन गृहस्थीहरू	भाग–१	(पृ. ५८१)	... ८/-
बुद्धकालीन राजपरिवार	भाग–१	(पृ. ६६५)	... १०/-
बुद्धकालीन महिलाहरू	भाग–१	(पृ. ५५६)	... ८/-
बुद्धकालीन परिव्राजकहरू	भाग–१	(पृ. ७९६)	... १६/-
बुद्धकालीन श्रावक-चरित	भाग–१	(पृ. ३७८)	... ६/-
बुद्धकालीन श्राविका-चरित	भाग–१	(पृ. १००५)	... २२/-
बुद्धकालीन ब्रह्मादिदेव	भाग–१	(पृ. ६६८)	... १८/-
बुद्धकालीन प्रेतकथा ...		(पृ. ३८२)	... १०/-
बुद्धकालीन विमानकथा ...		(पृ. ४०४)	... १२/-
बुद्धकालीन दशौवटा ग्रन्हथरूको विषय-सूची			... ५/-
बुद्धकालीन ब्राह्मण	भाग–२	(पृ. ६००)	... १५/-
बुद्धकालीन ब्राह्मण	भाग–३	(पृ. ६८०)	... १७/-
बुद्धकालीन गृहस्थीहरू	भाग–२	(पृ. ५९२)	... १५/-
बुद्धकालीन गृहस्थीहरू	भाग–३	(पृ. ६२४)	... १५/-
जापान भ्रमणको डायरी			... ४/-
जातक संग्रह	भाग–१	(पृ. २९६)	... १०/-
जातक संग्रह	भाग–२	(पृ. २४०)	... १०/-

प्रतीक्षामा—

"जातक संग्रह" भाग–३